आर्थिक ऐन २०८१/८२ को लागि NICCI को तर्फबाट प्रस्तावित नीतिहरु

Prepared by:
USAID Trade and Competitiveness

Technical inputs:
South Asia Watch on Trade, Economics and Environment (SAWTEE)

May 2024

Disclaimer: This policy note is made possible by the support of the American People through the United States Agency for International Development (USAID). The contents of this policy notes are the sole responsibility of Deloitte Consulting LLP and do not necessarily reflect the views of USAID or the United States Government. The output of the report is based on consultations and policy dialogues among private sector representatives, government entities and other related stakeholders.

नीतिः १

निर्यात प्रवर्द्धनका लागि महशुल फिर्ता सम्वन्धी नीति, आवश्यकता, औचित्य र नीति प्रस्ताव

१. पृष्ठभूमिः

दिगो, उच्च एवम् धानिन सक्ने आर्थिक बृद्धि सहित सवल अर्थतन्त्र निर्माण गर्न आन्तरिक उत्पादन एवम् निकासी अभिवृद्धि हुनु जरुरी मानिन्छ । विश्वव्यापीकृत अर्थ व्यवस्थाको परिधिभित्र अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन र विस्तारका लागि अन्तरर्राष्ट्रियस्तरमा स्थापना भएका संगठनको क्रियाशीलता र तत् सम्वन्धी अन्तर्राष्ट्रिय र क्षेत्रीय अनुवन्ध तथा सम्झौताले व्यापार विस्तारको आधार सहज र सरल हुदैं गएको छ । अन्तर्राष्ट्रिय आर्थिक गतिविधि र सोको तुलनात्मक लाभ प्राप्त गर्न व्यापार विस्तार हुदैं गएको छ ।

नेपालको अर्थतन्त्रले उच्च आयात र न्यून निर्यातको मार खप्दै आएको छ । विप्रेषण र सेवा निर्यात वापत प्राप्त हुने सिमित विदेशी मुद्रा वाहेक नेपालले अन्य क्षेत्रबाट प्राप्त गर्ने विदेशी मुद्राको अंश अत्यन्त न्यून रहेको छ । उच्च निकासी संभावनाको बावजूद नेपालको अर्थतन्त्रले सामना गरेको उच्च व्यापार घाटा न्यूनीकरणका लागि गरिएका पहल र प्रयासले सार्थक परिणाम दिन सकेको देखिदैंन् । निकासी प्रवर्द्धनका लागि अवलम्वन गरिएका रणनीतिको प्रभाव अर्थतन्त्रमा सकारात्मक रुपमा विस्तार हुन सकेको छैन् । उच्च उत्पादन लागत, कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थको पैठारीमा भुक्तानी गरिएको शुल्क वा महशुल फिर्ता सम्वन्धी स्पष्ट नीतिको अभाव, अस्थिर निकासी प्रवर्द्धन नीति लगायतका अन्य कारणले नेपालको निकासी संभावनालाई व्यवहारमा रुपान्तरण गर्न सकिएको छैन् ।

नेपाल सरकारले निकासीमूलक उद्योगलाई प्रदान गरेको छुट तथा सुविधाबाट नेपालको निकासी परिमाण वृद्धि हुने अपेक्षा गरिएको भए तापनि निकासी परिमाण अपेक्षित रुपमा वढ्न सकेको छैन् । चालु आर्थिक वर्षको पहिलो आठ महिनामा नेपालबाट हुने निकासी गत आर्थिक वर्षको सोही अवधीको तुलनामा ४.० प्रतिशतले र नेपालले गर्ने पैठारी २.१ प्रतिशतले संकूचित हुँदा व्यापार घाटा २.५ प्रतिशतले कमि आइ रु ९२९ अर्व ६१ करोड पुगेको छ ।[1]

वढ्दो व्यापार घाटाको कारण अर्थतन्त्रमा सृजना भएको चुनौती व्यवस्थापन गरी दिगो आर्थिक वृद्धि सहितको सक्षम एवम् उत्पादनशील अर्थतन्त्र निर्माण गर्न आर्थिक वर्ष २०८१/८२ को वजेट मार्फत निकासी प्रवर्द्धन र सहजीकरण सम्वन्धी नीति घोषणा सहित तदनुरुपका कानूनमा संशोधन तथा परिमार्जन जरुरी देखिन्छ ।

२. महशुल फिर्ताको अवधारणा

विश्वका प्राय सबै देशले आफ्नो देशमा उत्पादन हुने वस्तु तथा सेवाको निकासी सहजीकरण र प्रवर्द्धन गर्ने नीति अवलम्वन गरेको पाइन्छ । निकासी गर्ने उद्योगलाई कर छुट, आधारभूत पूर्वाधार निर्माण र हस्तान्तरण, निकासी गर्ने वस्तु वा सेवा उत्पादनका लागि पैठारी गरिने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थको पैठारीमा भुक्तानी गरिएको कर महशुल फिर्ता सहित निकासी अनुदान प्रदान गर्ने व्यवस्था गरेको पाइन्छ । उत्पादन, वितरण र निकासी सम्वद्ध लागत न्यूनीकरण गरी अन्तर्राष्ट्रिय बजारमा विक्री हुने वस्तु तथा सेवाको प्रतिष्पर्धात्मक क्षमता बढाउन यस प्रकारको सहुलियत र सुविधा प्रदान गर्ने अभ्यास रहेको छ ।

निकासीयोग्य वस्तुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ आयात गर्दा प्रचलित कानून वमोजिम भन्सार विन्दुमा भुक्तानी गरिने भन्सार महशुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका अन्य शुल्क, दस्तुर वा कर रकम ती कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिएका वस्तु निर्यात भएमा निर्यात

[1] नेपाल राष्ट्र बैंक वर्तमान आर्थिक गतिविधिको समीक्षा २०८० चैत्र

गरिएको परिमाणका आधारमा पैठारीमा भुक्तानी गरिएको कर, महशुल पुरै वा आंशिक रुपमा फिर्ता गर्ने अवधारणा नै महशुल फिर्ता हो ।

निकासी हुने वस्तुको उत्पादनमा प्रयोग हुने सबै कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ वा अन्य सेवा निकासी गर्ने उद्देश्यले स्थापना गरेको उद्योगले मात्र उत्पादन गर्न सक्दैन् । विशेषज्ञता, बहु उपयोग तथा उपलव्धता एवम् लागतका दृष्टिले सबै उत्पादन एउटै उत्पादकबाट उत्पादन हुन नसक्ने परिस्थितिमा निकासीयोग्य वस्तु उत्पादन गर्ने उत्पादकले आन्तरिक र वाह्य बजारबाट उत्पादनसंग सम्वन्धित कच्चा पदार्थ वा सेवा खरिद गर्नुपर्ने हुन्छ । यसरी खरीद गरिएको सामाग्री वा सेवामा भुक्तानी गरिएको रकम फिर्ता नहुँदा उत्पादन लागत बढ्ने, निकासी गर्ने वस्तु उत्पादन गर्ने उत्पादकलाई चालु पूँजी व्यवस्थापनमा असहजता हुने परिस्थिति निर्माण हुन्छ । तसर्थ, निकासी प्रवर्द्धनका लागि विश्वका अधिकांश देशले यस प्रकारको सुविधा प्रदान गर्ने गरेका छन् । नेपालमा पनि यस प्रकारको व्यवस्था कार्यान्वयनमा रहेको छ ।

३. नेपालमा महशुल फिर्ता सम्वन्धी कानूनी व्यवस्था र प्रयोगः

निकासीमा सहुलियत र सुविधा प्रदान गरी निकासी प्रवर्द्धन गर्ने नीति नेपाल सरकारले अवलम्वन गरेको छ । निकासीमूलक उद्योगलाई संस्थागत आयकरमा छुट दिनुका साथै सूचना प्रविधिजन्य सेवा उत्पादन गरी निकासी गर्दा निकासीबाट प्राप्त हुने आयमा पचास प्रतिशत छुट दिने व्यवस्था गरिएको छ । यसका अलावा निकासीमूलक वस्तु उत्पादन गरी निकासी गर्ने उत्पादकलाई वण्डेड वेयर हाउस तथा नगद धरौटी (पास वुक) सुविधा प्रदान गर्ने व्यवस्था औद्योगिक व्यवसाय ऐन, २०७६ र भन्सार ऐन, २०६४ ले पनि गरेको छ ।

निकासीलाई प्रवर्द्धन गर्ने उद्देश्यबाट निकासीकर्तालाई महशुल सूविधा प्रदान गर्न सकिने व्यवस्था औद्योगिक व्यवसाय ऐन, २०७६ मा गरिएको छ । ऐनको दफा २५ को खण्ड क बमोजिम वण्डेड वेयर हाउस वा नगद धरौटी (पास वुक) को सुविधा नलिएका उद्योगहरुले निर्यात गरेको हकमा अर्थ मन्त्रालयले ड्युटी ड्र व्याकको दर निर्धारण गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गर्ने र त्यसरी निर्धारण गरिएको दर बमोजिमको ड्यूटी ड्र व्याक रकम मन्त्रालयले एकल विन्दु सेवा केन्द्र मार्फत फिर्ता गर्ने व्यवस्था रहेको छ ।

औद्योगिक व्यवसाय ऐनले गरेको उपर्युक्त व्यवस्थालाई भन्सार ऐन, २०६४ मा समावेश गरिएको छैन् । उक्त ऐनले निकासीकर्तालाई बैङ्क ग्यारेण्टी र नगद धरौटी (पास वुक) सुविधा सहित वण्डेड वेयर हाउसको सुविधा पनि प्रदान गर्ने व्यवस्था गरेको छ । औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम महशुल फिर्ता गर्ने प्रयोजनका लागि अर्थ मन्त्रालयले हालसम्म ड्युटी ड्र व्याकको दर निर्धारण गरी नेपाल राजपत्रमा सूचना समेत प्रकाशित गरेको देखिदैंन् । औद्योगिक व्यवसाय ऐनले निर्दिष्ट गरेको व्यवस्था कार्यान्वयनमा नआउँदा निकासीकर्ताले महशुल फिर्ता प्राप्त गर्न सकेको देखिदैन् । यद्यपी, निकासीकर्ताले भन्सार ऐन, २०६४ वमोजिम प्रदान गरिएको वण्डेड वेयर हाउस र पास वुकको सुविधा भने उपयोग गरिरहेको देखिन्छ ।

४ महशुल फिर्ता र बैङ्क ग्यारेण्टी एवम् नगद धरौटी (पास वुक) को विचमा रहेका भिन्नता र महशुल फिर्ता सुविधाको आवश्यकता

सामान्यतया निकासीमूलक उद्योगको लागत घटाउन विश्वका अधिकांश देशले महशुल फिर्ता सहित बैंक ग्यारेण्टी र नगद धरौटीको प्रावधान कार्यान्वयनमा ल्याएको पाइन्छ । दुवै सुविधा निकासीमूलक उद्योगको उत्पादनलाई प्रतिष्पर्धी बनाउन अवलम्वन गरिने विधी हो । विश्वव्यापी वजारका कारण निकासीयोग्य वस्तुले विभिन्न देशका उत्पादनसंग प्रतिष्पर्धा गर्नुपर्ने हुदाँ प्रत्येक राष्ट्रले आफ्नो देशमा उत्पादन हुने वस्तु वा सेवाको लागतको निश्चित अंश राज्यले वहन गर्ने दृष्टिकोण अवलम्वन गरेको पाइन्छ । प्रत्येक देशको भौगोलिक अवस्था, कच्चा सामाग्रीको उपलब्धता, जनशक्तिको क्षमता लगायतका विविध पक्षले उक्त देशमा उत्पादन हुने वस्तु वा सेवाको उत्पादन लागत प्रभावित हुने हुँदा उत्पादकको उत्पादन लागत घटाउन प्रत्यक्ष रुपमा नगद अनुदान प्रदान गरेर वा महशुल सुविधा प्रदान गरेर वा बैङ्क ग्यारेण्टी वा नगद धरौटी (पास वुक) को सुविधा प्रदान गर्ने गरेको पाइन्छ ।

सामान्यतया निकासीमूलक उद्योगलाई दुबै विधिबाट प्रदान गरिएको सहुलियत एवम् सुविधाले आफ्नो उत्पादनको लागत कटौती गर्न सहयोग पुग्ने भए तापनि महशुल फिर्ता सम्वन्धी व्यवस्थाले उत्पादकलाई नगद प्रवाह व्यवस्थापन गर्न सहयोग पुग्दछ । बैंक ग्यारेण्टी वा नगद धरौटीको प्रावधानले निकासीयोग्य वस्तु उत्पादन गर्ने उत्पादकको ग्यारेण्टी वापतको शुल्क वा दस्तुर र नगद धरौटी वापत राख्नुपर्ने रकमको व्याज थप भइ उत्पादन लागत निसन्देह रुपमा बढ्न जान्छ । यसका अलावा उक्त दुवै सुविधा प्राप्त गर्न लाग्ने समयका कारण उत्पादकले थप लागत व्यहोर्नुपर्ने अवस्था सृजना हुन्छ । तसर्थ, निकासीकर्ताले एकल विन्दु सेवा केन्द्रबाट नै महशुल सुविधा वापतको रकम प्रदान गर्ने व्यवस्थाका लागि अनुरोध गरेको देखिन्छ ।

निकासी परिमाणका आधारमा निकासी हुने वस्तुको उत्पादन प्रक्रियामा प्रयोग हुने सामाग्रीको खरीद वा पैठारीमा भुक्तानी गरिएको कर, महशुल फिर्ता गर्ने व्यवस्थाले उत्पादकले आफूले राज्यबाट फिर्ता पाउने रकमको सुनिश्चितता सहित नगद व्यवस्थापनमा अनुकूलता सृजना हुने, पैठारी लागत घटाउन सहयोग पुग्ने र उत्पादन प्रणाली विस्तारमा सहजता आउने कारण महशुल फिर्ता सम्वन्धी नीति कार्यान्वयन गर्ने गरिएको पाइन्छ । बैङ्क ग्यारेण्टी र नगद धरौटी सम्वन्धी व्यवस्थाको कार्यान्वयनमा रहेको असहजताका कारण निकासीमूलक उद्योगले यस प्रकारको सुविधाबाट तुलनात्मक लाभ प्राप्त गर्न नसकिरहेको सन्दर्भमा नेपालको उत्पादनलाई विश्व वजारमा सहज पहुँच स्थापित गर्न प्रस्तुत व्यवस्थाको कार्यान्वयन जरुरी देखिन्छ ।

५ ऐनको व्यवस्था कार्यान्वयनमा कायम रहेका चुनौती/जटिलताः

औद्योगिक व्यवसाय ऐन, २०७६ ले निकासीमा महशुल फिर्ता गर्ने विधि अवलम्वन गर्ने कानूनी व्यवस्था गरेको भए ता–पनि उक्त व्यवस्थाको कार्यान्वयन हालसम्म हुन सकेको छैन् । अर्थ मन्त्रालयले महशुल फिर्ताको विधि, आधार तथा मापदण्ड तय गर्नुपर्ने व्यवस्था रहेको छ । तर, आर्थिक ऐन मार्फत भन्सार ऐनमा तत् सम्वन्धी व्यवस्था समावेश नगरेको र महशुल फिर्ता सम्वन्धी विधी र आधार समेत निर्धारण नगरेको कारण महशुल फिर्ता सम्वन्धी कानूनी व्यवस्थाले सार्थकता पाउन सकेको देखिदैंन् । तसर्थ, नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका केही निश्चित वस्तुको उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ र सहायक कच्चा पदार्थमा भुक्तानी गरिएका कर, शुल्क, महशुल फिर्ता गर्ने व्यवस्था गर्नु जरुरी देखिन्छ ।

६. वजेटमा समावेश हुनुपर्ने प्रस्तावित नीतिः

नेपालका निजी क्षेत्रका सबै छाता संगठनले निकासीमा महशुल सुविधा उपलव्ध गराउन संस्थागत रुपमा नै अनुरोध गरेका छन् । नेपाल व्यापार एकीकृत रणनीतिले पनि पहिचान गरिएका निकासीयोग्य वस्तुलाई प्रोत्साहन गर्न हालको बैंक ग्यारेण्टी र पास वुक सुविधाका अतिरिक्त महशुल फिर्ता सम्वन्धी व्यवस्था प्रारम्भ गर्न सिफारिश समेत गरेको छ ।

निकासीमूलक उद्योगलाई प्रोत्साहन गर्ने नीति तर्जुमा र नीति परिमार्जनमा सरकार क्रियाशील रहँदै आएको पृष्ठभूमिमा आगामी आर्थिक वर्ष २०८१/८२ को वजेटमा निकासीमूलक उद्योगलाई सहयोग पुग्ने देहायका नीतिगत व्यवस्थाको माध्यमबाट निजी क्षेत्रको मनोवल र क्रियाशीलता बढाउनु उपयुक्त हुने देखिन्छ ।

" निकासी प्रवर्द्धन गरी व्यापार घाटा कम गर्न आगामी आर्थिक वर्षदेखि निश्चित वस्तुको निकासी गर्दा ती वस्तु उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थमा भुक्तानी गरेको महशुल फिर्ता (ड्युटी ड्र व्याक) दिने प्रयोजनका लागि महशुल फिर्ता सम्वन्धी विधि, आधार र मापदण्ड तर्जुमा गरी महशुल फिर्ता दिने व्यवस्था प्रारम्भ गर्ने व्यवस्था मिलाएको छु । "

उपर्युक्त नीतिगत व्यवस्थालाई कानूनी आधार प्रदान गर्न आर्थिक ऐन, २०८१ मार्फत भन्सार ऐन, २०६४ को दफा ११ पछि देहायको दफा ११क. थप गर्नेः

११क. महशुल फिर्ता गर्नेः निकासीयोग्य वस्तु उत्पादन गर्ने उद्योगले पैंठारी गरेको कच्चा पदार्थमा तिरेको कर, महशुल वापतको रकम उद्योगले निकासी गर्ने वस्तुको मूल्य अभिवृद्धि र निकासी परिमाणका आधारमा उद्योग विभागमा रहेको एकद्वार सेवा केन्द्रबाट फिर्ता दिइनेछ ।

७. नीति कार्यान्वयनका लागि सम्पादन गर्नुपर्ने कार्यहरुः

आगामी आर्थिक वर्षको वजेट मार्फत घोषणा गरिने प्रस्तुत नीति कार्यान्वयन गर्ने क्रममा अर्थ मन्त्रालयले २०८१ असार मसान्तसम्म देहायका विषयको स्पष्टता कायम गर्ने गरी महशुल फिर्ताको विधि र आधार सहितको महशुल फिर्ता कार्यविधि तर्जुमा गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयन गर्नु जरुरी हुन्छ ।

क. महशुल फिर्ता दिने निकासी योग्य वस्तु,

ख. महशुल फिर्ता दिने वस्तुको उत्पादनमा हुनु पर्ने मूल्य अभिवृद्धि,

ग. महशुल फिर्ता दिने वस्तुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ मध्ये स्वदेशी र विदेशी कच्चा पदार्थको अनुपात,

घ. महशुल फिर्ताका लागि ग्राह्य हुने निकासी परिमाण,

ङ. महशुल फिर्ता अन्तर्गत फिर्ता हुने राजस्व र सोको अनुपात,

च. महशुल फिर्ताको लागि माग गर्ने र फिर्ता दिइ सक्नुपर्ने अवधी,

छ. महशुल फिर्ताको लागि माग गर्ने र फिर्ता दिइ सक्नुपर्ने अवधि,

ज. महशुल फिर्ता वापत उपलव्ध गराइने रकम फिर्ता सम्वन्धी व्यवस्था, बैङ्क र अन्य ।

उपर्युक्त नीति कार्यान्वयनको क्रममा निकासीकर्तालाई उपलव्ध गराउने महशुल फिर्ता वापतको रकम अर्थ मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ को वार्षिक विनियोजनमा समावेश गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत एकल विन्दु सेवा केन्द्रमा उपलव्ध गराउने व्यवस्था गर्नु पनि जरुरी हुन्छ ।

नेपाल व्यापार एकीकृत रणनीति, २०२१ ले निकासीयोग्य वस्तु निर्यात गर्ने निकासीकर्तालाई एकलदरमा महशुल फिर्ता गर्ने नीति अवलम्वन गर्न र निकासीकर्ताको बैङ्क खातामा सोझै महशुल फिर्ता वापतको रकम जम्मा गर्ने व्यवस्था गर्न प्रस्तावित कार्यविधिमा निकासी हुने वस्तुको प्रकृति, सोमा प्रयोग हुने कच्चा पदार्थको मूल्य अभिवृद्धि तथा निकासी गरिने मुलुक समेत वर्गीकरण गरी उत्पादकले निकासीयोग्य वस्तु उत्पादन गर्न पैठारी गरेको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा भुक्तानी गरेको महशुलको न्यूनतम ५० प्रतिशत भन्दा कम नहुने गरी वस्तुको प्रकृति, उत्पादन लागत, मूल्य अभिवृद्धि समेतको आधारमा वस्तु विशेष महशुल फिर्ताको एकल दर निर्धारण गरी निकासी कर्ताले विद्युतीय प्रणालीमार्फत एकल विन्दु सेवा कार्यालयमा रकम फिर्ता माग गर्न सक्ने र कार्यालयले कार्यविधि वमोजिम निजको बैंक खातामा सिधै रकम जम्मा गर्ने व्यवस्था समेत उक्त कार्यविधिमा समावेश गर्नु उपयुक्त हुन्छ ।

८. प्रस्तावित नीतिको कार्यान्वयनबाट अर्थतन्त्रमा पर्ने प्रभावः

निकासीमूलक उद्योगको प्रवर्द्धनका लागि नेपाल सरकारले प्रदान गरेको विभिन्न प्रकारका सुविधा र सहुलियत सहित प्रस्तावित महशुल फिर्ता सम्वन्धी व्यवस्थाको कार्यान्वयनबाट निकासीमूलक उद्योगलाई प्रवर्द्धन गर्न सहयोग पुग्दछ । प्रत्यक्षतः नगद फिर्ता हुने प्रस्तावित व्यवस्थाले निकासीकर्तालाई आफ्नो कार्य सञ्चालनका लागि आवश्यक स्रोत व्यवस्थापनमा सहजीकरण सहित राष्ट्रिय अर्थतन्त्रमा देहायका प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

क. निकासीमूलक उद्योगले गरेको उत्पादन निकासीका लागि सहज वातावरण तयार हुने,

ख. निकासीमूलक उद्योगको स्थापना र सञ्चालनमा निजी लगानी प्रोत्साहित हुने,

ग. बैङ्क ग्यारेण्टी वा पास वुक सुविधा मार्फत प्राप्त हुने सुविधा तथा सहुलियत प्राप्त गर्दा बढ्ने लागत न्यूनीकरण हुने,

घ. निकासीकर्ताको मनोवल उच्च हुने,

ङ. कमजोर वित्तीय र व्यवस्थापकीय क्षमता भएका निकासीमूलक वस्तु उत्पादन गर्ने उद्योगलाई नेपाल सरकारले उपलव्ध गराएको छुट, सुविधा र सहुलियतको पहुँच अभिवृद्धि हुने,

च. छुट तथा सुविधाको सही उपयोग मार्फत उद्यमशिलता अभिवृद्धिसंगै राजस्वमा हुन सक्ने विचलनलाई न्यूनीकरण हुने,

छ. स्वदेशी कच्चा पदार्थको गुणस्तर सुधार गरी निकासीमूलक उद्योगका लागि आवश्यक कच्चा पदार्थको दिगो र सुलभ आपूर्ति सुनिश्चित हुने,

ज. नयाँ निकासीयोग्य वस्तुको पहिचान र विकास गर्न सहयोग पुग्ने,

झ. निकासी वापतको आय अभिवृद्धि भइ चुलिँदो व्यापार घाटा न्यूनीकरणमा सहयोग पुग्ने ।

समग्रमा, प्रस्तुत व्यवस्थाको कार्यान्वयनबाट निकासी व्यापार अभिवद्धि गर्न विश्वव्यापी रुपमा निकासीकर्तालाई प्रदान गर्ने गरिएको सहयोग र सहुलियतको अभ्यास नेपालमा पनि हुने र यसबाट निकासी व्यापारमा उल्लेख्य रुपमा सुधार आइ व्यापार घाटाको कारण राष्ट्रिय अर्थतन्त्रमा कायम रहेका विविध प्रकृतिका असहजताको निदानका लागि अनुकूल परिस्थिति निर्माण हुने अपेक्षा गरिएको छ ।

९ प्रस्तावित नीति तर्जुमा र कार्यान्वयनको लागत अनुमानः

प्रस्तावित नीति तर्जुमा र कार्यान्वयनबाट सृजना हुने वित्तीय दायित्व सारभूत रुपमा नेपाल सरकारले वहन गर्नुपर्दैन् । औद्योगिक व्यवसाय ऐन, २०७६ र भन्सार ऐन, २०६४ वमोजिम निकासीमूलक उद्योगलाई निकासीयोग्य वस्तुको उत्पादन गरी निकासी गर्ने प्रयोजनका लागि ती उद्योगले आयात गर्ने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ बैङ्क ग्यारेण्टी वा नगद धरौटी (पास वुक) सुविधामा पैठारी गरिरहेको परिप्रेक्ष्यमा प्रस्तावित नीतिले भन्सार विन्दुमा ती वस्तुको पैठारीमा आयातकर्ताले भुक्तानी गरेको भन्सार महशुल, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लगायतका कर महशुल निकासी परिमाणका आधारमा फिर्ता दिँदा नेपाल सरकारलाई अतिरिक्त भार पर्ने देखिदैंन् । महशुल फिर्ता सम्वन्धी नीति कार्यान्वयनमा ल्याउन प्रस्तावित कार्यविधिमा उल्लेख भए वमोजिमको प्रतिशतबाट कायम हुन आउने रकम गणना गरी सो वापतको रकम वार्षिक विनियोजनमा समावेश गर्नु पर्दछ । निकासीकर्ताले भन्सारमा भुक्तानी गरेको रकम पुनः निजलाई फिर्ता गर्दा नेपाल सरकारले थप वित्तीय दायित्व वहन गर्नुपर्ने अवस्था रहँदैन् । बैङ्क ग्यारेण्टी वा नगद धरौटी सम्वन्धी व्यवस्थाले नेपाल सरकारको सञ्चित कोषमा कुनै योगदान नगर्ने तर महशुल सुविधाको व्यवस्थाले कच्चा पदार्थको आयात देखि उक्त वस्तु प्रयोग गरी भएको उत्पादन निकासी नहुँदासम्मको अवधिमा भन्सार विन्दुमा भुक्तानी गरिएको रकम सञ्चित कोषमा जम्मा भइ तत् पश्चात मात्र सम्वन्धित निकासीकर्तालाई फिर्ता गरिने कारण नेपाल सरकारले सिमित अवधि उक्त रकम परिचालन गर्न सक्ने सुविधा रहने देखिन्छ ।

१० प्रस्तावित नीतिको कार्यान्वयनमा कायम रहेको जोखिम र जोखिम न्यूनीकरण गर्ने उपायः

निर्यात व्यापारलाई दिगो, प्रतिष्पर्धी र विविधिकृत गर्दै स्थानीय सक्षमतामा आधारित उत्पादित वस्तुको निर्यात बढाउन सहयोगी प्रस्तुत नीतिको कार्यान्वयनबाट निर्यात व्यापारमा सकारात्मक प्रभावसंगै नीति कार्यान्वयनको क्रममा सृजना हुने जटिलता र संभावित जोखिमको पहिचान र सोको व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण हुन्छ । प्रस्तावित नीति कार्यान्वयनमा सामाजिक, आर्थिक एवम् प्रशासनिक पक्षबाट विभिन्न उल्झन सृजना हुने संभावना देखिन्छ । निकासीकर्तालाई निजले भन्सार विन्दुमा भुक्तानी गरेको कर, महशुल फिर्ता दिने नीतिको कार्यान्वयनमा वस्तुको परिमाण, मूल्य, गुणस्तर तथा मूल्य अभिवृद्धि जस्ता पक्षको निर्क्यौलमा विभिन्न जटिलता सृजना भइ निम्नानुसारका जोखिम कायम हुने संभावना रहन्छ ।

- निकासीयोग्य वस्तुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ र सहायक कच्चा पदार्थ आयात गर्दा पैठारी मूल्य अधिक कायम गरी पैठारी हुन सक्ने,
- महशुल फिर्ता गर्ने प्रयोजनका लागि आवश्यक पर्ने शर्त (मूल्य अभिवृद्धि, कच्चा पदार्थको प्रकृति, महशुल फिर्ता गर्ने विन्दु आदिमा) सहमती कायम हुन चुनौती सृजना हुने,
- उत्पादन प्रणाली, प्रक्रिया, परिमाण लगायत अन्य कारणबाट निकासी हुने वस्तुमा प्रदान गरिने महशुल फिर्ताको दर निर्धारणमा चुनौती रहने,
- महशुल फिर्ता सम्वन्धी व्यवस्थाका कारण निकासीकर्ताले थप प्रशासनिक झण्झट सामना गर्नुपर्ने,
- नेपालमा नै उपलब्ध हुने कच्चा पदार्थ उपयोग नगरी महशुल फिर्ता लिने उद्देश्य हेतु कच्चा पदार्थ आयात हुने,
- निकासी हुने वस्तुको कच्चा पदार्थ र तयारी पदार्थको बीचको प्रतिलब्धी दर (Recovery Rate) निर्धारणमा जटिलता आउने,
- महशुल फिर्ता पाउने निकासीमूलक उत्पादनको चरणबद्ध सूची निर्धारणमा जटिलता आउने,
- महशुल फिर्ताका लागि विनियोजन गरिने रकमको पर्याप्त र निरन्तरता कायम राख्ने,
- महशुल फिर्ता बापतको रकम समयमा नै फिर्ता हुने अवस्थाको सुनिश्चितता कायम गर्ने ।

राज्यले निकासीमूलक उद्योगलाई प्रदान गर्ने सुविधा सबै निकासीमूलक उद्योगको पहुँचमा हुनु पर्दछ। निकासी गर्ने वस्तु उत्पादन वा सेवा उत्पादन गर्न सक्षम भए तापनि प्रतिष्पर्धी एवम् लागत प्रभावी उत्पादन प्रणाली अवलम्वन गर्न असमर्थ हुदाँ निकासीको संभावना क्षीण हुने र राज्यमा प्राप्त हुने विदेशी मुद्रा समेत कम हुने पृष्ठभूमिमा प्रस्तावित नीतिले प्रतिष्पर्धा र दक्षता दुवै बढाउन सहयोग पुर्‍याँउछ । तर, उक्त नीति कार्यान्वयनको क्रममा सामना गर्नुपर्ने संभावित जोखिमको व्यवस्थापन गर्ने रणनीति/उपाय अवलम्वन नहुँदा नीतिको नतिजा अपेक्षित हुन नसक्ने सन्दर्भमा नीतिको कार्यान्वयनशिलता बढाउन कायम रहेका उपर्युक्त जोखिम पक्षलाई औद्योगिक व्यवसाय ऐन, २०७६ वमोजिम अर्थ मन्त्रालयले तर्जुमा गर्ने महशुल फिर्ता कार्यविधिमा प्रस्तुत विषयलाई समेत मनन गरी तदनुरुप संवोधन गर्ने विषय समावेश गर्नु पर्दछ ।

नीति : २

औद्योगिक विकास रणनीति तर्जुमा र कार्यान्वयन सम्बन्धी नीति प्रस्ताव

१ पृष्ठभूमि

राष्ट्रिय अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान अपेक्षित रुपमा बढ्न सकेको छैन । निरन्तर प्रयासको बावजूद पनि कूल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको उपस्थिति सवल रहेको देखिदैंन । अर्कातर्फ सेवा क्षेत्रको भूमिका र योगदान बढ्दै जाँदा अर्थतन्त्र र यसको दिगोपनमा थुप्रै जोखिम बढ्दै गएको छ । स्वदेशमा उत्पादन हुने संभावना भएका वस्तुको बढ्दो आयातले व्यापार घाटा निरन्तर बढ्दै गएको छ । अर्थतन्त्रको सवलीकरणको आधारको रुपमा रहेको प्राथमिक र द्वितीय क्षेत्रको कमजोर वृद्धि र विकासले अर्थतन्त्रमा आयामिक परिवर्तन आउन सकेको छैन ।

सवल अर्थतन्त्रको निर्माण गर्न प्रत्येक देशले औद्योगिक उत्पादन अभिवृद्धिमा लगानी विस्तार गर्नुपर्दछ। विश्वका अधिकांश देशले उद्योगको स्थापना, विकास, रुपान्तरण र आधुनिकीकरण मार्फत उच्चदरको आर्थिक वृद्धि हाँसिल गरेको अनुभवका आधारमा नेपालमा पनि औद्योगिक विकासको स्पष्ट मापदण्ड र आधार सहित दश वर्षे औद्योगिक विकास रणनीति तर्जुमा गर्नुपर्ने आवश्यकता महसुश गरिएको छ । उद्योग क्षेत्रको विकास र विस्तारका लागि राज्यको दृष्टिकोण स्पष्ट बनाउँदै औद्योगिक विकासको माध्यमबाट उच्च र दिगो आर्थिक वृद्धिको लक्ष्य प्राप्त गर्न नेपाल सरकारले अवलम्वन गर्ने नीति, रणनीति तथा कार्यनीति सहित नेपालमा संभाव्य औद्योगिक उत्पादनको पहिचान र विकास गरी ती वस्तुमा आत्मनिर्भर हुन अवलम्वन गर्नुपर्ने उपाय र दृष्टिकोणमा स्पष्टता आवश्यक भएको छ । औद्योगिक विकासका लागि नीतिगत स्थिरता, वित्तीय र गैर वित्तीय सहुलियत र सुविधा सुनिश्चित गर्न मध्यमकालीन रणनीति तर्जुमा गरी नीतिको अनुमान योग्यता सहित लगानीकर्तालाई आश्वस्त बनाउनु पर्ने अवस्था रहेको छ ।

२ मध्यमकालीन औद्योगिक विकास रणनीति र यसको आवश्यकता

नेपालको संविधान, आवधिक योजना तथा सरकारको वार्षिक नीति तथा कार्यक्रम एवं अन्य नीतिको ध्येय र लक्ष्य औद्योगिकरण सहितको आर्थिक विकासमा केन्द्रीत रहेको देखिन्छ। औद्योगिक विकासका लागि नीति, संरचना र पूर्वाधारको व्यवस्था गरिएका छन । तथापी, औद्योगिक क्षेत्र सवल र सुदृढ हुन सकेको छैन । अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान अपेक्षित रुपमा विस्तार नहुँदा र औद्योगिक वातावरण लगानीमैत्री नहुँदा उद्योग क्रमश: बन्द हुँदै गएका छन । करिव एक शताव्दीभन्दा लामो अवधीको नेपालको औद्योगिकरणको औपचारिक प्रक्रिया सुसुप्त अवस्थामा रहेको छ । उद्योग स्थापना, सञ्चालन तथा दीगोपनका लागि तर्जुमा गरएका कानूनी प्रावधानमा कायम रहेको अन्तर विरोध एवं नीतिगत अस्थिरताका कारण औद्योगिक क्षेत्र संकूचित हुँदै गएको छ । विप्रेषण आयको विस्तार एवं उदार कर नीतिका कारण उत्पादन भन्दा व्यापारमा आधारित आर्थिक गतिविधि विस्तारित हुँदै गएको छ । उच्च संभावना भएका र स्वदेशमा नै कच्चा पदार्थको उपलव्धता भएका वस्तुको उत्पादन निरुत्साहित हुदै गएको छ । तसर्थ, आर्थिक गतिविधिको बलियो आधार तयार गर्न र अर्थतन्त्रमा उद्योग क्षेत्रको हिस्सा एवं योगदान बढाउन नेपाल सरकारले उद्योगको स्थापना, सञ्चालन र विकासका क्षेत्रमा सञ्चालन गर्ने कार्यक्रम, प्राथमिकता एवं लगानीको स्वरुप सहितको औद्योगिक विकासको मध्यमकालीन रणनीति तर्जुमा गरी कार्यान्वयन गर्नु अनिवार्य भएको छ ।

आगामी दश वर्षभित्र औद्योगिक क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा बलियो उपस्थिति जनाउन औद्योगिक विकासका क्षेत्रमा देखिएका असहजता र समस्या पहिचान गरी उपयुक्त विधि अवलम्वन गर्न ढिलो गर्नु हुदैंन । औद्योगिक विकासका लागि

राज्यको समग्र दृष्टिकोणका अतिरिक्त राज्यले औद्योगिक क्षेत्रको संरक्षण र विकासमा लिनुपर्ने रणनीति अर्थतन्त्रको सबलीकरणको महत्वपूर्ण आधार स्तम्भको रुपमा रहन्छ । लगानीका प्राथमिकता, सेवामा आधारित हालको अर्थतन्त्रमा उद्योग क्षेत्रको हिस्सा बढाउन सरकार र निजी क्षेत्रले निर्वाह गर्ने भूमिका र योगदानको स्वरुप सहित विशिष्ट पहिचानयुक्त औद्योगिक उत्पादन गर्न देहायका कारणले औद्योगिक विकासको मध्यमकालीन रणनीति तर्जुमा र कार्यान्वयन जरुरी भएको छ ।

- औद्योगिक क्षेत्रको विकास र अपेक्षित उपलब्धी सहितको औद्योगिक विकासको खाका, दृष्टिकोण निर्धारण गर्न,
- औद्योगिक विकासका लागि राज्यले अवलम्वन गर्ने नीतिको आधार तयार गर्न,
- देशमा उपलब्ध प्राकृतिक तथा अन्य स्रोत र साधनको उपलब्धताको आधारमा संभाव्य उद्योगको विकासका लागि क्षेत्रगत प्राथमिकता र रणनीति तयार गर्न,
- औद्योगिक विकासका लागि आवश्यक कानून र राजस्व छुट तथा सहुलियत सम्वन्धी व्यवस्थाको आधार तयार गर्न,
- विभिन्न कानून तथा नीतिमा रहेको र रहने अन्तर विरोध अन्त्य गर्ने आधार तयार गर्न,
- उद्योग क्षेत्रको प्रवर्द्धन र विकास सम्वन्धी राष्ट्रिय दृष्टिकोण निर्माण गर्न ।

३ औद्योगिक विकास रणनीतिको अभावमा सृजित असहजता

औद्योगिक विकास रणनीति, औद्योगिक विकासका लागि राज्यले अवलम्वन गर्ने रणनीति र प्राथमिकता निर्दिष्ट गर्ने रणनीति हो । राज्यले उद्योग क्षेत्रको विकासको समष्टिगत सोच वा आकाँक्षा व्यक्त गरे तापनि उक्त सोच वा आकाँक्षालाई मूर्त रुपमा दिन सकेको छैन । प्रत्येक राजनीतिक दलले राष्ट्रिय अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान बढ्नु पर्ने धारणा सार्वजनिक गरे तापनि व्यवहारत उद्योग क्षेत्रको विकासको सर्व स्वीकार्य नीति तर्जुमा हुन सकेको छैन ।

औद्योगिक क्षेत्रको विकासमा कर नीति, भन्सार नीति, भू–उपयोग लगायतका अन्य नीति र कार्यक्रमको प्रभाव रहेको हुन्छ । स्वदेशी उत्पादनलाई राज्यले कर नीतिको माध्यमबाट संरक्षण गर्ने, पूँजी तथा प्रविधि सहयोग सहित बजार आश्वस्तता कायम राख्नु पर्दछ । तर, औद्योगिक विकासको स्पष्ट रणनीति र आधार तयार नहुँदा सरकारको परिवर्तनसंगै उद्योगको संरक्षण र विकासको लागि प्रदान गरिएको छुट, सुविधा तथा सहुलियत सम्वन्धी नीति परिमार्जन गर्ने प्रवृत्ति बढ्दै गएको छ । औद्योगिक व्यवसाय ऐन, २०७६ ले सुनिश्चित गरेको सुविधा आर्थिक ऐनले कटौती गर्ने हालको अभ्यासले औद्योगिक विकासका संभावना सिमित हुँदै गएको देखिन्छ । यसका अलावा सरकारले औद्योगिक क्षेत्रलाई प्रवर्द्धन गर्न अवलम्वन गरेको नीति र कार्यक्रममा स्रोत, साधन र नीतिले पुरक सहयोग नगर्ने वर्तमान अवस्थामा मध्यमकालीन औद्योगिक विकास रणनीतिको अभाव औद्योगिक क्षेत्रको विकासमा देहायका असहजता कायम रहेको छ ।

- देशको औद्योगिक विकासका लक्ष्य र मार्गचित्र स्पष्ट हुन नसकेको,
- देशमा औद्योगिक विकासका लागि अवलम्वन गर्ने क्षेत्रगत नीतिलाई निर्देशित गर्ने समष्टीगत मार्गदर्शन वा रणनीति तय हुन नसकेको,
- संभावना, सक्षमता एवं उपलब्धताको परिधिमा देश औद्योगिक विकासका लागि प्राथमिकता दिनुपर्ने क्षेत्र र वस्तुको पहिचान र लगानी विस्तार गर्न नसकिएको,
- निजी क्षेत्रबाट सञ्चालित मेक इन नेपाल र मेड इन नेपाल अभियान अन्तर्गत पहिचान गरिएका वस्तुका उत्पादनका लागि गर्नुपर्ने सहयोग र सहजीकरण यकिन हुन नसकेको,

- कर, भू–उपयोग वातावरण संरक्षण, उद्योग स्थापना र सञ्चालन, प्रतिष्पर्धा सम्वन्धी कानून तर्जुमा र कार्यान्वयनलाई उद्योग मैत्री बनाउन लिइने समष्टिगत आधार स्पष्ट हुन नसकेको,
- आत्मनिर्भर हुने औद्योगिक उत्पादनको विकासका लागि राज्यले अवलम्वन गर्ने नीति, गर्ने लगानी र सोको व्यवस्थापन सम्वन्धी विषयमा स्पष्टता आउन नसकेको,
- औद्योगिक विकासका नीतिमा सामयिक संशोधन तथा परिमार्जनको आधार तयार गर्न,

औद्योगिक विकास रणनीतिले उद्योग क्षेत्रको विकास, प्रवर्द्धन र सहजीकरणका लागि सरकारले अवलम्वन गर्ने दृष्टिकोण र तर्जुमा गर्ने नीति एवं कार्यक्रमको आधार प्रदान गर्दछ। विभिन्न नीति र कार्यक्रमका विचमा सन्तुलन र सामञ्जस्यता कायम गर्दछ। तसर्थ, रणनीति नीति र कार्यक्रमको आधार हो। औद्योगिक क्षेत्रको विकासका लागि अवलम्वन गरिएको नीति र कार्यक्रमको विचमा अन्तर आवद्धता कायम गर्दै उद्योग क्षेत्रको विकासका लागि रणनीतिको तर्जुमा अपरिहार्य भएको छ।

४ मध्यमकालीन औद्योगिक विकास रणनीति तर्जुमा सम्वन्धी नीति प्रस्ताव

औद्योगिक क्षेत्रको विकास रहित आर्थिक वृद्धिको दिगोपन र उपलव्धी कमजोर रहने तथ्य पुष्टी भइ सकेको छ। विश्वका अधिकाँश विकसित देशले औद्योगिक विकासका माध्यमबाट उच्च र तीव्र आर्थिक विकास गरेका छन। नव उदयीमान आर्थिक शक्तिका रुपमा विकसित भियतनाम, बङ्गलादेश लगायतका देशमा औद्योगिक क्षेत्रले अर्थतन्त्रको संरचना र स्वरुपमा नै नयाँ स्वरुप दिइरहेको छ। नेपालमा औद्योगिक विकासका लागि विगत लामो समयदेखि गरिएको प्रयासले अपेक्षित गति प्राप्त गर्न नसकेको अवस्थामा औद्योगिक विकासको स्पष्ट दृष्टिकोण, सोच र प्राथमिकता सहितको औद्योगिक विकास रणनीति तर्जुमा गरी स्वदेशी एवं विदेशी लगानीकर्ता, राजनीतिक एवं प्रशासनिक नेतृत्वलाई दिशा निर्देश गर्न देहायको नीति आगामी आर्थिक वर्ष २०८१।८२ को बजेट वक्तव्यमा समावेश गर्नु उपयुक्त हुन्छ।

‘‘राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउन औद्योगिक क्षेत्रको विकासका लागि अवलम्वन गर्नुपर्ने नीति, प्राथमिकता,सहुलियत र सुविधाको सुनिश्चितताको लागि आगामी आर्थिक वर्ष दश वर्षे औद्योगिक विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।‘‘

प्रस्तावित रणनीति उद्योग क्षेत्रको विकासका लागि तर्फबाट गरिने प्रतिवद्धता हो। वस्तु वा क्षेत्र विशेष प्राथमिकता स्पष्ट नहुँदा औद्योगिक विकासमा देखिएको नीतिगत अस्पष्टता र अस्थिरता अन्त्य गर्न र औद्योगिक क्षेत्रको विकासका लागि राज्यले प्रदान गर्ने सेवा तथा सुविधाको सुनिश्चितता सहित लगानी वातावरण निर्माण गर्न उपयुक्त वमोजिमको रणनीति तर्जुमा गर्नु अनिवार्य हुन्छ।

५ प्रस्तावित नीति कार्यान्वयनका लागि सञ्चालन गर्नुपर्ने क्रियाकलाप

प्रस्तावित नीतिले रणनीति तर्जुमाको सैद्धान्तिक आधार तयार गर्दछ। औद्योगिक क्षेत्रको समग्र वातावरण, राष्ट्रिय सक्षमता, निजी क्षेत्रको अपेक्षा, अन्तर्राष्ट्रिय परिवेश एवं मान्यताको विश्लेषणका आधारमा तर्जुमा गरिने राज्यको माध्यमकालीन दृष्टिकोण हो। तसर्थ, वजेट वक्तव्य मार्फत घोषणा गरिएका प्रस्तुत नीति कार्यान्वयनका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्नु पर्दछ। प्रस्तावित रणनीतिको स्वरुप, कार्यक्षेत्र र संरचनाको सुक्ष्म विश्लेषणबाट मात्र उक्त रणनीतिमा उल्लेखित रणनीतिक दृष्टिकोण निर्धारण गर्ने आधार तयार हुने भएकोले रणनीतिको कार्यान्वयनशिलता बढाउन देहाय वमोजिमका क्रियाकलाप सञ्चालन गर्नु अनिवार्य हुन्छ।

- प्रस्तावित रणनीति र सोको आवश्यकता एवं अन्तरवस्तु निर्धारण गर्न रणनीतिको अवधारणा पत्र विकास गर्ने,

- रणनीति तर्जुमाका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह–सचिवको संयोजकत्वमा निजी क्षेत्रका छाता संगठनका प्रतिनिधी सहितको कार्यदल गठन गर्ने,
- कार्यदलको अग्रसरतामा प्रस्तावित रणनीति तर्जुमाका लागि सार्वजनिक–निजी सम्वाद आयोजना गर्ने,
- प्रस्तावित रणनीति तर्जुमाका क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास सहित मौजुदा व्यवस्थामा कायम रहेको न्यूनता विश्लेषण गर्ने,
- प्रस्तावित रणनीतिको संरचना, उद्देश्य, प्राथमिकता सहित राष्ट्रिय अर्थतन्त्रको सवलीकरणका लागि रणनीतिले जोड दिनुपर्ने क्षेत्रको विश्लेषणका आधारमा रणनीतिको मस्यौदा तयार गर्ने,
- प्रस्तावित मस्यौदा उपर प्रादेशिक र संघीय तहमा सार्वजनिक–निजी क्षेत्रसंग छलफल एवं अन्तरक्रिया आयोजना गरी सुझाव प्राप्त गर्ने,
- विकास साझेदार, अर्थतन्त्रका जानकार विज्ञ एवं सरोकार सम्वद्ध पक्षसंग प्रस्तावित रणनीति उपर छलफल गर्ने,
- रणनीतिलाई अन्तिम रुप दिइ स्वीकृत गर्ने ।

रणनीति तर्जुमाको उपर्यक्त प्रक्रियामा कार्यदलले विषयगत र क्षेत्रगत उप समिति गठन गरी प्रस्तावित रणनीतिमा क्षेत्रगत रुपमा अवलम्वन गर्नुपर्ने सुझाव तयार गर्ने ।

६ प्रस्तावित नीतिले अर्थतन्त्रमा पार्ने प्रभाव

प्रस्तावित दश वर्षे औद्योगिक विकास रणनीति औद्योगिक विकासको आधार तयार गर्ने उद्देश्यबाट तर्जुमा गरिने रणनीति हो । राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको हिस्सा अपेक्षित रुपमा बढ्न नसकेको परिस्थितिमा यस क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको बलियो आधार बनाउने ध्येय प्रस्तावित रणनीतिले अवलम्वन गरेको छ । नेपालको अर्थतन्त्रलाई विस्तारित गरी कुल ग्राहस्थ उत्पादनको आकार वृद्धि गर्ने प्रयासमा सरकार र निजी क्षेत्र दुवै प्रतिवद्ध रहेको र सोही प्रतिवद्धताका आधारमा लगानी पनि तदनुरुप परिचलान भएको पाइन्छ । देशभित्र उपलव्ध जनसाँख्यिक लाभ, भौगोलिक विशिष्टता एवं प्राकृतिक स्रोत र साधन उपयोगको पर्याप्त संभावना हुदाँ हुँदै पनि देशभित्र औद्योगिकरणको वातावरण अपेक्षाकृत रुपमा तयार नभएको परिस्थितिमा प्रस्तावित नीतिले औद्योगिक वातावरणमा कायम रहेको असहजताको विश्लेषणका आधारमा उपयुक्त रणनीति र कार्यनीति पहिचान गर्नेछ । नीतिको कार्यान्वयनबाट राष्ट्रिय अर्थतन्त्रको आधार बलियो बनाउन देहाय वमोजिम सकारात्मकता सृजना हुनेछ ।

- राष्ट्रिय अर्थतन्त्रमा औद्योगिक क्षेत्रको हिस्सा न्यूनतम ३० प्रतिशत पुर्‍याउने आधार तयार हुने,
- उद्योगको स्थापना र सञ्चालनमा निजी क्षेत्र प्रोत्साहित भइ निजी लगानी विस्तारित हुने,
- आत्मनिर्भर हुने औद्योगिक वस्तुको पहिचान भइ ती वस्तुको उत्पादन अभिवृद्धिका लागि नेपाल सरकारले उपलव्ध गराउने वित्तीय र गैर वित्तीय उत्प्रेरणाका साधनको उच्चतम उपयोग हुने,
- देशभित्र नै रोजगारी सृजना भइ जनसाँख्यिक लाभाँशको उच्चतम उपयोग हुने,
- स्वदेशी उत्पादन अभिवृद्धि भइ पैठारी न्यूनीकरणको माध्यमबाट व्यापार घाटा कम गराउन सहयोग पुग्ने,
- दिगो, समावेशी एवं उत्पादनशील अर्थतन्त्रको आधार तयार हुने,
- सेवा क्षेत्रको वृद्धिलाई सन्तुलित र दिगो बनाउने आधार तयार हुने ।

समग्रमा, नेपालको अर्थतन्त्रको संरचनागत रुपान्तरण सहित उच्च दरको आर्थिक वृद्धि आवश्यक रहेको वर्तमान परिस्थितिमा प्रस्तावित रणनीतिले सोको आधार तयार गर्न महत्वपूर्ण योगदान गर्ने निश्चित छ ।

७ प्रस्तावित नीति तर्जुमा र कार्यान्वयनको लागत

आगामी आर्थिक वर्षको वजेट वक्तव्य मार्फत नीतिगत रुपमा घोषणा गरिने प्रस्तावित नीति तर्जुमा सरकारको नियमित काम हो । प्रस्तावित नीति वमोजिम तर्जुमा गरिने दश वर्षिय औद्योगिक विकास रणनीति तर्जुमाका लागि नेपाल सरकारले नियमित कार्यक्रमका लागि विनियोजन गर्ने रकम नै पर्याप्त हुन्छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई चालु आर्थिक वर्षको लागि प्राप्त बजेट सिलिङ्ग मध्येबाट नै रु पचास लाख सम्मको कार्यक्रम प्रस्ताव गरी नीति वमोजिम रणनीति तर्जुमाको कार्यलाई अगाडी बढाउन सकिन्छ ।

यसका अतिरिक्त प्रस्तावित रणनीति तर्जुमाका लागि निजी क्षेत्रका संघ, संस्था र विकास साझेदारबाट पनि प्राविधिक सहयोग उपलब्ध हुने हुदाँ नेपाल सरकारले रणनीति तर्जुमामा ठूलो लगानी गर्नुपर्ने अवस्था देखिदैंन । तथापी, रणनीति कार्यान्वयनको क्रममा क्षेत्रगत निकायबाट सञ्चालन गरिने कार्यक्रमका लागि नेपाल सरकारबाट वार्षिक विनियोजनको माध्यमबाट थप लगानी गर्नुपर्ने अवस्था रहन्छ ।

८ नीति तर्जुमा र कार्यान्वयनको जोखिम र जोखिम व्यवस्थापनका उपाय

प्रस्तावित नीति राष्ट्रिय आवश्यकताद्वारा निर्देशित भएको विषय हो । औद्योगिक विकासको रणनीतिले राज्यका प्रतिवद्धता र प्राथमिकता निर्दिष्ट गर्ने कारण प्रस्तावित रणनीति तर्जुमाको घोषणामा ठूलो अन्तर विरोध र असहजता रहने देखिदैन । तथापी, रणनीति तर्जुमाको क्रममा रणनीतिक उद्देश्य, प्राथमिकता, सहुलियत एवं सुविधा निर्धारणमा देखिने दृष्टिकोण र मान्यताले रणनीति उपर थुप्रै चुनौती सृजना हुने जोखिम देखिन्छ । विशेषत यस रणनीति उपर राजनीतिक र प्रशासकीय पदाधिकारीको दृष्टिकोण र स्वामित्व, निजी क्षेत्रको अपेक्षा एवं राज्यको सक्षमता र सामर्थ्यताको परिधिमा रणनीति तर्जुमाको सिलसिलामा देहायका जोखिम सामना गर्नुपर्ने अवस्था रहेको छ ।

- आवधिक औद्योगिक विकास रणनीति तर्जुमामा अन्तर निकाय अन्तर्सम्वन्ध कमजोर हुने,
- निकायगत उद्देश्य, दृष्टिकोण र अडानका कारण रणनीतिका विषय प्रभावित हुने,
- रणनीति तर्जुमाका लागि आवश्यक स्रोत पर्याप्त रुपमा विनियोजन हुन नसक्ने,
- रणनीति बमोजिम उद्योग क्षेत्रलाई प्रदान गरिने सहुलियत र सुविधा प्रति अर्थ मन्त्रालय सहमत हुन नसक्ने,
- प्रस्तावित रणनीतिमा निजी क्षेत्रका माग यथोचित रुपमा समावेश नहुने,
- आत्मनिर्भर हुने वस्तुको सूची पहिचान गरी ती वस्तुको प्रवर्द्धनका लागि प्रदान गरिने सुविधाका सम्वन्धमा सहमती हुन जटिल हुने,
- विगत देखि कार्यान्वयनमा रहेका नीति तथा रणनीति अनुरुप सामञ्जस्यता एवं सुधार हुन नसक्ने,
- रणनीति कार्यान्वयनको अनुगमन गर्ने निकाय र सोको भूमिका स्पष्ट नहुदाँ रणनीति कार्यान्वयनमा शिथिलता आउने ।

रणनीति तर्जुमामा उपर्युक्त जोखिम कायम रहे तापनि प्रस्तावित रणनीति नेपालको औद्योगिक विकासको महत्वपूर्ण आधार हो । लामो समयदेखि उद्योगको विकासका लागि सञ्चालन गरिएका कार्यक्रम र नीतिको कार्यान्वयनबाट औद्योगिक विकासको प्रक्रियामा अपेक्षित रुपमा सकारात्मक अवस्था सृजना नभएको परिप्रेक्ष्यमा औद्योगिक विकास रणनीतिको तर्जुमा र कार्यान्वयनबाट उद्योग क्षेत्रलाई विशेष प्राथमिकता प्राप्त क्षेत्रको रुपमा स्थापित हुने आधार प्रदान गर्ने हुदाँ रणनीतिको तर्जुमा र कार्यान्वयनमा परिलक्षियत गरिएका जोखिमलाई निम्नानुसार व्यवस्थापन गरी रणनीतिको कार्यान्वयनलाई पूर्णता दिनु जरुरी देखिन्छ ।

- प्रस्तावित रणनीतिको आवश्यकता र औचित्य प्रभावकारी रुपमा सञ्चार गर्ने,

- प्रस्तावित रणनीति तर्जुमामा सरोकार सम्वद्ध पक्षसंग वृहत छलफल र अन्तरक्रिया गर्ने,
- तथ्य र प्रमाणमा आधारित रणनीतिक कार्यक्रम प्रस्ताव गर्ने,
- राष्ट्रिय सक्षमता, आवश्यकता र संभाव्यतालाई मध्येनजर राखी रणनीति, नीति तथा कार्यनीति प्रस्ताव गर्ने,
- रणनीति कार्यान्वयनको संस्थागत र संरचनागत आधार तयार गर्ने,
- रणनीति कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनमा सरकारका अतिरिक्त विकास साझेदारर निजी क्षेत्रलाई परिचालन गर्ने,
- रणनीति कार्यान्वयनका लागि राजनीतिक र प्रशासनिक प्रतिवद्धता र विश्वास जागृत गर्ने ।

नीति : ३

औद्योगिक क्षेत्रको सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराउने सम्बन्धी नीति

१ पृष्ठभूमि

उद्योगको स्थापना र सञ्चालनको लागि गुणस्तरीय र पहुँचयोग्य औद्योगिक पूर्वाधार आवश्यक पर्दछ । उद्योगसम्मको सडक पहुँच, विद्युत, पानी, ढल निकास लगायतका पूर्वाधार सेवाको सुनिश्चितताबाट मात्र उद्योग स्थापनाका लागि उद्यमीलाई आकर्षित गर्दछ । उद्योगको स्थापना र सञ्चालनका लागि आवश्यक पर्ने जमिन र औद्योगिक पूर्वाधारको उपलब्धताको हालको स्थितिको आधारमा उद्योग स्थापना र सञ्चालन निकै जटिल एवं कठिन विषय बन्दै गएको छ । जग्गाको हदवन्दी सम्बन्धी व्यवस्था, भू–उपयोग योजनाको अस्पष्टता, औद्योगिक पूर्वाधारको न्यूनता एवं स्थानीय अवरोध लगायतका अन्य कारणले उद्योगको स्थापना र सञ्चालनमा विविध प्रकारका असहजता सृजना हुँदै गएको छ ।

उद्योग स्थापना, सञ्चालन र व्यवस्थापनमा सहजीकरण गर्न विगत लामो समयदेखि नेपाल सरकारले औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक ग्राम स्थापना गरी सञ्चालनमा ल्याएको छ । औद्योगिक पूर्वाधार सहित स्थापना गरिएका यी क्षेत्र वा ग्रामको सञ्चालन उद्देश्यपरक रुपमा हुन सकेको छैन । भौगोलिक अनुकूलता, पूर्वाधार सेवाको पर्याप्तता, सञ्चालन लागत एवं व्यवस्थापकीय दक्षताको अभावको कारण अधिकाँश औद्योगिक क्षेत्र न्यून क्षमतामा सञ्चालनमा रहेका छन । नेपाल सरकारले चितवन, मकवानपुर, बाँके, रुपन्देही, कैलाली लगायतका जिल्लामा थप औद्योगिक क्षेत्र स्थापना गर्न आन्तरिक लगानी बढाइरहेको छ । यसका अतिरिक्त झापाको दमकमा विदेशी लगानीमा औद्योगिक पार्कको निर्माण पनि अन्तिम चरणमा रहेको छ । मौजुदा औद्योगिक क्षेत्र नै पूर्ण रुपमा सञ्चालन हुन नसकेको हालको अवस्थामा नयाँ स्थापना गरिने ठूला औद्योगिक क्षेत्रको सञ्चालन र व्यवस्थापन थप चुनौतीपूर्ण हुने देखिन्छ ।

औद्योगिक क्षेत्रको व्यवस्थापन र सञ्चालनको हालको व्यवस्थाले निजी उद्यमीलाई प्रोत्साहित गर्न सकेको छैन । उद्यमीको आवश्यकता र दक्षता अनुकूल औद्योगिक क्षेत्रको सञ्चालन र व्यवस्थापन नहुँदा नेपाल सरकारको लगानीको प्रतिफल संकुचित हुन पुगेको छ । उद्योग स्थापनाका लागि स्थानको अभाव रहने समस्याबाट निजी क्षेत्र गुज्रिरहेको छ भने सरकारको ठूलो लगानीमा स्थापना भएका औद्योगिक संरचनाको उपयोग पूर्ण रुपमा हुन सकेको छैन । सरकारले निर्माण गरेका औद्योगिक पूर्वाधारको सञ्चालनमा निजी क्षेत्र उत्साही रहेको र सार्वजनिक (निजी साझेदारीको अवधारणा वमोजिम ती पूर्वाधार सञ्चालन गर्न प्रस्ताव गरिरहेको परिवेशमा नेपाल सरकारले स्थापना गरी पूर्ण रुपमा सञ्चालनमा ल्याउन नसकेका र निर्माणाधीन औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराउने नीति अवलम्बन गरी निजी क्षेत्रको व्यवस्थापकीय कौशलको पूर्ण प्रयोग गर्ने आधार तयार गर्नु जरुरी भएको छ ।

२ औद्योगिक क्षेत्र र तीनको सञ्चालन अवस्था

नेपालमा औद्योगिक विकासको आधार तयार गर्न सन १९६५ देखि नै औद्योगिक क्षेत्रको स्थापना गर्ने कार्य प्रारम्भ गरिएको थियो । औद्योगिक पूर्वाधार सेवालाई एकीकृत रुपमा उपलब्ध गराँउदै उद्यमीलाई सरल, किफायती एवं सहज ढङ्गबाट औद्योगिक पूर्वाधार सहितको स्थान उपलब्ध गराउन स्थापना गरिएका औद्योगिक क्षेत्रले उद्योगको स्थापना र सञ्चालनमा उल्लेख्य योगदान गरेको पाइन्छ । बालाजु, पाटन, भक्तपुर, धरान, नेपालगञ्ज लगायतका क्षेत्रमा स्थापना गरिएका औद्योगिक क्षेत्र नेपालको औद्योगिक विकासको इतिहाँसको रुपमा स्थापित भएका छन । नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको औद्योगिक क्षेत्र व्यवस्थापन कम्पनी लिमिटेडको व्यवस्थापनमा देहायका स्थानमा देहायको क्षेत्रफल सहितको औद्योगिक क्षेत्र स्थापना गरिएका छन । साथै, नेपाल सरकारले सम्वन्धित प्रदेश सरकारसंगको समन्वयमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापनाका लागि लगानी पनि विस्तार गरेको छ ।

सि.नं.	औद्योगिक क्षेत्र	जिल्ला	क्षेत्रफल	प्रत्यक्ष रोजगारी (जना)	सञ्चालन स्थिति
१	बालाजु	काठमाण्डौ	६७० रोपनी	४१६९	१४१ उद्योग
२	भक्तपुर	भक्तपुर	७१.२८ रोपनी	७८८	३७ उद्योग
३	पाटन	ललितपुर	२९३ रोपनी	१८००	११३ उद्योग
४	हेटौंडा	मकवानपुर	३२२८ रोपनी	४५००	१३३ उद्योग
५	गजेन्द्र नारायण सिँह	सप्तरी	२९४ रोपनी	६९	९ उद्योग
६	नेपालगञ्ज	वाँके	२३३ रोपनी	८५०	३७ उद्योग
७	पोखरा	कास्की	५०१ रोपनी	३०००	७७ उद्योग
८	धरान	सुनसरी	२०२ रोपनी	९८०	३७ उद्योग
९	वुटवल	रुपन्देही	४३४ रोपनी	१८२४	७२ उद्योग
१०	धनकुटा	धनकुटा	६२ रोपनी	प्राप्त नभएको	९ उद्योग
११	वीरेन्द्रनगर	सुर्खेत	९० रोपनी	२२५	२७ उद्योग
१२	मयुरधाप	मकवानपुर	निर्माणाधीन		
१३	शक्तिखोर	चितवन	निर्माणाधीन		
१४	नौवस्ता	वाँके	निर्माणाधीन		
१५	मोतीपुर	रुपन्देही	निर्माणाधीन		
१६	दैजि छेला	कञ्चनपुर	निर्माणाधीन		

नेपाल सरकारले स्थापना गरेका औद्योगिक क्षेत्रमा सरकारको तर्फबाट करिव रु ५५ अर्व र निजी क्षेत्रबाट रु २० अर्व लगानी भइ सकेको छ । ती औद्योगिक क्षेत्रमा करिव सात सय उद्योगले सञ्चालनका लागि अनुमती लिएका भए ता– पनि हालसम्म ६९२ उद्योग सञ्चालनमा रहेका र करिव १८ हजार २ सय ५ ले रोजगारी प्राप्त गरिरहेका छन् ।

हाल सञ्चालनमा रहेका र निर्माणाधीन औद्योगिक क्षेत्रमा उत्कृष्ट पूर्वाधार सेवा, सुविधा उपलब्ध गराउने प्रवन्ध गरिएको छ । तर, सवै औद्योगिक क्षेत्रमा उद्योग स्थापना र सञ्चालन गर्ने वातावरण निर्माण भएको छैन । ठूलो सार्वजनिक लगानीबाट स्थापना भएका निकासी प्रवर्द्धन क्षेत्र, विशेष आर्थिक क्षेत्र र पछिल्ला वर्षमा लगानी गरिएका औद्योगिक ग्रामको स्थापना र सञ्चालन पनि उद्देश्य अनुरुप हुन सकेको छैन । लगानी र उपलब्धीको विचमा रहेको अन्तर र प्रयोगहिन औद्योगिक पूर्वाधारको संरक्षणमा राज्यले वार्षिक रुपमा गर्नुपर्ने ठूलो लगानीको पृष्ठभूमिमा नेपाल सरकारको लगानीमा निर्माण भएका औद्योगिक पूर्वाधारको सञ्चालन र व्यवस्थापनको मौजुदा विधि परिमार्जन गरी निजी क्षेत्रलाई सहभागी गराउनु पर्ने भएको छ ।

३ औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रको सहभागिताको आवश्यकता र औचित्य

ठूलो लगानी र अपार संभावनाको पृष्ठभूमिमा निर्माण गरिएका औद्योगिक पुर्वाधारको सञ्चालन पूर्ण रुपम नहुँदा राज्यको लगानीको पुष्टि हुन सक्दैन । लगानीको प्रतिफल सहित उद्योगको स्थापना र सञ्चालनका लागि सहज वातावरण निर्माण गर्ने उद्देश्यबाट निर्माण गरिएका औद्योगिक पूर्वाधारको पूर्ण सञ्चालन हुने वातावरण निर्माण गर्न सरकार प्रयासरत रहेको देखिन्छ । तथापी, औद्योगिक क्षेत्रको हालको भौतिक अवस्था एवं पूर्वाधार सेवाको अपर्याप्तता एवं व्यवस्थापकीय शैली र विधिका कारण औद्योगिक क्षेत्रमा उद्योगको स्थापना सहज हुन सकेको छैन ।

औद्योगिक क्षेत्रको सञ्चालन र व्यवस्थापन व्यावसायिक मूल्य, मान्यता, दृष्टिकोण र विधिबाट हुनु पर्दछ । औद्योगिक पूर्वाधार सेवा र सुविधाको व्यवस्थापन शिघ्र एवं लागत प्रभावी ढङ्गबाट हुनु पर्दछ । तर, औद्योगिक क्षेत्र व्यवस्थापनको हालको विधि, व्यवस्थापकीय स्वायत्तताको स्तर एवं कानूनी व्यवस्थाले निजी क्षेत्रको अपेक्षा वमोजिम औद्योगिक क्षेत्र सञ्चालन हुन सकेको छैन । परिणामत निजी क्षेत्र आफ्नो व्यवसाय औद्योगिक क्षेत्रभित्र सञ्चालन गर्न इच्छुक रहेको पाइदैन । निजी क्षेत्र औद्योगिक क्षेत्रको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी सहित उद्योग स्थापना गर्न इच्छुक रहेको देखिन्छ । नेपाल उद्योग परिसंघ, नेपाल उद्योग वाणिज्य महासंघ लगायतका उद्यमी र व्यवसायीको छाता संगठन देशका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र निर्यात प्रवर्द्धन क्षेत्र सञ्चालनमा आफ्नो सहभागिता खोजि रहेको पाइन्छ ।

औद्योगिक क्षेत्रको स्थापना र सञ्चालन निजी उद्यमको विकासका लागि सहयोग पुर्याउने उद्देश्यबाट गरिएको हो । त्यसैले, उद्योगको प्रकृति, क्षमता, लगानी संभाव्यता एवं उत्पादन प्रविधि वमोजिम औद्योगिक क्षेत्रको सञ्चालन गर्ने व्यवस्था मिलाउनु जरुरी देखिन्छ । निजी उद्यमी र उद्यमीको समूहले औद्योगिक क्षेत्र सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गरेमा ती उद्यमीले क्षेत्रभित्रका औद्योगिक पूर्वाधारको व्यवस्थापन, विकास र संभारमा लगानी केन्द्रीत गरी उद्योग

स्थापनाको अनुकूल वातावरण निर्माण गर्दछन । औद्योगिक क्षेत्रको व्यवस्थापन, औद्योगिक क्षेत्रमा रहेका उद्योगको सञ्चालन तथा औद्योगिक क्षेत्रभित्र उपलब्ध भएका सेवा, सुविधालाई उद्योगमैत्री बनाउन सहयोग पुर्याउन औद्योगिक क्षेत्रको सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रको संलग्नता उपयुक्त हुन्छ । औद्योगिक क्षेत्र सञ्चालनका लागि हालको व्यवस्थापनले गरेको कार्य र निर्वाह गरेको भूमिकाबाट औद्योगिक क्षेत्रको सञ्चालन व्यवस्थित र उद्देश्यपरक ढङ्गबाट हुन नसकेको यथार्थतालाई मध्यनजर राखी हाल सञ्चालित र निर्माणाधीन औद्योगिक क्षेत्रको व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने नीति देहायको कारणले अवलम्वन गर्नु जरुरी हुन्छ ।

- औद्योगिक क्षेत्रको पूर्ण सञ्चालन गर्ने आधार तयार गर्न,
- व्यवस्थापन र सञ्चालनमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गरी औद्योगिक क्षेत्रमा राज्यले गरेको लगानीको प्रतिफल सुनिश्चित गर्न,
- औद्योगिक क्षेत्रभित्र उपलब्ध औद्योगिक पूर्वाधारको पूर्ण उपयोग गरी व्यवसायको प्रकृतिका आधारमा औद्योगिक पूर्वाधारको विकास गर्न रणनीति विकास गर्न,
- औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगको सञ्चालन खर्च न्यूनीकरण गर्न,
- व्यवस्थापकीय उत्कृष्टताको माध्यमबाट औद्योगिक क्षेत्रको व्यवस्थापन प्रभावकारी बनाउन,
- निजी क्षेत्रको लगानीमा नयाँ औद्योगिक क्षेत्रको स्थापना र सञ्चालनको संभावना विस्तार गर्न,
- स्थानीय तहमा निर्माणाधीन औद्योगिक ग्राम लगायत विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र सञ्चालनमा निजी क्षेत्रलाई परिचालन गर्ने आधार तयार गर्न,
- उद्योग स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाई आकर्षित गर्न ।

४ औद्योगिक क्षेत्रको सञ्चालनमा कायम रहेको जटिलता

निजी क्षेत्र औद्योगिकरणका लागि उपयुक्त स्थान उपलब्ध गराउन सरकारसंग माग गर्ने र सरकार औद्योगिक क्षेत्रमा उद्योग स्थापना र सञ्चालनका लागि प्रोत्साहित गर्न प्रयत्न गर्ने हालको अवस्थामा निजी क्षेत्र र सरकार दुवैको उद्देश्य प्राप्तिका लागि औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने व्यवस्था हुन जरुरी हुन्छ । औद्योगिक क्षेत्रको स्थापना र सञ्चालनलाई नेपाल सरकारले उच्च प्राथमिकता दिएको छ । नेपालमा नयाँ उद्योगको स्थापना तथा हालको उद्योगको क्षमता विस्तारका लागि वार्षिक रुपमा गरिएको विनियोजन तथा पूर्वाधार निर्माणमा भएको लगानी परिमाणले सरकारको प्राथमिकतालाई प्रतिविम्वित गराएको छ । तथापी, ती क्षेत्रको सञ्चालन पूर्ण रुपमा हुन सकेको छैन । निजी क्षेत्र औद्योगिक क्षेत्रमा उद्योग स्थापनाको वातावरण खोजी गर्न लालायित देखिएको छ ।

नेपाल सरकारको लगानीमा निर्माण गरिएका औद्योगिक क्षेत्रको सञ्चालनको जिम्मेवारी नेपाल सरकारको हो । लगानी संरक्षण र उपयोगको दृष्टिले प्रस्तुत व्यवस्था उपयुक्त रहे तापनि देहायका कारणले औद्योगिक क्षेत्रको सञ्चालन र व्यवस्थापनमा सहजता आउन सकेको देखिदैंन ।

- औद्योगिक क्षेत्रभित्र औद्योगिक उत्पादनको वातावरण कमजोर हुदैं जानु,
- औद्योगिक पूर्वाधार जीर्ण भएको तर सोको व्यवस्थापनमा लगानी परिचालन हुन नसक्दा उद्योग सञ्चालनको वातावरण नहुनु,
- औद्योगिक क्षेत्रको व्यवस्थापनमा व्यावसायिक कम कर्मचारीतन्त्रिय दृष्टिकोण र तरिका हावी हुनु,
- औद्योगिक क्षेत्र प्रयोगको शुल्क सहज र सरल नहुनु,
- औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगको सुरक्षा व्यवस्थापन कमजोर हुनु,
- औद्योगिक क्षेत्रभित्र स्थापना गरिएका उद्योग र कल कारखाना धितोमा राखी कर्जा प्राप्त गर्न संभावना नरहनु,
- औद्योगिक क्षेत्रमा स्थापना गरिएका उद्योग सञ्चालनमा व्यवस्थापकीय स्वायत्तता पूर्ण रुपमा प्रयोग हुन नसक्नु,
- औद्योगिक क्षेत्रको सञ्चालनमा सरकारी निकायको भूमिका सहजीकरण तर्फ नभइ नियन्त्रणकारी प्रकृतिको रहेको ।

निजी क्षेत्रको अपेक्षा औद्योगिक क्षेत्रको सञ्चालनमा व्यावसायिक मान्यता र दृष्टिकोणको उच्चतम प्रयोगबाट निर्माण गरिएका संरचनाको प्रभावकारी उपयोगतर्फ निर्देशित रहेको देखिन्छ । व्यवसायको लागि उपयुक्त र पर्याप्त पूर्वाधार सहितको औद्योगिक स्थलको अभाव रहेको हालको अवस्थामा सरकारले विकास र निर्माण गरेको यी पूर्वाधारको उपयोग गर्ने धारणा निजी क्षेत्रले व्यक्त गरिरहेको अवस्थामा औद्योगिक क्षेत्रको विकास र सञ्चालनमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्नु सार्वजनिक स्रोतको दक्षता र उत्पादकत्व अभिवृद्धि एवं निजी क्षेत्रको व्यावसायिकताको संरक्षण दुवै उद्देश्य प्राप्तिका लागि जरुरी हुन्छ ।

५ औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रको सहभागिता सम्बन्धी नीति प्रस्ताव

निजी क्षेत्रको सहभागितामा औद्योगिक क्षेत्र सञ्चालन गर्ने व्यवस्थाबाट औद्योगिक क्षेत्र पूर्ण रुपमा सञ्चालन हुने वातावरण तयार हुन्छ । निजी क्षेत्रले लामो समयदेखि उठाउँदै आएको प्रस्तुत विषयको कार्यान्वयन गरी निजी क्षेत्रको व्यावसायिक दक्षता पूर्ण रुपमा उपयोग गर्न आगामी आर्थिक वर्ष २०८१।८२ को बजेट वक्तव्यमा नीति सम्वोधनको रुपमा प्रस्तुत विषयलाई समेटनु जरुरी देखिन्छ ।

बजेटमा समावेश भएको नीति कार्यान्वयनको विधि र तरिका निर्दिष्ट गरी औद्योगिक क्षेत्रको स्थापना, विकास र सञ्चालनमा सार्वजनिक–निजी साझेदारीको अवधारणाका आधारमा सञ्चालन गर्न बजेट वक्तव्यमा देहायका नीति समावेश गर्न प्रस्ताव गरिएको छ ।

“औद्योगिक क्षेत्रमा उपलब्ध अवसरको पूर्ण उपयोग गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम हाल सञ्चालित र निर्माणाधीन औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराउने उपयुक्त विधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।“

सार्वजनिक–निजी साझेदारीको उपयुक्त विधि अवलम्वन गरी औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रको वित्तीय र व्यवस्थापकीय दक्षताको उपयोग गर्न उपयुक्त नीतिले आधार तयार गर्दछ । विशेषगरी निर्माणाधीन आधुनिक औद्योगिक क्षेत्रमा निजी क्षेत्रलाई सहभागी गराँउदा औद्योगिक क्षेत्र सञ्चालन सहज हुन्छ। पूर्वाधार निर्माणमा औद्योगिक आवश्यकता प्रतिविम्वित भइ लगानीकर्तालाई ती क्षेत्रमा उद्योग स्थापना र सञ्चालन गर्न सहयोगी वातावरण निर्माण हुन्छ ।

६ प्रस्तावित नीति कार्यान्वयनको क्रममा सम्पादन गर्नुपर्ने क्रियाकलाप

आगामी आर्थिक वर्ष २०८१।८२ को बजेट वक्तव्यमा समावेश गर्न प्रस्ताव गरिएको प्रस्तावित नीतिले औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रको सहभागिताको मार्ग प्रशस्त गर्दछ । सार्वजनिक लगानीको प्रतिफल प्राप्त गर्न र निजी क्षेत्रको व्यावसायिक दक्षता प्रयोग हुने वातावरण निर्माण गर्न सहयोगी प्रस्तावित नीति कार्यान्वयनका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्नु अनिवार्य हुन्छ। नीतिको पूर्णता नीति कार्यान्वयन अन्तर्गत सम्पादन गरिने क्रियाकलापको पहिचान र अवलम्वनबाट मात्र हुने भएकोले प्रस्तुत नीति कार्यान्वयनका लागि देहायका क्रियाकलापको सञ्चालन अनिवार्य हुन्छ ।

- हाल सञ्चालित र निर्माणाधीन औद्योगिक क्षेत्रको भौतिक पूर्वाधार तथा उपयोग सम्बन्धी अद्यावधिक विवरण तयार गर्ने,
- औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराउन हाल कायम रहेको कानूनी जटिलता, व्यवस्थापकीय विधिको पहिचान गरी उपयुक्त विधि सिफारिश गर्न कार्यटोली गठन गर्ने,
- औद्योगिक क्षेत्र सञ्चालनमा निजी क्षेत्रको सहभागिताको लागि तर्जुमा गर्नुपर्ने कार्यविधि तर्जुमा गरी स्वीकृत गर्ने,
- निर्माणाधीन औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणमा निजी क्षेत्रको लगानी परिचालनको आधार तयार गर्ने,
- औद्योगिक क्षेत्रको सञ्चालनमा सार्वजनिक–निजी साझेदारीको उपयुक्त विधि निक्यौल गरी निजी क्षेत्रलाई सहभागी गराउने ।

७ प्रस्तावित नीतिको कार्यान्वयनबाट अर्थतन्त्रमा पर्ने प्रभाव

प्रस्तावित नीति औद्योगिक क्षेत्रको विकासका लागि सहयोग पुर्याउन प्रस्ताव गरिएको नीति हो । उद्योग स्थापनाका लागि निजी क्षेत्रले भौतिक पूर्वाधारको अभाव महशुस गरिरहेको र सरकारबाट स्थापना गरिएका औद्योगिक क्षेत्र अपेक्षित रुपमा सञ्चालनमा आउन नसकेको पृष्ठभूमिमा राज्यको लगानीबाट निर्मित औद्योगिक पूर्वाधारको पूर्ण उपयोगमा निजी क्षेत्रको व्यावसायिक दक्षता, लगानी र सीप परिचालन गर्न औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रको सहभागिता अनिवार्य भएको छ। प्रस्तावित नीतिले सार्वजनिक लगानीको प्रतिफल प्राप्त गर्न, निजी क्षेत्रलाई उद्योगको स्थापना र सञ्चालनमा प्रोत्साहित गर्न र औद्योगिक उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुर्याउने विश्वास लिइएको छ ।

८ नीति कार्यान्वयनको लागत

औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराउन सहजीकरण गर्न प्रस्ताव गरिएको प्रस्तावित नीतिको तर्जुमा र कार्यान्वयनमा ठूलो लगानी आवश्यक देखिदैंन । पूर्वाधार निर्माण र सञ्चालनमा राज्यले गरेको लगानीको प्रतिफल सहित औद्योगिक क्षेत्रको व्यवस्थापनमा वार्षिक रुपमा राज्यबाट हुने हालको खर्च वचत गर्न सहयोग पुर्याउने प्रस्तावित नीतिले दिर्घकालीन दायित्व वहन गर्नुपर्ने अवस्था देखिदैंन ।

प्रस्तावित नीति कार्यान्वयनको लागि नेपाल सरकारले कार्यदल गठन गरी आफ्नो नियमित कार्यक्रमबाट नीति कार्यान्वयनको विधि तय गर्ने कार्यविधि र नियमावली तर्जुमा गर्ने, निजी क्षेत्रका प्रतिनिधिमूलक संघ, संस्था र औद्योगिक क्षेत्रभित्र उद्योग सञ्चालन गरिरहेका उद्यमीको धारणा, सुझाव प्राप्त गर्ने र सार्वजनिक पदाधिकारीसंग पनि प्रस्तुत विषयमा छलफल र अन्तरक्रिया गरी प्रस्तावित कार्यविधिका आधारमा औद्योगिक क्षेत्र सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराउने विधि तय गरिनु जरुरी हुन्छ। उपर्युक्त सबै कार्यका लागि आगामी आर्थिक वर्ष उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट रु ५० लाखको कार्यक्रम स्वीकृत गरि नीति कार्यान्वयन गर्नु उपयुक्त हुन्छ।

लागत रहित नीतिको रुपमा रहेको प्रस्तावित नीति बमोजिम औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराउने नीतिको कार्यान्वयन पछि सृजना हुने दायित्व, सोको व्यवस्थापन एवं औद्योगिक पूर्वाधारको मर्मत, सम्भार र विस्तारमा सरकारको भविष्यपरक दायित्वको सम्वन्धमा कार्याविधिमा नै स्पष्टता कायम गर्नु पर्दछ।

९ प्रस्तावित नीति कार्यान्वयनको जोखिम र जोखिम व्यवस्थापनका विधि

औद्योगिक क्षेत्रको स्थापना र सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराउने प्रस्तावित नीति नेपालको औद्योगिक क्षेत्रको व्यवस्थापनमा आयामिक रुपान्तरण गर्ने आधार हो । निजी क्षेत्रको व्यवस्थापकीय र व्यवसायिक क्षमताको प्रयोग विस्तारित गर्न सहयोग पुर्याउने प्रस्तावित नीतिको कार्यान्वयनबाट प्राप्त हुने सकारात्मकतासंगै नीति कार्यान्वयनका विविध पक्षमा जोखिम पनि सृजना हुन सक्ने संभावनाका आधारमा प्रस्तावित नीतिको कार्यान्वयनमा सृजना हुने जोखिमको आधार पनि सही रुपमा विश्लेषण गर्नु अनिवार्य हुन्छ।

नेपाल सरकारको लगानीमा निर्मित संरचनाको उपयोग र व्यवस्थापनका लागि नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको सार्वजनिक संस्थान क्रियाशील रहेको, निर्मित संरचनाको उपयोगबाट प्राप्त हुने लाभ नेपाल सरकारले उपयोग गरिरहेको र औद्योगिक क्षेत्रको स्थापना र सञ्चालन सम्बन्धी हालको अभ्यासले निरन्तरता पाएको वर्तमान अवस्थामा प्रस्तावित नीति कार्यान्वयनको क्रममा देहायका जोखिम सामना गर्नुपर्ने देखिन्छ।

- प्रस्तावित नीति कार्यान्वयनको क्रममा नीतिको उद्देश्य अनुरुप सबै औद्योगिक क्षेत्र निजी क्षेत्रबाट एकै पटक सञ्चालन गर्न असहज हुने,
- औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रलाई उपलब्ध गराउने विधि (प्रतिष्पर्धा वा अन्यमा सहमति कायम हुन जटिलता आउने,
- औद्योगिक क्षेत्रको सञ्चालन औद्योगिक क्षेत्रमा उद्योग सञ्चालन गरिरहेकाबाट गर्ने वा निजी क्षेत्रको अन्य एक इकाइबाट गर्ने विषयमा स्पष्टता कायम नहुने,
- औद्योगिक क्षेत्रको सञ्चालनमा सार्वजनिक–निजी साझेदारीको उपयुक्त विधि पहिचानमा समस्या सृजना हुने,
- क्षेत्रभित्रका पूर्वाधार सेवाको व्यवस्थापन, सञ्चालन तथा मर्मतमा हुने लगानी र प्राप्त हुने प्रतिफलको बाँडफाँटमा समस्या हुने,
- निजी क्षेत्रबाट सञ्चालन हुने कारण उद्योगले भुक्तानी गर्नुपर्ने भाडा वापतको रकम बढ्न सक्ने,
- औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबाट संस्थागत रुपमा अवरोध सृजना हुन सक्ने,
- निजी क्षेत्रको व्यवस्थापनमा रहेका औद्योगिक क्षेत्रभित्र राज्यले गर्ने लगानीको स्वरुप र लेखाङ्कनमा जटिलता सृजना हुने ।

औद्योगिक क्षेत्रको पूर्ण उपयोग गर्न ती क्षेत्रको व्यवस्थापन र सञ्चालनमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्नुको विकल्प देखिदैंन । तथापी, देशको सामाजिक, आर्थिक तथा राजनीतिक अवस्थाले निजी क्षेत्रको सहभागिताका सन्दर्भमा विभिन्न पक्ष र विपक्षका आवाज उठ्ने अवस्था विद्यमान रहेको छ । उद्योग क्षेत्रको सुधार र रुपान्तरण सहित सार्वजनिक लगानीको प्रतिफल प्राप्त गर्न र निर्मित संरचनाको उद्देश्यपरक उपयोग गर्न औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराउन सामना गर्नुपर्ने उपर्युक्त जोखिमको व्यवस्थापन गर्न उपयुक्तता एवं आवश्यकताका आधारमा क्रमवद्ध रुपमा औद्योगिक क्षेत्रको सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराउने, सञ्चालन तथा व्यवस्थपनका विधि, लगानी, प्रतिफल र अवधिको सम्बन्धमा कार्यविधिमा नै स्पष्ट गर्ने, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र एवं निकासी प्रवर्द्धन केन्द्र लगायत औद्योगिक ग्रामको व्यवस्थापन र सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराउन आवश्यक कानूनी व्यवस्थाका लागि नियमावली तर्जुमा लगायत निजी क्षेत्रका छाता संगठनको राय र सुझाव समेतको आधारमा प्रस्तावित नीति कार्यान्वयन गर्न सामना गर्नुपर्ने जोखिम व्यवस्थापनको रणनीति तर्जुमा पनि जरुरी हुन्छ ।

नीति : ४

निकासीयोग्य वस्तुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ तथा माध्यमिक वस्तुको आन्तरिक उत्पादन अभिवृद्धिका लागि लगानी परिचालन सम्बन्धि नीति

१ पृष्ठभूमि

प्रत्येक आर्थिक क्रियाकलापको प्रभाव विस्तारित हुँदा मात्र अर्थतन्त्रबाट सृजना हुने लाभ समन्यायिक रुपमा रुपमा प्राप्त हुन्छ । उत्पादन, उपभोग तथा वितरण श्रृङ्खलाका प्रत्येक गतिविधिले आर्थिक क्रियाकलाप सृजना हुने आधार दिन्छ । आर्थिक वृद्धिको प्रभाव अर्थतन्त्रका प्रत्येक क्षेत्र र पक्षमा सुनिश्चित गर्दै आर्थिक, सामाजिक तथा मानवीय विकासका सूचकलाई सवल बनाउनु जरुरी हुन्छ ।

निर्यातमूलक उद्योगको स्थापना र तीनको कार्यकुशलताबाट सृजित लाभ, कच्चा पदार्थ तथा माध्यमिक वस्तु उत्पादन गर्ने उत्पादक तथा तीनको सहयोगीसम्म विस्तारित हुनु पर्दछ। निकासी व्यापारको पृष्ठ अन्तरसम्बन्ध सवल र प्रभावकारी हुँदा निकासीको दिगोपन कायम हुनुका साथै निकासी व्यापारको क्षेत्र पनि विस्तारित हुन्छ । निकासीयोग्य वस्तुको उत्पादन लागत स्वदेशी कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ र माध्यमिक वस्तुको गुणस्तर, उपलव्धता र मूल्यले निर्धारण गर्दछ। त्यसैले मौलिक र संभाव्य दिगो निकासी व्यापारका लागि निकासीयोग्य वस्तुमा स्वदेशी कच्चा पदार्थको प्रयोगलाई जोड दिने गरिन्छ।

नेपालबाट अन्तर्राष्ट्रिय वजारमा निकासी हुने प्रमुख वस्तुको सूचीमा रहेको ऊनी गलैंचा, तयारी पोशाक, धागो लगायतका अधिकाँश वस्तुका उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र माध्यमिक वस्तुको ठूलो हिस्सा आयात गर्ने गरिन्छ। आयातित कच्चा पदार्थको अन्तर्राष्ट्रिय मूल्य, ढुवानी, वीमा लगायतका अन्य वित्तीय र गैर वित्तीय लागत एवं प्रक्रियागत अवरोध तथा असहजताले नेपालमा उत्पादन हुने निकासीयोग्य वस्तुको उत्पादन लागत उच्च हुदैं गएको छ। समयमा नै कच्चा पदार्थ आपूर्ति नहुँदा निकासी वजारको आवश्यकता पुरा गर्न पनि चुनौती थपिएको छ। निकासी व्यापार अभिवृद्धि गर्ने नीतिको सफलता निकासीको अग्र अन्तर्सम्बन्ध मात्र नभइ पृष्ठ अन्तर्सम्वन्ध पनि सवल हुनुपर्ने वास्तविकतालाई मध्यनजर राखी निकासीयोग्य वस्तु उत्पादन गर्ने उद्योगमा प्रयोग हुने कच्चा पदार्थ स्वदेशमा नै सरल र सहज रुपमा उपलव्ध हुने वातावरण निर्माण गर्नु जरुरी भएको छ।

२ निकासी उद्योगका लागि कच्चा पदार्थ र सहायक कच्चा पदार्थ उपलव्धताको स्थिति

नेपालको निकासीयोग्य वस्तुको सूचीमा समावेश भएका केही वस्तु वाहेक अन्य वस्तुको स्वरुपमा नियमितता आउन सकेको छैन। निकासी गन्तव्य मुलुकको नीति र महसूल दर एवं स्वदेशी उत्पादनको लागत लगायतका कारणले निकासी योग्य वस्तुको प्रकृति र परिमाणमा स्थिरता आउन सकेको छैन । तथापी, नेपालको निकासी पहिचानको रुपमा स्थापित

ऊनी गलैंचा, फेल्ट, तयारी पोशाक एवं शिल्कका सामाग्री, हस्तकला लगायतका अन्य सामाग्रीको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको पैठारी परिमाण पनि बढ्दै गएको छ । नेपालमा उपलब्ध कच्चा पदार्थको जगमा स्थापित भएका निकासीयोग्य वस्तुको उत्पादन निरन्तरताका लागि स्वदेशी कच्चा पदार्थ अभाव हुदैं गएको छ । जनसाँख्यिक संरचनामा आएको परिवर्तन, कच्चा पदार्थ उत्पादन गर्ने आधार पेशाबाट बढ्दै गएको पलायन, श्रम आप्रवासन तथा कच्चा पदार्थको उत्पादन र प्रशोधनका लागि सहुलियत र सुविधाको अभावका कारण कच्चा पदार्थको आपूर्ति असहज वन्दै गएको छ ।

ऊनी गलैंचा उत्पादनमा प्रयोग हुने कच्चा ऊन, तयारी पोशाकको लागि आवश्यक पर्ने कपडा तथा धागो, धागो उत्पादनमा प्रयोग हुने कपास लगायतका अन्य सहायक सामाग्रीको उत्पादन परिमाण घट्दै जाँदा नेपालको परम्परागत पहिचानयुक्त तुलनात्मक लाभका वस्तुको उत्पादन एवं निकासी निरन्तरताका लागि कच्चा पदार्थ पैठारी गर्नुपर्ने वाध्यता सृजना भएको छ। नेपाल राष्ट्र बैंङ्कले नियमित रुपमा सार्वजनिक गर्ने तथ्याङ्कले पनि प्रस्तुत तथ्यलाई पुष्टि गरेको पाइन्छ । नेपालको निकासी हुने वस्तु र सोको परिमाण एवं पैठारी हुने कच्चा पदार्थको परिमाणको विचमा प्रत्यक्ष तादम्यता रहेको छ। नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको पहिलो आठ महिनाको आर्थिक गतिविधिका आधारमा प्रकाशन गरेको तथ्याङ्क अनुसार निकासीमूलक उद्योगले पैठारी गर्ने प्रमुख कच्चा पदार्थको पैठारी परिमाण र मूल्य देहाय वमोजिम रहेको छ ।

सि .नं.	वस्तु	२०७८/७९ को पहिलो आठ महिना (रु.दश लाखमा)	२०७९।८० को पहिलो आठ महिना (रु.दश लाखमा)	२०८०।८१ को पहिलो आठ महिना (रु.दश लाखमा)	वृद्धि प्रतिशत (गत आर्थिक वर्षसंगको तुलनामा)
१.	कपडा	२०८३६	१७२०६	२०७३९	२०.५
२.	धागो	१५९८६	१५३८३	१३५६५	-११.८
३.	कच्चा ऊन	११५१.६	९६३.६	११३०.५	१७.३२
४.	कच्चा सिल्क	१६४३.७	१६७४.०	१७०६.०	१.९

स्रोत:*cms/nrb.org.np*

उपर्युक्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा नेपालमा उत्पादन हुने निकासीयोग्य वस्तुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको ठूलो हिस्सा पैठारीबाट नै आपूर्ति हुने देखिन्छ ।

३ स्वदेशी कच्चा पदार्थको प्रयोग नहुँदा सृजित असहजता

दिगो, सक्षम र सवल निकासी प्रणाली विकास गर्न र निकासी व्यापारको आपूर्ति श्रृङ्खलालाई वलियो वनाउन स्वदेशमा नै उपलब्ध हुने कच्चा पदार्थको प्रयोगलाई जोड दिनु पर्दछ। पैठारीमा आधारित निकासी प्रणालीको लाभको ठूलो हिस्सा स्वदेशमा नरही पुन अन्य देशमा नै जाने कारण निकासी व्यापारले समष्टीगत अर्थतन्त्रमा सार्थक योगदान पुर्याउन सक्ने देखिदैंन । यसका अलावा उत्पादन प्रक्रियाको दक्षताबाट सृजित मूल्य अभिवृद्धिको लाभ मात्र निकासीको लाभ यथोचित

रुपमा प्राप्त हुन सक्दैन। विशेषत निकासी हुने वस्तुको उत्पादन प्रक्रियामा स्वदेशी कच्चा पदार्थको प्रयोग नहुँदा निकासी व्यापारमा देहायका असहजता सृजना भएको छ।

- निकासीयोग्य वस्तु उत्पादनका लागि आवश्यक कच्चा पदार्थको आपूर्ति प्रक्रियामा अनिश्चितता बढेको,
- अन्तर्राष्ट्रिय कारण र परिवेशले पैठारी गरिएका कच्चा पदार्थको ढुवानी समय अनिश्चित हुँदा उत्पादन प्रक्रिया प्रभावित भएको,
- पैठारी गरिने कच्चा पदार्थको मूल्य अस्थिरताका कारण निकासी हुने वस्तुको प्रतिष्पर्धात्मक क्षमता कमजोर भएको,
- पैठारी गरिने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा माध्यामिक उत्पादनको पैठारीमा कायम रहेको भन्सार तथा गैर भन्सारजन्य अवरोधले उत्पादन प्रणाली प्रभावित भएको,
- कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा माध्यामिक वस्तुको गुणस्तरमा देखिने भिन्नताबाट उत्पादन प्रभावित हुने जोखिम वढ्दै गएको,
- कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा माध्यामिक वस्तुको पैठारीका लागि ठूलो मात्रामा विदेशी मुद्रा विदेशिएको,
- निकासीयोग्य वस्तु उत्पादनमा प्रयोग हुने कच्चा र तयारी पदार्थको विचको मूल्य अभिवृद्धि पर्याप्त नहुँदा निकासी प्रभावित हुने जोखिम रहेको,
- निकासीयोग्य वस्तु उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ र तयारी पदार्थको विचको मूल्य अभिवृद्धि पर्याप्त नहुँदा निकासी प्रभावित हुने जोखिम रहेको,
- निकासीयोग्य वस्तु उत्पादन प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको मूल्य स्वदेशमा नै उपलव्ध गराइ प्रभावकारी पृष्ठ अन्तर्सम्वन्ध विकासको आधार न्यून भएको,
- निकासी व्यापारबाट राष्ट्रिय अर्थतन्त्रले प्राप्त गर्ने लाभ पूर्ण रुपमा प्राप्त गर्न नसकेको,
- निकासीयोग्य वस्तुको उत्पादन समयमा हुन नसकी निकासी अवसर गुम्ने जोखिम कायम नै रहेको।

४ निकासीयोग्य वस्तु उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ स्वदेशबाट नै प्राप्त गर्नुपर्नाको औचित्य र आवश्यकता

नेपालको अपार निकासी संभावनाको पूर्ण उपयोग गर्न निकासीयोग्य वस्तुको उत्पादन अन्तर्सम्वन्धलाई बलियो र प्रभावकारी बनाउनु पर्दछ। आयातीत कच्चा पदार्थमा आधारित निकासी व्यापार दिगो र सक्षम हुदैंन भन्ने तथ्य पछिल्ला अन्तर्राष्ट्रिय घटनाक्रमले पुष्टी गरेको छ। विशेषत रुस र युक्रेन विचको युद्ध, मध्यपूर्वको तनाव लगायत शक्ति सम्पन्न

देशका विचमा व्यापार प्रणालीको कारण सृजना हुने तनावले उत्पादन सामाग्रीको उपलव्धता प्रभावित हुन्छ । स्थानीय उत्पादनमा आधारित निकासीयोग्य वस्तुको विकासले श्रम, सीप, दक्षता र उद्यमशिलतालाई बलियो बनाउन योगदान पुर्याउने सन्दर्भमा निकासीयोग्य वस्तुको उत्पादनमा देहायका कारणले स्वदेशी वस्तुको उपयोग जरुरी भएको छ ।

- उत्पादनका लागि आवश्यक कच्चा पदार्थको आपूर्ति सुनिश्चित गर्न,
- कच्चा पदार्थको गुणस्तर, उत्पादन प्रक्रिया तथा परिमाण अभिवृद्धि गर्न,
- अन्तर्राष्ट्रिय बजारमा स्वदेशी कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ एवं माध्यमिक वस्तु माथीको पहुँच स्थापित गर्न,
- ढुवानी लागत सहित अन्य लागत कटौती गर्न,
- अन्तर्राष्ट्रिय बजारका माग अनुरुपको वस्तु उत्पादनका लागि आवश्यक कच्चा पदार्थको व्यवस्थापन गर्न,
- कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ एवं माध्यमिक वस्तुको उत्पादनलाई अन्तिम वस्तुको उत्पादन प्रणालीमा अन्तर आवद्ध गर्न,
- स्वदेशी उत्पादनको बजार सुनिश्चित गर्न,
- लागत प्रभावी उत्पादन प्रणाली विकास गर्न,
- कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा माध्यमिक वस्तु उत्पादन गर्ने उत्पादकको उद्यमशिलता विस्तार गर्न ।

स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादन प्रणालीले अर्थतन्त्रलाई सवल बनाँउछ । आर्थिक गतिविधिका प्रत्येक चरणमा सृजना हुने लाभलाई आन्तरिकीकरण गर्न सहयोग पुर्याउने आन्तरिक उत्पादन वलियो हुनुपर्ने वास्तविकतालाइ मध्यनजर राखी नेपालको निकासीयोग्य वस्तुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको आन्तरिक उत्पादन बढाउन राज्यको तर्फबाट थप लगानी गर्नु जरुरी भएको छ ।

५ निकासीमूलक उद्योगको कच्चा पदार्थको उपलव्धता र उपयोगमा कायम रहेको जटिलता

परम्परागत रुपमा स्थापित निकासीयोग्य वस्तुको अतिरिक्त अन्य निकासीयोग्य वस्तु उत्पादनमा प्रयोग हुने अधिकाँश कच्चा पदार्थ स्वदेशमा नै उपलव्ध हुँदा उत्पादन प्रक्रिया, प्रणाली सरल र व्यवस्थित बनाउन सहयोग पुग्दछ । स्वदेशी कच्चा पदार्थको प्रयोगले स्वदेशमा रोजगारी र स्वरोजगारी विस्तार हुन्छ । देशभित्रको स्रोतको उच्चतम उपयोगको आधार तयार हुन्छ । यसका अलावा कच्चा पदार्थको पैठारीका लागि भुक्तानी गर्नुपर्ने विदेशी मुद्रा पनि वचत हुन्छ । लामो र झण्झटिलो आयात प्रक्रिया, कच्चा पदार्थको उद्गम विन्दुमा देखिने सामयिक असहजताको अन्त्यका लागि पनि कच्चा पदार्थको उपलव्धता जरुरी हुनु पर्दछ ।

नेपालका परम्परागत निकासीमूलक सामाग्री उत्पादनमा प्रयोग हुने अधिकाँश कच्चा पदार्थ स्वदेशमा नै उत्पादन हुने प्रकृतिका रहे तापनि ती कच्चा पदार्थको उपलब्धता सहज हुन सकेको छैन । नयाँ सम्भाव्य निकासीयोग्य वस्तुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको उच्च संभावना रहे तापनि देहायका कारणले ती कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं माध्यमिक वस्तुको प्रयोगमा असहजता सृजना भएको छ ।

- स्वदेशी कच्चा पदार्थको उत्पादन परिमाण सिमित भएको कारण बजारको आवश्यकता अनुरुप ती वस्तुको आपूर्ति हुन नसक्नु,
- कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं माध्यमिक वस्तुको गुणस्तर परिक्षण तथा गुणस्तर आश्वस्ततामा लगानी कमजोर रहेको कारण गुणस्तरीय वस्तुको उपलब्धता बढ्न नसकेको,
- कच्चा पदार्थको उत्पादनका लागि सहुलियत तथा सुविधा न्यून रहँदा उत्पादक उत्प्रेरित हुन नसकेको,
- कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा माध्यमिक वस्तुको उत्पादन प्रक्रिया व्यवसायिक रुपमा सञ्चालन हुन नसकेको,
- कच्चा पदार्थको उत्पादन पकेट क्षेत्र विकास गर्न नसकिनु,
- कच्चा पदार्थको उत्पादनको बढ्दो लागतका कारण पेशाबाट पलायन हुने प्रवृत्ति बढ्दै जानु,
- निकासीमूलक वस्तु उत्पादन गर्ने उत्पादक र कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ एवं माध्यमिक वस्तुको उत्पादक र अन्तिम उत्पादकसंगको अन्तर्सम्वन्ध कमजोर रहेको,
- आन्तरिक उत्पादनलाई संरक्षण गर्ने कर प्रणाली कार्यान्वयन नहुँदा कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं माध्यमिक वस्तुको प्रतिष्पर्धात्मक क्षमता कमजोर रहेको ।

आन्तरिक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं माध्यमिक वस्तुको उत्पादन तथा उपयोग बढाउन र निकासीमूलक उद्योगको उत्पादन लागत घटाउँदै अर्थतन्त्रमा सकारात्मक भाव सृजना गर्न नेपाल सरकारले आगामी आर्थिक वर्षको वजेट मार्फत तदनुरुपको नीति अवलम्वन गर्नु जरुरी हुन्छ ।

६ स्वदेशी कच्चा पदार्थको उपयोग अभिवृद्धिका लागि आर्थिक वर्ष २०८१।८२ को वजेटमा समावेश गर्ने नीति प्रस्ताव

स्वदेशी कच्चा पदार्थको उपयोग बढाउन ती पदार्थको उत्पादनमा सहयोग र सहजीकरण गर्नु आवश्यक हुन्छ। उत्पादन लागत घटाउन, उत्पादन प्रणाली र प्रविधिमा प्राविधिक र वित्तीय सहयोग प्रदान गर्नुका साथै कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा माध्यमिक वस्तुको वजार पहुँच सुनिश्चित गर्नु पनि त्यतिकै जरुरी हुन्छ । निकासीकर्तासंगको सहकार्यमा विगतमा ऊन, अप्रशोधित पत्थर लगायत हस्तकलामा प्रयोग हुने सामाग्रीको उत्पादनका लागि सहयोग गर्ने कार्यक्रम सञ्चालन गरिए तापनि ती कार्यक्रम अपेक्षित रुपमा प्रभावकारी नभएको परिप्रेक्ष्यमा विगतको नीति

कार्यान्वयनको अनुभव समेतका आधारमा आगामी आर्थिक वर्ष २०८१।८२ का लागि देहायको नीति प्रस्ताव गरिएको छ ।

“निकासीमूलक उद्योगको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा माध्यमिक वस्तु स्वदेशमा नै उत्पादन गर्ने उद्देश्यबाट कच्चा ऊन, धागो, कपास, अप्रशोधित पत्थर एवं दूग्ध पदार्थ लगायतका वस्तु उत्पादनको पकेट क्षेत्र विकास गरिनेछ । ती वस्तु उत्पादन, प्रशोधन,भण्डारण तथा वजारीकरणका लागि प्राविधिक र वित्तीय सहुलियत उपलव्ध गराइनेछ ।“

वजेट मार्फत घोषणा गरिने प्रस्तुत नीतिले स्वदेशी कच्चा पदार्थ उत्पादनका लागि नेपाल सरकारले गर्ने सहयोगको लागि नीतिगत मार्गदर्शन गर्नेछ । प्रस्तुत नीति बमोजिम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत यस सम्बन्धि कार्यक्रम सञ्चालन गर्नु अनिवार्य हुन्छ । यस क्रममा मन्त्रालयले संघ, प्रदेश र स्थानीय सरकारसंग समन्वय र सहजीकरण गरी निकासीमूलक उद्योगसंगको सहकार्यमा यस सम्बन्धि कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ ।

७ प्रस्तावित नीति कार्यान्वयनबाट राष्ट्रिय अर्थतन्त्रमा पर्ने प्रभाव

राष्ट्रिय अर्थतन्त्रको सवलीकरण गर्ने माध्यम नै आन्तरिक उत्पादन अभिवृद्धि एवं राष्ट्रिय र अन्तर्राष्ट्रिय वजारको पहुँच विस्तार हो । नेपालको आन्तरिक उत्पादन कमजोर रहेको र निकासीयोग्य वस्तु उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको ठूलो हिस्सा पनि पैठारी गरि आपूर्ति गरिने कारण निकासी व्यापारको लाभ अर्थतन्त्रमा पूर्ण रुपमा उपयोग नभएको सन्दर्भमा आगामी आर्थिक वर्ष २०८१।८२ को वजेट मार्फत घोषणा गरिने उपर्युक्त नीतिले राष्ट्रिय अर्थतन्त्रमा देहायको प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

- निकासीमूलक वस्तु उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको उत्पादन अभिवृद्धिका लागि लगानी विस्तार हुने,
- कच्चा पदार्थ उत्पादनको कार्य व्यावसायिक रुपमा सञ्चालन भइ व्यावसायिक क्रियाकलापमा तीव्रता आउने,
- स्थानीय तहसम्म उद्यमशिलता विस्तार भइ स्वरोजगारी प्रवर्द्धन हुने,
- कच्चा पदार्थको पैठारीमा राज्यबाट बाहिरिने ठूलो परिमाणको विदेशी मुद्रामा न्यूनता आउने,
- निकासी व्यापारको लाभ राष्ट्रिय अर्थतन्त्रमा उच्चतम रुपमा परिचालन हुने,
- निकासी व्यापारको पृष्ठ अन्तरसम्वन्धयुक्त व्यवसाय विस्तार हुने,
- राष्ट्रिय अर्थतन्त्रको आधार सवल भइ अर्थतन्त्रको धारणा क्षमता बढ्दै जाने,
- आर्थिक विकासका थप संभावना उजागर हुने ।

सामान्यतया निकासी व्यापारको गुणात्मकता र परिमाणात्मकता वृद्धि हुनु अर्थतन्त्रको लागि सकारात्मक विषय हो । यसका अतिरिक्त स्वदेशी कच्चा पदार्थ वा सहायक कच्चा पदार्थको प्रयोगयुक्त निकासीयोग्य वस्तुको उत्पादन र निकासी अभिवृद्धिले राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ एवं सफल बनाउन महत्वपूर्ण योगदान गर्ने कारण प्रस्तावित नीतिको कार्यान्वयनबाट अर्थतन्त्रमा दूरगामी प्रभाव पर्ने निश्चित छ ।

८ नीति कार्यान्वयनको लागत

स्वदेशी कच्चा पदार्थको उत्पादन, प्रशोधन र प्रयोग बढाउन सहयोग पुर्याउने प्रस्तावित नीतिको कार्यान्वयनका लागि नेपाल सरकारको थप लगानी आवश्यक पर्दछ । लगानी न्यूनता, प्राविधिक सीप र ज्ञानको कमि, उत्पादन प्रक्रिया तथा प्रणालीमा आधुनिक विधिको उपयोगको कमि तथा व्यवस्थित र सुनिश्चित वजार प्रणालीको न्यूनताका कारण विगतमा निरन्तर रहेको उत्पादन प्रणाली खण्डित हुदैं गएको परिप्रेक्ष्यमा उक्त प्रणालीलाई पुनर्जागृत गर्न राज्यको तर्फबाट लगानी गर्नु वाञ्छनीय भएको छ ।

प्रस्तावित नीतिको सफलता र सार्थकता नीति कार्यान्वयनका लागि सरकारले गर्ने लगानीको स्वरुप र परिमाणले निर्धारण गर्दछ । तसर्थ, निकासीयोग्य वस्तुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको लागत र उत्पादन संभाव्यता, कच्चा पदार्थको प्रकृति, उत्पादन हुने क्षेत्र, उत्पादित वस्तुको गुणस्तर तथा परिमाण समेत विश्लेषण गरी कृषक तथा उत्पादक समूहलाई उत्पादनमा आधारित नगद अनुदान वा बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जाको व्याज अनुदान उपलव्ध गराउने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । यसका अतिरिक्त कच्चा पदार्थको प्रशोधन तथा गुणस्तर कायम गर्न समूहमा सञ्चालन हुने प्रशोधन केन्द्रको स्थापना गर्न पूँजीगत तथा सञ्चालन अनुदान र दूर्गम क्षेत्रमा उत्पादन हुने यस प्रकारका सामाग्रीको ढुवानीको लागि ढुवानी अनुदान उपलव्ध गराउने व्यवस्था पनि प्रस्तुत नीति कार्यान्वयनका लागि उपयोगी हुन्छ । निकासीमूलक उद्योग सञ्चालन गर्ने निकासीकर्ताको वस्तुगत संघसंगको सहकार्य एवं प्रदेश र स्थानीय सरकारको वित्तीय र व्यवस्थापकीय सहभागिताले पनि प्रस्तुत नीतिको कार्यान्वयनमा सहयोग पुर्याउँछ । नीति घोषणा भएको पहिलो वर्ष नीति कार्यान्वयनका लागि संरचना एवं कानूनी आधार तयार भइ कार्यान्वयन गर्न केही समय लाग्ने सन्दर्भमा आगामी आर्थिक वर्षमा प्रस्तावित नीति कार्यान्वयनका लागि रु २५ करोड विनियोजन हुनु आवश्यक देखिन्छ ।

९ प्रस्तावित नीति कार्यान्वयनको संभावित जोखिम र जोखिम व्यवस्थापनका विधि

स्वदेशी कच्चा पदार्थको उत्पादन र उपयोग बढाउन, आन्तरिक अर्थतन्त्रको आधार सवलीकरण गर्न र निकासी व्यापारलाई दिगो रुपमा विस्तारित गर्न प्रस्ताव गरिएको प्रस्तुत नीति कार्यान्वयनको सिलसिलामा विभिन्न प्रकारका जोखिम सृजना हुने सम्भावना देखिन्छ। जोखिमको प्रकृति विश्लेषण गर्दै जोखिम न्यूनीकरणका उपाय सहित प्रस्तावित नीति कार्यान्वयन गर्नुको विकल्प देखिदैन ।

स्वदेशी कच्चा पदार्थको प्रयोग बढाउने नीतिको सार्थकता र प्रभावकारिता नीति घोषणासंगै नीति कार्यान्वयनका लागि कायम रहेको अनुकूल वातावरण र नीति प्रतिको स्वीकार्यताले पनि निर्धारण गर्दछ। तसर्थ, नीतिको स्वीकार्यता बढाउन, नीति कार्यान्वयनमा पूर्व क्रियाशीलता कायम गर्न, नीति प्रति राजनीतिक र प्रशासनिक नेतृत्वको विचमा सहमति विश्वास कायम गर्न देहायका जोखिम परिलक्षियत गरिएका छन ।

- प्रस्तावित नीतिको कार्यान्वयन विधि र कार्यान्वयन संयन्त्र निर्माणमा असहजता,
- नीति कार्यान्वयनका लागि प्रस्ताव गरिएको वित्तीय स्रोत र विनियोजनका लागि रकमको न्यूनता,
- नीति कार्यान्वयनका लागि प्रदेश र स्थनीय तहको दृष्टिकोण र सहयोग,
- प्रस्तावित नीतिको लाभग्राही वर्गको क्षमता, दक्षता र इच्छाशक्ति,
- स्वदेशमा उत्पादित कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थको उपयोग प्रति स्वदेशी निकासीकर्ताको प्रतिवद्धता,
- स्वदेशी कच्चा पदार्थको उत्पादन, प्रशोधन र वितरणमा अनुदान सम्बन्धि कार्यविधीमा सहमति र सहजीकरण,
- नीति र नीति कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी निरन्तरताको सुनिश्चितता ।

प्रस्तावित नीति नेपालको निकासी व्यापार अभिवृद्धि गर्न सहयोग पुर्याउने महत्वपूर्ण आधार हो । निकासी हुने वस्तुको उत्पादन लागत र कच्चा पदार्थको आपूर्ति समय घटाउन सहयोग गरी प्रतिष्पर्धी उत्पादनको लागि प्रस्तावित नीति महत्वपूर्ण भएको सन्दर्भमा नीति र सोको कार्यान्वयनमा कायम रहेको जोखिम न्यूनीकरण गर्न देहाय वमोजिमका उपाय अवलम्वन गर्नु जरुरी हुन्छ ।

- प्रस्तावित नीतिको आवश्यकता र उपादेयताको वोध उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गराउने,
- प्रस्तावित नीति कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनमा निकासीकर्ताको पनि लगानी परिचालन गरी ती लगानीकर्तालाई सहुलियतदरको कर्जा उपलब्ध गराउने,
- प्रस्तावित नीतिको सञ्चार र कार्यान्वयनमा निकासीकर्ता संघलाई परिचालन गर्ने,
- स्वदेशी कच्चा तथा सहायक कच्चा पदार्थको गुणस्तर अभिवृद्धिका उपाय सहित ती वस्तुको खरीद सुनिश्चितता कायम गर्ने,
- प्रस्तावित नीतिको कार्यान्वयनमा उत्पादनमा आधारित अनुदान प्रणाली अवलम्वन गर्ने,
- नीतिको कार्यान्वयनका लागि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको भूमिका अभिवृद्धि गर्ने,
- नीतिको निरन्तरता सहित निजी क्षेत्रलाई कच्चा पदार्थको उत्पादन र प्रशोधनमा लगानी गर्न सरकारको तर्फबाट पुरक लगानी गर्ने व्यवस्था गर्ने,
- कच्चा पदार्थ तथा माध्यमिक वस्तुको उत्पादन गर्ने उत्पादकको क्षमता अभिवृद्धि गर्ने ।

निकासी व्यापारको महत्व र आवश्यकता पछिल्ला दिनमा बढ्दै गएको छ । निकासी अभिवृद्धिका राष्ट्रिय नीति, रणनीति एवं कार्यक्रमको पृष्ठभूमिमा ती नीतिको कार्यान्वयनको आधार तयार गर्न निकासीयोग्य वस्तु तथा सेवाको उत्पादन र व्यवस्थापनमा कायम रहेको असहजताको विश्लेषणका आधारमा उपयुक्त नीति अवलम्वन गर्नुपर्ने सन्दर्भमा प्रस्तावित नीतिले निकासी व्यापार अभिवृद्धिका लागि स्वदेशी कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा माध्यमिक वस्तुको उपयोगलाई व्यवस्थित गर्न सहयोग पुर्याउने निश्चित छ ।

नीति : ५

निर्यातमूलक उद्योगमा प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन गर्न सहयोग गर्ने सम्बन्धी नीति प्रस्ताव

१ पृष्ठभूमि

निकासी व्यापारको उच्च संभावनाको बावजुद नेपालले निकासीयोग्य वस्तुको उत्पादन र विस्तार गर्न सकेको छैन । विश्व बैंकले सन् २०२२ मा सार्वजनिक गरेको अध्ययन प्रतिवेदन अनुसार नेपालको निकासी सम्भाव्यता अमेरिकी डलर ९.२ विलियन[2] रहेको तर निकासीको उक्त अपार सम्भावनालाई पूर्ण रुपमा उपयोग गर्न नसक्दा आर्थिक वृद्धि, गरिवी न्यूनीकरण र सामाजिक तथा आर्थिक पूर्वाधार विकासका सम्भावना संकूचित भएको छ । परम्परागत र आधुनिक निकासीयोग्य वस्तुको पहिचान र विकास गरी नयाँ निकासी गन्तव्यमा नेपालको उत्पादन निकासी गर्न सकिने संभावनालाई नेपाल एकीकृत व्यापार रणनीतिले पनि स्वीकार गरेको छ। अथाह संभावना र बजार उपलब्धताको वावजूद पनि निकासीयोग्य वस्तु उत्पादनका लागि आवश्यक लगानीको न्यूनताको कारण नेपालको निकासी संभावनालाई पूर्ण रुपमा उपयोग गर्न सकिएको छैन । नेपालको आन्तरिक वचतले पूँजी निर्माणमा पर्याप्त योगदान गर्न सक्ने देखिदैंन । सिमित आन्तरिक पूँजिको मात्र प्रयोगबाट मात्र परम्परागत र संभाव्य नयाँ निकासीयोग्य वस्तुको उत्पादन र बजार विस्तार संभाव्य देखिदैन । तसर्थ, निकासीयोग्य वस्तुको उत्पादन एवं बजार विस्तारका लागि वाह्य लगानी परिचालन गर्नु अनिवार्य भएको छ ।

नेपालमा विदेशी लगानी परिचालन गर्न जारी भएको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ को उपदफा २ वमोजिम ऐनको अनुसूचीमा उल्लेख गरिएका उद्योग तथा व्यवसाय बाहेकका क्षेत्रमा विदेशी लगानी खुल्ला गरिएको छ। अनुसूचीमा समावेश भएको क्षेत्र विशेष गरी व्यवसायको प्रकृतिका आधारमा निर्धारण गरिएका छन । स्वदेशी उपभोग वा निर्यातको लागि नभइ क्षेत्रगत आधारमा विदेशी लगानी स्वीकृत हुन सक्ने व्यवस्था भएको कारण निकासी मूलक उद्योगको स्थापनाका लागि विदेशी लगानी आकर्षित गर्न थप व्यवस्था गर्नु जरुरी देखिन्छ ।

२ नेपालमा प्रत्यक्ष वैदेशिक लगानी परिमाण र क्षेत्र

उदारीकरणको अवधारणासंगै नेपालमा वैदेशिक लगानी परिचालन भएको पाइन्छ । विशेषत : Structural Adjustment Programme को कार्यान्वयनसंगै नेपालमा बैंङ्क तथा वित्तीय क्षेत्र सहित उत्पादनमूलक उद्योगमा विदेशी लगानीको आप्रवाह बढेको भए तापनि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को कार्यान्वयन पश्चात विभिन्न क्षेत्रमा वैदेशिक लगानी विस्तारित भएको देखिन्छ । ऊर्जा, पर्यटन, सूचना तथा सञ्चार, होटल तथा आतिथ्यता प्रदान गर्ने उद्योग एवं सिमेण्ट लगायतका विभिन्न क्षेत्रमा विस्तारित भएको प्रत्यक्ष वैदेशिक लगानीले नेपालको अर्थतन्त्रलाई विस्तारित बनाउन उल्लेखनीय योगदान पुर्‍याएको देखिन्छ । वैदेशिक लगानीको क्षेत्र र स्वरुपलाई सहजीकरण गर्न नयाँ ऐन जारी भए पश्चात प्रत्यक्ष वैदेशिक लगानीको परिमाण, परियोजना र क्षेत्र विस्तारित भएको देखिन्छ । क्षेत्रगत आधारमा नेपालको विशिष्टता र प्रतिष्पर्धात्मक क्षमता बढी भएका क्षेत्रमा लागानी विस्तारित हुदैं गएको देखिन्छ । उद्योग विभागको पछिल्लो विवरण अनुसार नेपालमा भित्रिएको वैदेशिक लगानी र सोको क्षेत्र देहाय बमोजिम रहेको देखिन्छ ।

---

[2] Exploring Nepal's Untapped Export Potential, 2022

क्षेत्र	लगानी परिमाण (रु दश लाखमा)	प्रतिशत	परियोजना संख्या
कृषि तथा वन	८४६८.२३	१.७४	३००
ऊर्जा	१३०७३४.५४	२७.३०	९२
सूचना प्रविधि	१३०४०.०६	२.७२	१४४
पूर्वाधार	५६६२.५१	१.१५	६८
उत्पादन	७४७२१.७३	१५.६२	१३२३
खानी तथा खनिज	८३३३.९५	१.७४	७५
सेवा	१३०४३५.९६	२७.२६	२०४५
पर्यटन	१०७४३३.९६	२२.४६	२०६४
जम्मा	**४७८३३०.९४**	१००	६१११

प्रत्यक्ष वैदेशिक लगानी परिचालन गर्न गरिएका नीतिगत प्रवन्ध, सरकारको निरन्तरको प्रयास एवं निजी क्षेत्रको क्रियाशीलताले वैदेशिक लगानीको परिमाण वृद्धि भएको छ । निकासीको उद्देश्यबाट पनि प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको र यसरी भएको लगानीमा सञ्चालित उद्योगले आफ्नो उत्पादन निकासी पनि गरिरहेको पाइन्छ । तथापी, भन्सार विन्दुबाट निकासी गर्दा निकासीकर्ताको स्थायी लेखा नम्बर र एक्जिम कोडको आधारमा निकासी हुने र ती निकासीमूलक उद्योगमा के कति वैदेशिक लगानी रहेको छ भन्ने जानकारी नहुने हुँदा निकासीकर्ताको व्यक्तिगत नाम र स्थायी लेखा नम्बरलाई आधार मानी थप तयारी सहित निकासीमूलक उद्योगमा कति विदेशी लगानी रहेको छ र ती उद्योगले कति निकासी गरेका छन् भन्ने तथ्याङ्क विश्लेषण गर्न सकिन्छ । तर, समयको सिमितताका कारण यो नीति प्रस्तावमा सो तथ्याङ्क समावेश गरिएको छैन् ।

३ निकासीमूलक उद्योगमा प्रत्यक्ष वैदेशिक लगानीको आवस्यकता

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ तथा नियमावली बमोजिम नकारात्मक सूचीमा रहेका क्षेत्र वाहेक अन्य क्षेत्रमा रु २ करोडभन्दा न्यून नहुने गरी विदेशी लगानी परिचालन गर्न सकिने व्यवस्था गरिएको छ । उद्योग, सेवा लगायतका विविध क्षेत्रमा तदनुरुप लगानी परिचालन पनि भएको छ । तथापी, निकासीयोग्य वस्तु उत्पादन गर्ने प्रयोजनका लागि विशिष्ट क्षेत्रमा वैदेशिक लगानी परिचालन गर्न सहजीकरण एवं सहयोग गर्ने व्यवस्था रहेको पाइदैन । तसर्थ नेपालबाट निकासी गर्ने उद्देश्यबाट परिचालन हुने प्रत्यक्ष वैदेशिक लगानी सम्वन्धी विशिष्टिकृत व्यवस्था गर्नु जरुरी देखिन्छ ।

ऊर्जा , खनिज, सूचना प्रविधि लगायतका उच्च निकासी संभावना भएका नेपाली उत्पादनको लागि ठूलो परिमाणको लगानी आवश्यक हुन्छ । परम्परागत रुपमा निकासी हुने वस्तुको उत्पादन लागत तुलनात्मक रुपमा बढी छ । फलस्वरुप नेपाली उत्पादनको प्रतिष्पर्धात्मक क्षमता कमजोर रहेको छ । उच्च परिमाणमा गुणस्तरयुक्त वस्तु तथा सेवा उत्पादनका लागि उत्पादन प्रणाली, प्रविधि, अनुसन्धान र विकासका क्षेत्रमा अतिरिक्त लगानी आवश्यक पर्दछ। तुलनात्मक रुपमा अधिक लगानी आवश्यक पर्ने ऊर्जाका ठूला परियोजना सहित अन्य निकासीयोग्य वस्तु उत्पादन गर्ने उद्योगमा स्वदेशी लगानी पर्याप्त छैन । प्रविधि, उद्यमशीलता र बजारको समिश्रणयुक्त पूँजीको आप्रवाहले निकासी संभाव्य रहेको परिस्थितिमा संभाव्य बजार देशका लगानीकर्ता सहित अन्य विदेशी लगानीकर्तालाई देहायको उद्देश्य प्राप्तिका लागि नेपालको निकासीयोग्य वस्तुको उत्पादन र बजारीकरणमा सहभागी गराउन अनुकूल वातावरण निर्माण गर्नु जरुरी भएको छ ।

- नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तुको उत्पादनमा आवश्यक लगानीको न्यूनता पूर्ति गर्न,
- नेपालका निकासीकर्ताले प्रयोगमा ल्याएको उत्पादन प्रविधि र प्रणालीलाई विस्तार गर्न,
- निकासीयोग्य वस्तुको बजार पहुँचलाई सहज बनाउन,
- अन्तर्राष्ट्रिय व्यापारमा संलग्न ख्याती प्राप्त समूहसंगको व्यापार सञ्जाल विकास गर्न,
- निकासीमूलक वस्तुको उत्पादन र बजारीकरणको मूल्य श्रृङ्खलाको सहि रुपमा उपयोग गर्न,
- अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गर्न,
- अन्तर्राष्ट्रिय बजारमाथीको पहुँचलाई सुनिश्चित गर्न ।

निकासीमूलक क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीले लगानीमात्र नभइ प्रविधि र उद्यमशीलता पनि विस्तार गर्ने हुँदा संभाव्य क्षेत्रमा विदेशी लगानी प्रोत्साहन गर्न अनुकूल नीति र कानूनी व्यवस्था गर्नु जरुरी देखिन्छ ।

४ निकासीमूलक उद्योगमा प्रत्यक्ष वैदेशिक लगानी परिचालन सम्वन्धी प्रस्तावित नीति

पूँजी र प्रविधिको न्यूनताको परिवेशमा निकासी संभावनाको उच्चतम लाभ प्राप्त गर्न निकासीयोग्य वस्तु उत्पादनमा प्रत्यक्ष वैदेशिक लगानी परिचालन गर्नु जरुरी भएको छ । विश्व मानचित्रमा विश्वका करिव ४० प्रतिशत जनसंख्याको वसोवास रहेको क्षेत्रमा करिव पाँच घण्टाको हवाइ दूरी रहेको नेपालको मौलिक प्राकृतिक उत्पादन, हावापानी अनुकूलका वस्तु तथा तुलनात्मक लाभ भएका अन्य वस्तु वा सेवाको उत्पादनको लागि अतिरिक्त लगानी आवश्यक रहेको परिप्रेक्ष्यमा ती वस्तुको उत्पादन र निकासीका लागि प्रत्यक्ष वैदेशिक लगानी उपयोग गर्न अनुकूल नीति तर्जुमा गर्नु जरुरी भएकोले आगामी आर्थिक वर्ष २०८१/८२ को वजेटमा देहायको नीति प्रस्ताव गरिएको छ ।

“निकासीमूलक उद्योगमा वैदेशिक लगानी परिचालन गर्न लगानीका क्षेत्रलाई विस्तारित गर्नुका साथै विदेशी लगानीकर्तालाई थप सुविधा प्रदान गरिनेछ । नेपाली उत्पादनको बजार सुनिश्चितता सहित आप्रवाह हुने विदेशी लगानीमा सञ्चालित उद्योगको स्थापना र सञ्चालनमा राज्यको तर्फबाट विशेष सहुलियत उपलव्ध गराइनेछ ।”

निकासीमूलक उद्योगको स्थापना र सञ्चालनमा न्यून रहेको लगानीको पूर्तिका लागि आन्तरिक पूँजीको अतिरिक्त वाह्य पूँजीको अनिवार्यता रहेको सन्दर्भमा संभाव्य लगानी उद्गम देशका लगानीकतालाई प्रविधि, बजार र पूँजी सहित नेपालको निकासीयोग्य वस्तुको उत्पादनमा लगानी गर्न अनुकूल वातावरण तयार गर्न उपर्युक्त वमोजिमको नीति घोषणा सहित तदनुरुपको क्रियाकलाप सञ्चालन गर्नु जरुरी देखिन्छ ।

५ नीति कार्यान्वयनका लागि सम्पादन गर्नुपर्ने क्रियाकलाप

आर्थिक वर्ष २०८१/८२ को वजेटमा प्रस्ताव गरिने प्रस्तुत नीतिले निकासीमूलक उद्योगमा प्रत्यक्ष वैदेशिक लगानी परिचालनका लागि नीतिगत मार्गदर्शन प्रदान गर्दछ । तथापी, प्रस्तावित नीतिको पूर्ण कार्यान्वयनका लागि थप क्रियाकलापको आवश्यकता रहन्छ । विशेषत प्रत्यक्ष वैदेशिक लगानीको व्यवस्थापन विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ तथा नियमावली, २०७७ तथा नेपाल सरकारको निर्णय बमोजिम निर्दिष्ट गरिएको लगानीका क्षेत्र, विधि र परिमाणमा निर्धारित हुन्छ । यसका अलावा विदेशी लगानीकतालाई प्रदान गरिने सहुलियत तथा सुविधा आयकर ऐन, भन्सार ऐन, मूल्य अभिवृद्धि कर ऐन लगायतका ऐनले व्यवस्थित गर्ने हुँदा उपर्युक्त ऐनमा पनि सामयिक रुपमा संशोधन आवश्यक पर्दछ । तथापी ती ऐनमा गर्नुपर्ने संशोधन मध्ये राजस्व सम्वन्धी व्यवस्था आर्थिक ऐनको संशोधन गर्न सकिने भए तापनि अन्य ऐनको संशोधन तत्काल तत्काल नभइ क्रमशः गर्दै जानु जरुरी उपयुक्त हुने सन्दर्भमा प्रस्तुत नीति कार्यान्वयनका लागि देहायका क्रियाकलाप सञ्चालन गर्नु जरुरी देखिन्छ ।

- निकासी प्रयोजनका लागि नकारात्मक सूचीमा रहेका वस्तुको उत्पादनमा विदेशी लगानी परिचालन गर्न हालको सूचीमा परिमार्जन गर्ने,
- निकासीमूलक उद्योग सञ्चालनका लागि आप्रवाह हुने वैदेशिक लगानी स्वीकृतिको प्रक्रिया सरल र सहज बनाउने,
- निकासीमूलक उद्योगको स्थापना र सञ्चालनका लागि आप्रवाह हुने विदेशी लगानीमा स्थापना हुने उद्योगलाई जग्गा लगायतका अन्य भौतिक पूर्वाधारको पहुँच सहज बनाउने,
- निकासीमूलक उद्योग स्थापना गर्ने उद्योगलाई निकासी प्रशोधन केन्द्रमा न्यून शुल्कमा स्थान उपलव्ध गराउने नीतिगत व्यवस्था गर्ने,
- विदेशी लगानीमा सञ्चालित निकासीमूलक उद्योगलाई आयकर थप छुट प्रदान गर्न सकिने संभावित क्षेत्रको अध्ययन गर्ने ।

बजेट मार्फत घोषणा गरिएको नीतिले निकासीमूलक वस्तु तथा सेवाको उत्पादन र निकासीको प्रयोजनका लागि प्रत्यक्ष वैदेशिक लगानी परिचालन गर्ने आधार तयार गर्दछ। तसर्थ, नीतिगत आधार बमोजिम उक्त नीतिको पूर्णताका लागि सञ्चालन गरिनुपर्ने उपर्युक्त वमोजिमका क्रियाकलापका अतिरिक्त अन्य क्रियाकलाप पनि पहिचान गर्नु जरुरी हुन्छ।

६ प्रस्तावित नीति कार्यान्वयनबाट अर्थतन्त्रमा पर्ने प्रभाव

नेपाल पूँजी आयात गर्ने देश भएको सन्दर्भमा उच्च आर्थिक बृद्धि सहितको दिगो एवं समावेशी विकासलाई सहयोग पुग्ने गरी लगानी विस्तारित गर्नु अनिवार्य हुन्छ। नेपाल सरकारले समय–समयमा आयोजना गरेको लगानी सम्मेलनको उद्देश्य पनि लगानी विस्तारित तर्फ निर्देशित रहेको परिप्रेक्ष्यमा आन्तरिक र वाह्य बजारको लागि अनुकूल उत्पादन बढाउन, प्रविधि आमन्त्रण गर्न र उद्यमशीलता विकास गर्न विदेशी लगानी परिचालनको विकल्प रहँदैन।

नेपालको उच्च निकासीयोग्य संभावनाको उपयोगमा लगानी वाधक रहेको तथ्य पुष्टी भइ सकेको सन्दर्भमा उच्च मूल्य अभिवृद्धि सहित विदेशी मुद्रा आर्जन हुने वस्तु तथा सेवाको उत्पादन बढाउन अन्तर्राष्ट्रिय लगानीकतालाई लक्षियत गरी कानून, प्रणाली र कार्यविधिमा परिमार्जन गर्ने प्रतिवद्धताले नेपालको अर्थतन्त्रमा देहायका सकारात्मकता सृजना हुन्छ।

- नेपाललाई अन्तर्राष्ट्रिय लगानीकताको आकर्षक गन्तव्यको रुपमा स्थापित गर्न,
- नेपालमा रहेको ऊर्जा, कार्वन व्यापार, प्रशोधित तथा अर्ध प्रशोधित खनिज पदार्थ, तरकारी लगायतका वस्तुको उत्पादनमा लगानी विस्तार गरी स्रोत र साधनको उच्चतम उपयोग गर्न,
- स्वदेशी निजी क्षेत्रसंगको सहकार्यमा भित्रिने प्रत्यक्ष वैदेशिक लगानीले स्वदेशी उद्यमीको क्षमता विकास र प्राविधिक सशक्तिकरण गर्न,
- विप्रेषणमा आधारित अर्थतन्त्रको संरचनागत पक्षमा सुधार भइ सक्षम, सबल र दिगो अर्थतन्त्रको आधार निर्माण गर्न,
- राष्ट्रिय अर्थतन्त्रको विस्तार र विविधिकरणमा सहजीकरण गर्न,
- अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धात्मक क्षमता बढाउन,
- नेपालको अर्थतन्त्रको वाह्य एवं आन्तरिक क्षमता बढोत्तरी र विस्तार।

प्रत्यक्ष वैदेशिक लगानीले विदेशी पूँजी मात्र आकर्षित गर्दैन। पूँजी सहित अन्तर्राष्ट्रिय बजार सञ्जाल विकासका लागि पनि वैदेशिक लगानी महत्वपूर्ण हुने सन्दर्भमा नेपालका निकासीमूलक उद्योगमा प्रत्यक्ष वैदेशिक लगानीको परिचालनलाई अर्थतन्त्रमा वहुक्षेत्रगत अनुकूलता सृजना हुने निश्चित छ।

७ प्रस्तावित नीति कार्यान्वयनको लागत

निकासीमूलक क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी परिचालनमा सहयोग एवं सहजीकरण गर्न प्रस्ताव गरिएको नीति कार्यान्वयनबाट नेपाल सरकारलाई प्रत्यक्ष आर्थिक भार पर्ने देखिदैंन । तथापी, आयकर ऐनमा संशोधन गरी त्यस्ता लगानीलाई आयकरमा छुट प्रदान गर्ने व्यवस्था कार्यान्वयन भएमा सोबाट सरकारले भविष्यमा सङ्कलन गर्ने राजस्व प्रभावित हुनेछ। नेपाल सरकारले निकासीमूलक उद्योगलाई कर महसूलमा छुट दिइ विदेशी मुद्राको दिगो स्रोतको रुपमा निकासी व्यापारलाई प्रवर्द्धन गर्ने नीति र कार्यक्रम सञ्चालन गरिरहेको परिप्रेक्ष्यमा निकासमूलक उद्योगलाई आयकरमा थप छुट दिने व्यवस्थाले अर्थतन्त्रको लागत बढ्ने देखिदैन ।

साथै, यस प्रकारको लगानीलाई विशेष आर्थिक क्षेत्रमा स्थान उपलब्ध गराउने, अन्य सेवा, सुविधामा सहजीकरण गर्ने लगायतका व्यवस्थाको कार्यान्वयनबाट पनि राज्यले ठूलो वित्तीय दायित्व बहन गर्नुपर्ने अवस्था नरहेकोले प्रस्तुत नीतिबाट अर्थतन्त्रलाई सकारात्मकता सृजना हुने निश्चित छ ।

८ नीति कार्यान्वयनमा कायम रहेका जोखिम र जोखिम व्यवस्थापन

निकासीमूलक उद्योगमा प्रत्यक्ष वैदेशिक लगानी परिचालन गर्ने नीतिले राष्ट्रिय अर्थतन्त्रलाई सवलीकरण गर्न सहयोग पुर्याउँछ । अन्तर्राष्ट्रियस्तरको व्यवस्थापकीय दक्षता, सीप र कौशल सहित नेपाल भित्रिने वैदेशिक लगानीले निकासी व्यापारमा रहेका दूर्बलता पहिचान गर्दै ती दूर्बलताको न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय अभ्यास र अनुभवको आधारमा उपयुक्त विधि पहिचान गर्न पनि सहयोग पुर्याउँछ ।

विदेशी लगानीका थुप्रै सबल पक्ष रहेका छन । यद्यपी, वैदेशिक लगानी परिचालन हुने क्षेत्र र विषयका आधारमा यस सम्वन्धमा देशगत धारणा पनि निर्माण गरिएको हुन्छ । नेपालमा वैदेशिक लगानी परिचालनका लागि सहयोगी वातावरण निर्माण हुदाँ हुदैं पनि निकासीमूलक उद्योगमा वैदेशिक लगानी परिचालन गर्दा नेपालको आर्थिक, सामाजिक तथा शासकीय दृष्टिकोणबाट देहायका जोखिम सृजना हुने संभावना रहेको छ ।

- परम्परागत निकासीयोग्य वस्तुको उत्पादकबाट आफ्नो व्यवसायको क्षेत्रमा वैदेशिक लगानी परिचालनमा विरोध हुने,
- निकासीयोग्य वस्तुको उत्पादन गर्ने वस्तुको अधिकाँश कच्चा पदार्थ पैठारी गरी निकासी सुविधा मात्र प्राप्त गर्ने प्रवृत्ति बढ्ने,
- नयाँ निकासीयोग्य वस्तुको पहिचान नगरी हाल स्थापित निकासीयोग्य वस्तुमा केन्द्रीत भइ लगानी हुने प्रवृत्ति बढ्ने,
- ठूलो लगानीको अपेक्षाबाट घोषणा गरिएको नीतिको कार्यान्वयनबाट विदेशी लगानीको हालको सीमाभित्र कै लगानी परिचालन हुने जोखिम रहने,
- विदेशी लगानी परिचालन भइ स्थापना भएका उद्योगबाट उत्पादन भएका वस्तुको निकासीमा निकासी गरिने मुलुकबाट अवरोध सृजना हुने,
- निकासीयोग्य वस्तु उत्पादन गर्ने गरी स्थापना भएका उद्योगको लाभाँश फिर्तामा राजनीतिक र प्रशासनिक उल्झन सृजना हुने,
- निकासीयोग्य वस्तु उत्पादन गर्ने उद्देश्यबाट परिचालन हुने वैदेशिक लगानीको सहजीकरण र समन्वयमा असहजता आउन सक्ने ।

निकासीमूलक उद्योगमा वैदेशिक लगानी परिचालन गर्दा सृजना उपर्युक्त प्रकारका जोखिमको संभावना रहे तापनि नेपालको आर्थिक समृद्धि र विकासका लागि वैदेशिक लगानी परिचालनको विकल्प देखिदैंन । देशमा रहेको अवसर र स्रोतको बीचमा कायम रहेको अन्तरलाई पूर्ति गर्न वैदेशिक लगानी जरुरी देखिन्छ ।

वैदेशिक लगानी स्वदेशी उद्यमशीलता र सक्षमताको प्रयोगलाई अभिवृद्धि गर्ने माध्यम हो । आन्तरिक क्षमता बढाउन र आन्तरिक स्रोत परिचालनमा सहयोग पुर्याउन वैदेशिक लगानी परिचालन गरिने सन्दर्भमा नेपालमा अपार संभावना रहेको तर प्राविधिक एवं वित्तीय स्रोतको न्यूनताको कारण परिचालन हुन नसकेको निकासीयोग्य वस्तुको पहिचान, उत्पादन तथा बजारीकरणका लागि सहज कानूनी व्यवस्था, परम्परागत र स्वदेशी निकासीकर्ताको संरक्षणको सुनिश्चितता सहित वैदेशिक लगानी आकर्षण गर्ने नीति र तदनुरुपको कानून र प्रणाली निर्माण गर्नु जरुरी देखिन्छ ।

नीति : ६

निकासीमा नगद अनुदान सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन सरलीकरण र सहजीकरण बनाउने नीति

१ पृष्ठभूमि

निकासी व्यापारलाई प्रोत्साहन गर्न निकासीकर्तालाई प्रदान गरिएको विभिन्न सेवा, सुविधा मध्ये नगद अनुदान सम्वन्धी व्यवस्था विश्वभर प्रचलनमा रहेको देखिन्छ । निकासीकर्ताले गरेको निकासी परिमाण र मूल्यका आधारमा निजलाई प्रदान गरिने यस प्रकारको अनुदानले निकासीकर्तालाई नगद व्यवस्थापनमा सहयोग पुग्नुका साथै उत्पादन लागत न्यूनीकरण गर्न समेत सहयोग पुगेको देखिन्छ ।

निकासीकर्ताको उद्यमशिलता, अग्रसरता र बजार सञ्जालले निकासी व्यापारको दायरा विस्तार गर्दछ । अर्थतन्त्रको वाह्य क्षेत्रलाई सवल एवं सुदृढ बनाउन व्यापार सन्तुलन एवं वचतको उद्देश्य राखी आफ्नो देशको निकासीकर्तालाई वित्तीय रुपमा सहयोग पुर्याउने नीति विश्वका धेरै देशले अवलम्वन गरेको पाइन्छ । उत्पादन प्रक्रिया, उत्पादन प्रक्रियामा प्रयोग हुने सामाग्री तथा उत्पादनको प्रकृति र निकासी परिमाणका आधारमा वित्तीय सहयोग र सहजीकरण गर्ने अभ्यास रहेको पाइन्छ । उपर्युक्त विभिन्न विधि मध्ये निकासी परिमाणका आधारमा नगद अनुदान प्रदान गर्ने विधि प्रचलनमा रहेको पाइन्छ ।

२ परिचय

निकासी हुने वस्तुको उत्पादन प्रक्रियामा लागेको लागत न्यूनीकरण गर्न, निकासी योग्य वस्तुको निकासी प्रवर्द्धनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्न र निकासीयोग्य वस्तुको अन्तर्राष्ट्रिय बजारमा आफ्नो उत्पादनको प्रतिष्पर्धात्मक क्षमता बढाउन निकासीकर्तालाई निकासी परिमाण र निकासी मूल्यका आधारमा नगद अनुदान प्रदान गर्ने गरिन्छ । मूलत अर्थतन्त्रमा विदेशी मुद्राको सञ्चिति बढाउन, व्यापार घाटा कम गर्न, आन्तरिक अर्थतन्त्रको क्षमता विकास गर्न निकासी बढाउने उद्देश्यका साथ निकासीमा नगद अनुदान प्रदान गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने गरिन्छ ।

अन्तर्राष्ट्रिय बजार प्रतिष्पर्धात्मक हुदैं गएको परिप्रेक्ष्यमा विश्वका प्राय सबै देशले आफ्नो देशको उत्पादनलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरेका छन । देशको पहिचान र राष्ट्रिय अर्थतन्त्रको सवलीकरणको आधारको रुपमा निकासी व्यापारको परिमाणलाई स्वीकार गर्ने गरिन्छ । त्यसैले निकासी बढाउन निकासीमा नगद अनुदान प्रदान गर्ने प्रचलनले व्यापकता पाएको छ । निकासी संभावना, निकासी मूल्य र परिमाण, निकासी हुने वस्तुको मूल्य अभिवृद्धि, वस्तुको पृष्ठ र अग्र अन्तर्सम्वन्ध तथा सम्वन्धित देशको अर्थतन्त्रको स्वरुप र सक्षमताका आधारमा निकासीमा प्रदान गरिने नगद अनुदानको दर निर्धारण गर्ने गरिन्छ । विदेशी विनिमय सञ्चिति न्यून भएको अवस्थमा सम्वन्धित देशले अतिरिक्त निकासी अनुदान प्रदान गर्ने गरेको पनि पाइन्छ ।

निकासी परिमाण वा मूल्यका आधारमा निकासीकर्तालाई सरकारले उपलव्ध गराउने नगद नै निकासी अनुदान हो। निकासी अनुदान सम्वन्धित देशबाट वस्तु वा सेवा निकासी भए पश्चात प्राप्त भएको विदेशी विनिमयको आधारमा प्रदान गरिने अनुदान हो। यो प्रत्यक्ष नगद हस्तान्तरण गरिने अनुदान हो। निकासीमा नगद अनुदान निकासीको गुणात्मक र परिमाणात्मक विस्तारको आधार हुन सक्छ। निकासीयोग्य वस्तुको उत्पादन र अन्तर्राष्ट्रिय बजार सञ्जाल विकास गरी निकासी प्रवर्द्धन गर्ने विधिको रुपमा यस प्रकारको अनुदानलाई प्रयोगमा ल्याइएको छ।

३ नेपालमा निकासी अनुदान

नेपालको अर्थतन्त्रले बढ्दो व्यापार घाटाको मार खपिरहेको छ। विगत लामो समयदेखिको नीतिगत हस्तक्षेप र व्यापार घाटा न्यूनीकरण गर्ने कार्यक्रमको सञ्चालनको नतिजा व्यापार घाटा न्यूनीकरणमा सकारात्मक बन्न सकेको छैन। पछिल्लो महिनामा निर्यातको तुलनामा आयातको वृद्धिदर न्यून भएकोले गत वर्षको तुलनामा व्यापार घाटाको वृद्धिमा संकूचन आएको भए तापनि व्यापार घाटामा अपेक्षित सुधार आउन सकेको छैन। उच्च व्यापार घाटाको कारण नेपालको अर्थतन्त्रमा समष्टिगत आर्थिक स्थायित्व कायम गर्न चुनौती सृजना भएको छ। विप्रेषण आयले सृजना गरेको तत्कालीन लाभका कारण अर्थतन्त्रमा विदेशी विनिमयको जोखिम तत्काल नदेखिए तापनि दिर्घकालीन रुपमा अर्थतन्त्रमा कायम रहेको चुनौती व्यवस्थापनमा सहजता आउन सकेको देखिदैन।

नेपालको अर्थतन्त्रको वाह्य क्षेत्रमा कायम रहेको जोखिम व्यवस्थापन सहित अर्थतन्त्रको चुनौतीलाई सम्वोधन गर्न निकासी व्यापार अभिवृद्धि गर्नु अनिवार्य हुन्छ। निकासीयोग्य वस्तुको विकास, उत्पादन र बजारीकरणमा लगानी विस्तार गर्न नेपाल सरकारले आर्थिक वर्ष २०६८।६९ देखि निकासीमा नगद अनुदान प्रदान गर्ने व्यवस्था गरेको भए तापनि व्यवस्थित रुपमा आर्थिक वर्ष २०७५।७६ देखि सारभूत रुपमा उल्लेख्य परिमाणमा निकासी अनुदान व्यवस्था गरी उक्त व्यवस्थालाई हालसम्म निरन्तरता दिइएको छ। नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत "निर्यातमा अनुदान प्रदान गर्ने सम्वन्धी कार्यविधी, २०७५" मा समावेश भएका निकासीयोग्य वस्तुको निकासीमा मूल्य अभिवृद्धिका आधारमा प्रदान गरिने नगद अनुदानको दर निर्धारण गरी निकासीकर्तालाई निकासी अनुदान प्रदान गर्ने व्यवस्था गरिएको छ।

अनुदान सम्वन्धी व्यवस्थालाई थप विस्तार गरी नयाँ निकासीयोग्य वस्तुमा अतिरिक्त दरको निकासी अनुदान प्रदान गर्ने प्रयोजनका लागि आर्थिक वर्ष २०७९।८० मा कार्यविधिमा परिमार्जन गरी कार्यविधिको दफा ४ वमोजिमको गणना विधिका आधारमा कार्यविधिको अनुसूची १ मा उल्लिखित वस्तुहरुको उत्पादनमा कम्तिमा पचास प्रतिशत र अनुसूची २ मा उल्लिखित वस्तुहरुको उत्पादनमा मूल्य अभिवृद्धिमा कम्तिमा तीस प्रतिशत भएका वस्तुको निर्यातकर्तालाई देहाय बमोजिम नगद अनुदान उपलव्ध गराउने व्यवस्था गरिएको छ।

(क) अनुसूची १ वमोजिका देहायका वस्तु निर्यात गरेमा कूल निर्यात मूल्यको पाँच प्रतिशतले हुन आउने रकम

- प्रशोधित चिया

- प्रशोधित कफि
- हस्तकला (तामा, फलाम, ढलौट, शिशा कच्चा पदार्थको रुपमा प्रयोग हुने समेत) र काष्ठकलाका वस्तु
- प्रशोधित छाला (क्रष्ट) र छालाजन्य उत्पादन
- हाते कागज तथा सोबाट उत्पादित सामान
- प्रशोधित तथा अर्ध प्रशोधित जडिवुटी (यार्सागुम्वा समेत) तथा सारयुक्त तेल
- प्रशोधित पत्थर तथा पत्थरजडित गर गहना
- अल्लोबाट उत्पादित सामान
- मिनरल वाटर
- प्रशोधित तथा अप्रशोधित वेसार
- ताजा तरकारी (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुकमा निर्यात गरेमा)
- पुष्प (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुकमा निर्यात गरेमा)
- प्रशोधित तथा अप्रशोधित अलैंची
- प्रशोधित तथा अप्रशोधित अदुवा (सुठो, स्लाइसिङ्ग, तेल, पाउडर लगायत)
- दुग्धजन्य पदार्थ (दूध, चीज, पनिर, छुर्पि र फ्याट) परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुकमा निर्यात गरेमा
- फलफूल (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुकमा निर्यात गरेमा)
- अम्रिसो (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुकमा निर्यात गरेमा)

ख अनुसूची २ बमोजिमका देहायका वस्तु निर्यात गरेमा कुल निर्यात मूल्यको चार प्रतिशतले हुन आउने रकम

- स्वदेशमा उत्पादित कपडा
- तयारी पोशाक
- गलैचा र उनीका सामाग्री
- पश्मिना, क्याशमेयर, च्याङ्ग्रा पश्मिना तथा सोबाट उत्पादित सामान
- स्वदेशी प्रशोधित जुट तथा जुटका उत्पादन
- सुन र चाँदीका गहना
- स्वदेशी अर्ध प्रशोधित छाला
- औषधी
- फेल्ट (उनीजन्य) का वस्तुहरु

- पोलिष्टर यार्नर फाइवर र भिष्कोर्ष यार्नर एक्रेलिक यार्नर कटन यार्न
- तामाको सामान
- क्लिङ्कर
- सिमेण्ट
- स्टिल
- कत्था
- रोजिन एण्ड टार्पेन
- प्लाइउड ।

ग अनुसूची १ बमोजिमको वस्तुको निर्यात गरेमा कूल निर्यात मूल्यको पाँच प्रतिशतले हुन आउने रकम निकासी अनुदान प्रदान गरिने ।

घ अनुसूची २ बमोजिमका वस्तु निर्यात गरेमा कुल निर्यात मूल्यको चार प्रतिशतले हुन आउने रकम निकासी अनुदान प्रदान गरिने ।

ङ निर्यातमा नगद अनुदान सम्वन्धी कार्यविधि २०७५ (संशोधन सहित) को दफा ४ को उपदफा (१) वमोजिमको सुत्रका आधारमा अनुसूची १ बमोजिमका वस्तुको उत्पादनमा कम्तिमा ८० प्रतिशत र अनुसूची २ वमोजिमका वस्तुको उत्पादनमा कम्तिमा ७० प्रतिशत मूल्य अभिवृद्धि गरी वस्तु निर्यात गरेमा कुल निर्यात मूल्यको १ प्रतिशतले हुन आउने रकम थप

च राष्ट्रियस्तरको सामुहिक ट्रेड मार्क मार्फत अनुसूची १ र अनुसूची २ वमोजिमको वस्तुको निर्यात गरेमा कुल निर्यात मूल्यको एक प्रतिशतले हुन आउने रकम

छ अनुसूची १ र अनुसूची २ बमोजिमको वस्तु अघिल्लो आर्थिक वर्ष निर्यात गरेको परिमाणभन्दा वीस प्रतिशतभन्दा वढी निर्यात गरेमा त्यसरी वढी निर्यात गरेको मूल्यको एक प्रतिशतले हुन आउने थप रकम,

ज कुनै उद्योगले एक आर्थिक वर्षमा आफ्नो उत्पादित वस्तु ५० करोडभन्दा वढी निर्यात गरेमा बढी निकासी भएको मूल्यको आधारमा बढीमा आठ प्रतिशत सम्म नगद अनुदान उपलव्ध गराइने ।

४ निकासीमा नगद अनुदानको प्रभाव र निकासी अनुदानका लागि भएको विनियोजन र खर्चको विवरण

निकासीमा नगद अनुदान सम्वन्धी व्यवस्थाले निकासीकर्तालाई निकासी व्यापार विस्तार गर्न प्रोत्साहित गरेको छ । परम्परागत र सिमित वस्तुमा केन्द्रीत नेपालको निकासी व्यापार देशगत र वस्तुगत रुपमा विस्तार विविधिकरण भइ विस्तार भएको छ । सिमेण्ट लगायतका खानीमा आधारित उत्पादनको निकासी वृद्धि गर्न प्रदान गरिएको निकासी

अनुदानको व्यवस्थाले सहयोग पुर्याएको छ । यसका अलावा कृषि र गैर कृषिजन्य वस्तुको उत्पादन र बजारीकरणमा निजी लगानी पनि विस्तारित भएको छ ।

निकासी अनुदानका लागि नेपाल सरकारले आर्थिक वर्ष २०७५।७६ देखि २०८०।८१ सम्म प्रत्येक वर्ष विनियोजन गरेको रकम अपर्याप्त हुदाँ निकासीकर्तालाई कार्यविधि अनुसार नगद अनुदान पूर्ण रुपमा उपलव्ध गराउन सकिएको छैन । नियमित निकासीकर्ताले सम्पूर्ण प्रक्रिया र विधि पुरा गरिसकेको अवस्थामा पनि नेपाल सरकारले निर्धारण गरेको दर बमोजिम निकासी अनुदान वापतको रकम प्राप्त गर्न सकेको देखिदैंन । नेपाल सरकारको प्रतिवद्धता बमोजिम निकासी अनुदान वापतको रकम उपलव्ध गराउन नसक्दा सरकार प्रतिको विश्वसनियता कमजोर हुँदै गएको छ ।

निकासीकर्तालाई नगद अनुदान प्रदान गर्ने नीतिको कार्यान्वयनसंगै नेपालको निकासी व्यापार क्रमशः वृद्धि भएको पाइन्छ । निकासी परिमाण र निकासीयोग्य वस्तुको स्वरुपमा पनि परिवर्तन आएको छ । निकासी आय वृद्धि हुदाँ व्यापार घाटा न्यूनीकरणमा सहयोग पुगेको छ । तथ्याङ्कीय आधारमा निकासी अनुदान प्राप्त गर्ने प्रमुख वस्तुको निकासी मूल्य आर्थिक वर्ष २०७७।७८ देखि चालु आर्थिक वर्षको चैत्र मसान्तसम्मामा देहाय वमोजिम रहेको देखिन्छ ।

निकासी भएको वस्तु	**आर्थिक वर्ष २०७७/७८ को निकासी मूल्य (रु करोडमा)**	**आर्थिक वर्ष २०७८/७९ को निकासी मूल्य (रु करोडमा)**	**आर्थिक वर्ष २०७९/८० को निकासी मूल्य (रु करोडमा)**	**आर्थिक वर्ष २०८०/८१ को निकासी मूल्य (रु करोडमा)**
चिया	३७९.७९	४३३.४४	३९३.७३	२५४.१९
कफि	९.५६	११.६४	१३.०४	५.३८
प्रशोधित छाला		४३.४८	३९.४०	२२.४९
हाते कागज	३२.२२	५२.७२	५६.१८	४०.२२
जडिबुटी	१६९.५	१७०.०	१९०.२६	१७९.१३
मिनरल वाटर	०.२१	०.५८	०.१५	०.२१
बेसार	०.७१	०.५४		
अलैंची	७०२.२५	४८१.२५	८२७.६९	६२८.३१
सुठो/अदुवा	४४.८४	६४.१५	१२२.२२	१०५.३२
अम्रिसो	६५.८८	६९.९९	१००.८८	१३१.६४
जमोठ कपडा	४२२.९९	४९५.२५	५२२.७०	३४८.३८
तयारी पोशाक	५११.३७	७१४.०२	७८२.९३	६४४.७९
ऊनी गलैंचा	७२४.४५	९५९.०२	११५०.६९	७०१.७१
क्लिङ्कर	०	०	४२०.०४	१४७.०९
सिमेण्ट	०	०	३५.९३	१४९.५७
पोलिष्टर यार्न	८३६.२९	१२५७	१२२२.३०	८६४.८१
स्टिल पाता	३८.२९	२५५.१४	७१९.५१	८६३.५७
कत्था	९१.०२	१२८.०९	१६५.५८	१४७.०१
प्लाइउड	NA	३५.२३	४७०.५१	५४४.७०
रोजिन	११२.५१	२५५.१४	१६५.५८	१४७.०१

जुट र जुटका सामाग्री	६३८.४८	७४४.४०	७२३.९९	५२०.३७

स्रोतः भन्सार विभाग

निकासीकर्तालाई निकासी अनुदान प्रदान गर्ने प्रयोजनका लागि नेपाल सरकारले गरेको विनियोजन र अनुदान वितरणको स्थितिले निकासी अनुदान विस्तारित भएको देखिन्छ । परम्परागत निकासीयोग्य वस्तुका अतिरिक्त नयाँ निकासीयोग्य वस्तुको परिमाणमा भएको वृद्धिले नेपालले निकासी प्रवर्द्धनका लागि अवलम्वन गरेको नगद अनुदान सम्वन्धी नीति प्रभावकारी रहेको तथ्य पुष्टी हुन्छ ।

आर्थिक वर्ष	निकासी अनुदानका लागि विनियोजित रकम (रु. करोडमा)	निकासी अनुदानको वितरण (रु. करोडमा)	निकासी अनुदान प्राप्त गर्ने निकासीकर्ताको संख्या
२०७५।७६	३६.३९	३६. ३९	३३२
२०७६।७७	८५.००	८४.४८	३७२
२०७७।७८	१००.००	९८.३७	४३१
२०७८।७९	१४३	१४३.००	
२०७९।८०	१००	१००.००	
२०८०।८१	९०	९०.००	

५ निकासीमा नगद अनुदानको व्यवस्थापन र वितरणमा कायम रहेको असहजता एवं समस्या

निकासी अभिवृद्धिमा सहयोग पुर्याउने उद्देश्यबाट नेपाल सरकारले कार्यान्वयनमा ल्याएको निकासी अनुदान सम्वन्धी व्यवस्थाबाट नेपालको निकासी व्यापारको विस्तारमा सहयोग पुगेको छ । तथापी, कार्यविधिमा उल्लिखित प्रक्रिया, विनियोजन पर्याप्तता, अनुदानको प्रतिशत निर्धारण लगायतका विषयमा कायम रहेको अस्पष्टता र कार्यान्वयन विधिले अनुदान सम्वन्धी व्यवस्थाले निकासीकर्ताको अपेक्षालाई पूर्ण रुपमा सम्वोधन गर्न सकेको देखिदैन ।

निकासीमा नगद अनुदान उपलब्ध गराउने नेपाल सरकारको नीति कार्यान्वयनको विगत पाँच वर्षको अनुभवका आधारमा निकासीकर्ताले सामना गरेका व्यवहारिक र नीतिगत असहजता देहाय बमोजिम रहेको देखिन्छ ।

- कार्यविधि बमोजिम निकासी अनुदान वापतको रकम प्राप्त गर्न लामो समय लाग्ने गरेको,
- निकासी अनुदानका लागि विनियोजित रकम निकासीकर्ताले निकासी अनुदान वापत प्रदान गर्नुपर्ने रकमको तुलनामा न्यून रहेको,
- पचास प्रतिशतभन्दा वढी मूल्य अभिवृद्धि हुने निकासीयोग्य वस्तुको निकासीमा प्रदान गरिने निकासी अनुदान वापतको रकम न्यून रहेको,
- निकासी अनुदान वापत निकासीकर्तालाई उपलब्ध गराइने रकम वस्तुको क्षेत्रगत आधारमा वितरण गर्ने व्यवस्था नहुँदा निकासी अनुदान प्राप्त गर्ने सबै क्षेत्र, समूह तथा व्यक्तिले अनुदान प्राप्त गर्न नसकेको । विनियोजित

रकम न्यून हुदाँ अनुदानका लागि पहिले निवेदन दिने निकासीकर्ताले मात्र अनुदान वापतको रकम प्राप्त गर्ने अवस्था रहेको ।

निकासी अनुदानको व्यवस्थाबाट निकासीकर्तामा उत्साह सृजना भएको देखिन्छ । तथापी, निकासी अनुदान सम्वन्धी व्यवस्था पूर्ण रुपमा कार्यान्वयन हुन नसक्दा उक्त नीतिको अपेक्षा अनुसारको नतिजा प्राप्त हुन सकेको पाइदैंन ।

६ नीति प्रस्ताव

नेपालको अर्थतन्त्रमा विप्रेषणको कारण सृजना भएको अनुकूलता वाहेक वाह्य क्षेत्रमा अन्य थुप्रै जोखिम रहेको छ। सेवा क्षेत्रको विस्तार संगै अर्थतन्त्रमा उच्च योगदान गर्ने क्षेत्रको रुपमा यो क्षेत्र स्थापित भएको छ । तर, सेवा क्षेत्रको दीगोपनको आधार तयार हुन सकेको छैन ।

उपर्युक्त पृष्ठभूमिमा नेपालको अर्थतन्त्रको सवलीकरणका लागि निकासीयोग्य वस्तुको पहिचान र विकास गरी निकासी व्यापार अभिवृद्धि गर्नुको विकल्प देखिदैन । निकासी व्यापारको वस्तुगत र देशगत विविधिकरणका लागि सरकारले अवलम्वन गरेको नीति मध्ये निकासी अनुदान सम्वन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउन उक्त व्यवस्थाको कार्यान्वयनमा देखिएका असहजता अन्त्य गर्दै निकासी व्यापार विस्तार गर्न देहायको नीति प्रस्ताव गरिएको छ ।

आगामी आर्थिक वर्षको वजेट वक्तव्य मार्फत निकासी अनुदानको निरन्तरता, दायरा विस्तार र निकासी अनुदान वापत प्रदान गरिने रकमको विनियोजनको सुनिश्चितता कायम गर्न देहाय वमोजिमको नीति घोषणा गर्ने ।

"व्यापार घाटा न्यूनीकरण गर्न सहयोग पुर्याउने उद्देश्यबाट निकासीकर्तालाई प्रदान गरिएको निकासी अनुदान सम्वन्धी व्यवस्थालाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । निकासी हुने वस्तुको मूल्य अभिवृद्धिका आधारमा थप अनुदान प्रदान गर्ने व्यवस्थाको लागि निर्यातमा नगद अनुदान सम्वन्धी कार्यविधिमा सामयिक परिमार्जन गरिनेछ । निकासीकर्तालाई सम्वन्धित आर्थिक वर्षभित्र नै निकासी अनुदान वापतको रकम भुक्तानी गर्न आवश्यक पर्ने रकम विनियोजन गरेको छु ।"

आगामी आर्थिक वर्षको वजेट वक्तव्य उपर्युक्त नीति घोषणासंगै उक्त नीतिको कार्यान्वयनका लागि निर्यातमा नगद अनुदान कार्यविधि २०७५ मा संशोधन गर्नु पर्दछ । विशेषगरी निकासीमा नगद अनुदान प्रदान गर्ने सम्वन्धी व्यवस्था कार्यान्वयनको हालको अभ्यासको आधारमा पहिचान गरिएका प्रक्रियागत असहजता र निकासी अनुदान वापत प्रदान गरिने अनुदानको प्रतिशत निर्धारण, मूल्य अभिवृद्धि लगायतका विषयको स्पष्टताका लागि कार्यविधिमा देहाय बमोजिम संशोधन गर्नु उपयुक्त हुन्छ ।

मूल कार्यविधिको दफा ३ को उपदफा (१) को खण्ड ग मा देहाय बमोजिम संशोधन गर्ने

“दफा ४ को उपदफा (१) वमोजिमको सुत्रका आधारमा अनुसूची १ वमोजिमका वस्तुको उत्पादनमा कम्तिमा ७० प्रतिशत र अनुसूची २ वमोजिमका वस्तुको उत्पादनमा कम्तिमा ६० प्रतिशत मूल्य अभिवृद्धि गरी वस्तु निर्यात गरेमा कुल निर्यात मूल्यको दुई प्रतिशतले हुन आउने रकम थप”

मूल कार्यविधिको दफा ३ को उपदफा (४) मा संशोधन

“ यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योगले एक आर्थिक वर्षमा आफ्नो उत्पादित वस्तु पचास करोड रुपैयाँ र सूचना प्रविधि उद्योगले रु दश करोड भन्दा वढी निकासी गरेमा वढी निकासी गरेको मूल्यको आधारमा बढीमा आठ प्रतिशतसम्म नगद अनुदान उपलब्ध गराइनेछ ।”

मूल कार्यविधिको दफा ७ को उपदफा (३) पछि देहायको उपदफा (४) थप गरिएको छ ।

“प्रत्येक आर्थिक वर्षमा निकासी अनुदान वापत भुक्तानी गर्नुपर्ने रकम सोही वर्षको अन्त्यसम्म नेपाल राष्ट्र बैंकले सम्वन्धित बैङ्क मार्फत निकासीकर्तालाई उपलव्ध गराउनेछ । यसरी नेपाल राष्ट्र बैङ्कले उपलव्ध गराएको रकम अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैंकलाई सोधभर्ना गर्नेछ ।”

मूल कार्यविधिको अनुसूची २ को क्रम संख्या १८ पछि देहायको क्रम संख्या १९ थप गरिएको छ ।

“१९. क्लाउड कम्प्युटिङ्ग, विजनेश प्रोशेस आउट सोर्सिङ्ग लगायतका सूचना प्रविधिमा आधारित सेवा”

७ प्रस्तावित नीति परिमार्जनको औचित्य

निर्यातमा नगद अनुदान प्रदान गर्ने मौजुदा व्यवस्थालाई थप प्रभावकारी बनाउन नीतिगत रुपमा प्रस्ताव गरिएका विषयका अतिरिक्त निर्यातमा नगद अनुदान सम्वन्धी कार्यविधिमा प्रस्ताव गरिएको नीति परिमार्जन तथा सुधार देहायको कारणले जरुरी भएको छ ।

- निकासी अनुदान वापत निकासीकर्तालाई प्रदान गरिने अनुदान वापतको रकम भुक्तानी सुनिश्चित गर्न,
- निकासीकर्ताले निकासी अनुदान प्राप्त गर्न सामना गरेका जटिलता व्यवस्थापन गर्न,
- निकासीमा नगद अनुदानको व्यवस्थालाई विस्तार गरी सूचना प्रविधि क्षेत्र लगायत अन्य नयाँ क्षेत्रबाट प्राप्त हुने निकासी आयमा पनि नगद अनुदान प्रदान गर्न,
- उच्च मूल्य अभिवृद्धि हुने वस्तुमा थप निकासी अनुदान प्रदान गर्ने व्यवस्था मिलाउन,
- निकासी व्यापारमा संलग्न सबै तह (लघु, घरेलु, साना, मझौला तथा ठूला) एवं क्षेत्र (कृषि, गैर कृषि, सूचना प्रविधि) का निकासीकर्तालाई प्रदान गरिने निकासी अनुदानमा पहुँच स्थापित गर्न,

- निकासीमा प्रदान गरिने नगद अनुदानको व्यवस्थालाई निरन्तरता दिइ निकासीकर्ताको मनोवल उच्च बनाउन ।

८ प्रस्तावित नीति परिमार्जनबाट अर्थतन्त्रमा पर्ने प्रभाव

नेपाल सरकारले जारी गरेका विभिन्न नीति तथा घोषणा गरिएका कार्यक्रमले निकासी अभिवृद्धिको उद्देश्य राखेको छ । विशेषत आवधिक योजना, वाणिज्य नीति, नेपाल एकीकृत व्यापार रणनीति लगायतका नीतिले निर्यात अभिवृद्धीको उद्देश्य राखी विभिन्न कार्यक्रम प्रस्ताव पनि गरेको पाइन्छ ।

अर्थतन्त्रमा आएको संकूचनका कारण पछिल्ला केही महिना आयात र निर्यात दुवै घट्दै गएको छ । आयातको तुलनामा निर्यात कम दरमा घटेको भए तापनि व्यापार घाटामा अपेक्षित रुपमा सुधार आउन सकेको छैन । वैदेशिक व्यापारमा आएको संकूचनको कारण विदेशी विनिमयको सञ्चिति, शोधनान्तर स्थिति तथा चालु खाता तुलनात्मक रुपमा सवल भए तापनि निकासी परिमाण अपेक्षाकृत रुपमा वढ्न नसक्दा अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न सकेको देखिदैंन । नेपालबाट निकासी हुने वस्तुको सूचीमा माथिल्लो स्थानमा रहेका वस्तु निकासी गरिने देशले प्रदान गरेका सुविधाको उपयोग भइ रहेको पनि छ । यसका अलावा निकासी व्यापार बढाउन सरकारले सञ्चालन गरेका कार्यक्रम र प्रदान गरेका सुविधाले निकासी विस्तारको आधार तयार गरेको छ । निकासी अभिवृद्धिका लागि प्रस्ताव गरिएका नीतिको कार्यान्वयनबाट नेपालको अर्थतन्त्रमा निकासीबाट प्राप्त हुने आय विस्तार हुने, सबै क्षेत्र र तहका निकासीकर्ताले निकासी अनुदानमा पहुँच प्राप्त गर्ने, निकासीमूलक वस्तुको उत्पादनमा लगानी विस्तार हुने, निकासी व्यापारको पृष्ठ अन्तरसम्वन्धमा सुधार आइ निकासीको माध्यमबाट रोजगारी सृजना, आय वितरणको समान अवसर, वैदेशिक लगानी विस्तार सहित नेपालको अर्थतन्त्रमा निकासी आयको परिमाण वृद्धि भइ अर्थतन्त्रको सवलीकरणमा योगदान पुग्ने देखिन्छ ।

९ प्रस्तावित नीति कार्यान्वयनको लागत अनुमान

प्रस्तावित नीतिको कार्यान्वयनका लागि नेपाल सरकारले थप लगानी गर्नुपर्ने देखिन्छ । विशेषत निकासी अनुदानका लागि पहिचान गरिएका वस्तुको सूची थप गर्दा र मूल्य अभिवृद्धिको अनुपातमा नयाँ दरमा निकासी अनुदान प्रदान गर्दा नेपाल सरकारलाई अतिरिक्त भार पर्ने देखिन्छ । तथापी, नगद अनुदान प्रदान गरिएका निकासीयोग्य वस्तुको निकासी अभिवृद्धि हुदाँ राज्यले पाउने विदेशी मुद्रा, निकासीबाट आयबाट प्राप्त हुने आयकर, रोजगारी सृजना सहित अर्थतन्त्रको संरचनात्मक सवलीकरणका लागि गरिने उपर्युक्त वमोजिमको खर्च औचित्यपूर्ण नै हुन्छ । सो वाहेक विगतदेखि नै कार्यान्वयनमा रहेको प्रस्तुत नीतिको कार्यान्वयनबाट थप अतिरिक्त लागत सृजना हुने अवस्था रहँदैन । विशेषत नगद अनुदान वितरणमा कायम रहेको कार्यविधिगत जटिलता व्यवस्थापन गर्न कार्यविधिमा गरिने परिमार्जन तथा सुधारका लागि नेपाल सरकारले थप लगानी गर्नुपर्ने अवस्था देखिदैंन ।

१० नीति कार्यान्वयनमा कायम रहेका जोखिम र सोको व्यवस्थापन गर्ने उपाय

निर्यात व्यापारमा विगतदेखि नै प्रचलनमा ल्याइएको निकासी अनुदान सम्वन्धी व्यवस्थाको कार्यान्वयन अभ्यासबाट देखिएको असहजता अन्त्य गर्दै राज्यले गरेको प्रतिवद्धता बमोजिमको निकासी अनुदान उपलब्ध गराउन नयाँ संभाव्य र उच्च मूल्यका निकासीयोग्य वस्तुको उत्पादन र निकासीमा निजी क्षेत्रलाई थप प्रोत्साहित गर्न एवं नेपालको निकासी व्यापार अभिवृद्धि सहित व्यापार घाटा न्यूनीकरण गर्न प्रस्ताव गरिएका उपर्युक्त नीतिगत परिमार्जन तथा सुधारको क्रममा विभिन्न प्रकारका जोखिम देखिन्छन । विशेषत सरकारको सार्वजनिक वित्त प्रणाली कमजोर रहेको पृष्ठभूमिमा प्रस्तावित नीतिले माग गर्ने अतिरिक्त दायित्व वहन गर्न असहजता सहित देहायका जोखिम परिलक्ष्यित गरिएका छन ।

- निकासीयोग्य वस्तुको लागि प्रदान गरिने निकासी अनुदान वापतको प्रतिशत वृद्धि गर्न नेपाल सरकारको वित्तीय सवलता नपुग्ने,
- निकासीयोग्य वस्तुको सूची थप गर्दा सृजना हुने वित्तीय दायित्वको आङ्कलन वस्तुगत आधारमा नहुँदा थप वस्तुलाई निकासी अनुदान प्रदान गर्ने निर्णय प्रभावित हुने,
- निकासी अनुदान वापत नेपाल सरकारले वार्षिक रुपमा विनियोजन गरेको रकमलाई क्षेत्रगत आधारमा वर्गीकरण गर्ने स्पष्ट मापदण्ड र आधार निर्दिष्ट गर्न जटिलता सृजना हुने,
- निकासी अनुदान प्रदान गर्दा अवलम्वन गरिने मूल्य अभिवृद्धि उच्च बनाइ निकासी अनुदान प्राप्त गर्ने प्रवृत्ति बढ्ने,
- सूचना प्रविधिजन्य सेवा निकासी गरी प्राप्त हुने रकममा निकासी अनुदान प्रदान गर्दा ती उत्पादनको मूल्य अभिवृद्धि यकिन गर्न जटिलता सृजना हुने ।

निकासीमा नगद अनुदान सम्वन्धी प्रस्तावित नीति कार्यान्वयन गर्दा सृजना हुन सक्ने संभावित चुनौती व्यवस्थापन गरी सरकारको वित्तीय सक्षमता र निकासीकर्ताको अपेक्षाको विचमा सामञ्जस्यता कायम गर्नु अनिवार्य हुन्छ । निकासीमा नगद अनुदान सम्वन्धी व्यवस्था कार्यान्वयनको क्रममा प्राप्त अनुभवका आधारमा प्रस्तुत व्यवस्थालाई थप सुदृढ बनाउन र पहिचान गरिएका जोखिम व्यवस्थापन गर्न देहायका विधि अवलम्बन गर्नु जरुरी देखिन्छ ।

- निकासीमा नगद अनुदान सम्वन्धी व्यवस्थालाई विस्तार गर्दा सृजना हुने वित्तीय दायित्व व्यवस्थापन गर्न प्रथम चरणमा नेपाल व्यापार एकीकृत रणनीति (NTIS) ले पहिचान गरेका वस्तुमा केन्द्रीत गरी क्रमश वस्तुको सूची थप गर्ने,
- निकासी अनुदान प्रदान गर्ने प्रयोजनका लागि नेपाल सरकारले आगामी आर्थिक वर्ष पर्याप्त रकम विनियोजन गर्ने र एक आर्थिक वर्षमा सृजना भएको दायित्व सोही वर्ष नै भुक्तानी गर्ने गरी स्रोत व्यवस्थापन गर्ने,
- निकासी अनुदान वितरण प्रक्रियालाई स्पष्ट गर्दै भुक्तानी गर्ने समय निर्दिष्ट गर्ने ।

निकासीमा नगद अनुदान सम्वन्धी व्यवस्थाको प्रभावकारिता निकासीकर्ताले प्राप्त गर्ने अनुदान सहज, सरल र शिघ्र प्राप्त गर्दा मात्र अनुभूती हुन्छ । सरकारले घोषणा गरेको नीति कार्यान्वयन गर्न जारी भएको निर्देशिकामा सामयिक परिमार्जन सहित नीति कार्यान्वयनको प्रतिवद्धता जरुरी भएको सन्दर्भमा प्रस्तावित नीतिले निजी क्षेत्रमा उत्साह जागृत गर्नुका साथै निकासी प्रवर्द्धन गर्न सरकारले गरेको प्रतिवद्धताको कार्यान्वयनले पूर्णता पाउने निश्चित छ ।

नीति : ७

नेपालमा लगानी गर्न संभावित मुलुकहरुसंग द्विपक्षिय लगानी सम्झौता गर्ने सम्बन्धमा

१ पृष्ठभूमि

द्विपक्षिय लगानी सन्धि र सम्झौता (Bilateral Investment Treaty/Agreement) कुनैपनि देशको विदेशी लगानी आकर्षण गर्ने एउटा महत्वपुर्ण औजार हो । OECD का अनुसार हाल विश्वका विभिन्न मुलुकमा २५०० यस्ता सम्झौताहरु भएका छन । नेपाल पनि विश्वमा एउटा आकर्षक लगानीको थलो हुनसक्ने संभावना भएको मुलुकमा पर्दछ । कृषि, ऊर्जा, सूचना प्रविधि, उत्पादनमूलक उद्योग, खानी तथा खनिज पदार्थ, पर्यटन, स्वास्थ्य, सहरी विकास, यातायात आदि नेपालका लगानीका संभावना भएका क्षेत्रहरु हुन । त्यसैगरी विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रका पुर्वाधार निर्माण पनि लगानीको अर्को सम्भावनाको क्षेत्र हो । यिनै सम्भावनाका क्षेत्रमा स्वदेशी एवं विदेशी लगानी आकर्षण गर्न नेपाल सरकारले नीतिगत, संस्थागत, संरचनागत र प्रकृयागत सुधारहरु गरिरहेको छ । बेला बेलामा लगानी सम्मेलनको आयोजनागरी लगानीका संभावना र सेवा सुविधाका बारेमा अन्तर्राष्ट्रियस्तरका लगानीकर्ता समक्ष प्रस्तुत गरिएको छ । सम्मेलनमा लगानीकर्ताहरुको उल्लेखनीय उपस्थिति र चासो पनि देखिएको छ । यद्यपी आषातित रुपमा लगानी भित्रिन सकेको छैन । छिमेकी मुलुकहरुको तुलनामा नेपालमा व्यवसायिक वातावरण अपेक्षित रुपमा सुधार हुन नसकेको भन्ने Ease of Doing Business का Indicators को अवस्था, स्वदेशी विदेशी लगानी कर्ताले भोग्नुपरेको प्रकृयागत झन्झट र Doing Business Cost उच्च रहेको भनि गरेको गुनासोले देखाएको छ । विदेशी लगानी कर्ताले कुनै अर्को मुलुकमा लगानी गर्दा Doing Business Cost र नाफाका अतिरिक्त लगानीको वातावरण, लगानीको सुरक्षा, स्वदेशी लगानीकर्ता सरहको व्यवहार र गैर व्यवसायिक जोखिमको र नोक्सानीको क्षतिपुर्तिको प्रत्याभुती र ग्यारेण्टी खोज्दछ । लगानीकर्तालाई यस्ता प्रत्याभुति द्विपक्षिय लगानी संझौता मार्फत गराई विश्वास दिलाउन सकेमा नेपालमा विदेशी लगानी प्रबर्धनमा महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ । नेपालले हालसम्म विभिन्न ६ वटा मुलुकसंग द्विपक्षिय लगानी प्रबर्धन एवं संरक्षण संझौताहरु गरेकोमा यी सम्झौताको कार्यान्वयन प्रभावकारी रुपमा हुनसकेको छैन भने भारत संग गरेको यस्तो सम्झौता संसदबाट अनुमोदन हुन नसकेकोले कार्यान्वयन हुन नपाउदै निश्कृय भएको छ । यस सन्दर्भमा नेपालमा लगानीको संभावना भएका देशहरुसंग द्विपक्षिय लगानी सम्झौता गर्न सकेमा प्रतिबद्धता गरिएको र थप लगानी भित्राउन सकिने विश्वास गर्न सकिन्छ ।

२ बिद्यमान अवस्था

सर्वप्रथम नेपालले सन १९८३ मा फ्रान्स संग पहिलो द्विपक्षिय लगानी प्रबर्धन तथा संरक्षण संझौता गरेको थियो । त्यसपछि क्रमशः जर्मनी, बेलायत, मौरिसस, फिनल्यान्ड र भारतसंग यस्तो सम्झौता गरेको थियो । सन २०११ मा

भारतसँग भएको द्विपक्षिय लगानी संरक्षण तथा प्रवर्द्धन सम्झौता कार्यान्वयनमा नआउँदै निष्क्रिय भएको अवस्था छ । हाल भारतले उक्त द्विपक्षिय लगानी संरक्षण तथा प्रवर्द्धन सम्झौताको सट्टा द्विपक्षिय लगानी सन्धि (Bilateral Investment Treaty) गर्ने भनि सम्झौताको मस्यौदा नेपाललाई राय प्रतिकृयाको लागि पठाएको अवस्था छ । नेपालसँग द्विपक्षिय लगानी सम्झौता गर्न इच्छा व्यक्त गर्दै लामो समयदेखि चीन, बङ्गलादेश, पाकिस्तान, कतार, युएइ, साउदी अरब, दक्षिण कोरिया, पोल्यान्ड, ट्रकी, कम्बोडिया आदि लगाएत दर्जनौ देशका मस्यौदा प्रस्तावहरु नेपाललाई प्राप्त भएका छन तर नेपालले यी प्रस्तावहरुलाई सम्झौता गर्नेगरी अगाडि बढाएको छैन ।

नेपालले लगानीको सम्भावना भएका मुलुक समक्ष लगानी सम्झौता प्रस्ताव पेश गर्न र आफु समक्ष बिभिन्न देशबाट प्रस्तावित मस्यौदाको ढाचांलाई एक रुपता दिन द्विपक्षिय लगानी संझौताको नमुना ढाँचा तयार गरी लामो प्रयासपछि हालसालै २०८० चैतमा द्विपक्षिय लगानी संझौताको नमुना ढाँचा (Model Text) नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएकोछ । यो द्विपक्षिय लगानी संझौताको एउटा generic format हो । नेपालले तयार गरेको यस नमुना ढाँचामा लगानीकर्ताको लगानीको सुरक्षाको प्रत्याभूति, गैर व्यावसायिक जोखिमको क्षतिपूर्तिको व्यवस्था, विदेशी लगानीकर्तालाई पनि नेपाली लगानीकर्ता सरह व्यवहार गरिने र उद्योग व्यवसायलाई राष्ट्रियकरण नगरिने जस्ता सुरक्षाको व्यवस्था गरिएको छ । यस नमुना ढांचाका आधारमा नेपाललाई आगामी दिनमा लगानीको संभावना भएका मुलुकसंग द्विपक्षिय लगानी संझौताका प्रस्तावहरु राख्न र विभिन्न मुलुकबाट प्राप्त प्रस्तावहरुलाई अगाडी बढाउन सजिलो हुनेछ ।

३ द्विपक्षिय लगानी सम्झौतामा देखिएका समस्याहरु

नेपालले पहिलो द्विपक्षिय लगानी प्रबर्धन तथा संरक्षण संझौता (Bilateral Investment Promotion and Protection Agreement) सन १९८३ मा फ्रान्ससँग गरेको र त्यसपछि अन्य पाँच देशसंग सम्झौता गरेको भए तापनि सम्झौताको कार्यान्वयन को प्रभावकारिता खासै देखिएन । भारतसँग भएको द्विपक्षिय लगानी संरक्षण तथा प्रवर्द्धन सम्झौता त संसदबाट अनुमोदन हुन नसकी कार्याान्वयनमा नआउँदै निष्कृय हुनपुग्नु, हाल भारतबाट प्राप्त द्विपक्षिय लगानी सन्धिको मस्यौदालाई पनि अगाडि बढाउन नसकिएको, धेरै अगाडी भएका सम्झौताहरु समय अनुकुल परिमार्जन र संशोधन हुन नसकेको र सन २०११ मा भारतसंग भएको सम्झौता पछि थप अन्य कुनै पनि देशहरु संग सम्झौता हुन नसकेको, नेपालमा लगानी गर्न सम्भावना भएका देशहरूसँग द्विपक्षिय लगानी सम्झौता गर्न नमुना ढाँचा (Model Text) धेरै अगाडी तयार गरिएको भए तापनि अत्यन्तै लामो समय पछि नेपाल सरकार मन्त्रिपरिषदबाट हालसालै मात्र स्वीकृत गर्नु, दर्जनौ देशहरुबाट सम्झौताका लागि आएका प्रस्तावहरुलाई अगाडी बढाउन नसकिएको आदि नेपालमा लगानी सम्झौतामा देखिएका समस्याहरु हुन । द्विपक्षिय लगानी सम्झौता नहुँदा कुनै पनि देशको लगानीकर्ताले आफ्नो लगानी सुरक्षित महसुस नगर्ने र गैर व्यावसायिक जोखिम बढी हुने हुँदा लगानी गर्न हिच्किचाउने अवस्था भएकोहुदा नेपालमा लगानीको सम्भावना हुँदाहुँदै पनि लगानी भित्राउन नसकिएको अवस्था, विगत वर्षहरुमा

भएका लगानी सम्मेलनमा भएका प्रतिबद्धताहरुलाई कार्यान्वयनमा ल्याउन नसकिएको अवस्था र यसरी प्रतिबद्धता जनाएका लगानीकर्ता र संस्थाहरुलाई follow up/ monitoring गर्न नसक्दा लगानी भित्रिन नसकेको अवस्था आदि पनि समस्याका रुपमा देखिएका छन ।

१ नेपालमा लगानी गर्न सम्भावित देशहरुसंग द्विपक्षिय लगानी सम्झौता गर्नुपर्ने आवश्यकता

नेपालमा कृषि, ऊर्जा,सूचना प्रविधि, उत्पादनमूलक उद्योग, खानी तथा खनिज पदार्थ, पर्यटन आदि जस्ता लगानीका प्रसस्त संभावना भएका क्षेत्रहरू रहनु, ५७ प्रतिशत जनशक्ति काम गर्न सक्ने उमेर समुहको हुनु, अन्य देशको तुलनामा नेपालमा सस्तो श्रमशक्ती उपलब्ध हुनु, केहि सिमित क्षेत्र बाहेक शत प्रतिशत विदेशी लगानी गर्न पाउनु, full Repatriation को सुविधा,कतिपय sector / location को लागि tax holiday रहेको, समान्यत २५५ र उर्जा, यातायातका पुर्वाधार, उत्पादनमुलक उद्योग जस्ता प्राथमिकताका क्षेत्रका लागि २०५ कर्पोरेट करको व्यवस्था,नेपाल SAARC, WTO, MIGA, BRI आदि जस्ता अन्तर्राष्ट्रिय र क्षेत्रीय आर्थिक सञ्जालको सदस्य हुनु, Public Private Partnership (PPP) projects को लागि Project Development Agreement (PDA), private project को लागि Project Investment Agreement (PIA) जस्ता निजि क्षेत्र मैत्री कानुनी व्यवस्था, ११ मुलुकसंग दोहोरो कर उन्मुक्ति सम्झौता भएको अवस्था, मुख्य बजारमा शुन्य भन्सार प्रवेशको सुविधा आदि विदेशी लगानी आकर्षणका लागि सकरात्मक पक्षहरु हुन । लगानीको वातावरणलाई थप सुदृढ बनाउन द्विपक्षिय लगानी सम्झौता एउटा महत्वपुर्ण औजार हो जस्ले कुनैपनि विदेशी लगानीको सुरक्षाको ग्यारेन्टी र गैर व्यावसायिक जोखिमको क्षतिपूर्तिको प्रत्याभूत गरेको हुन्छ । नेपालले निकट भविष्यमा अतिकम विकसित मुलुकको सुचीबाट स्तरोन्नती हुने र सन २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नुपर्ने अवस्था छ । राष्ट्रिय योजना आयोगले गरेको प्रक्षेपण अनुसार दिगो विकास लक्ष्य हासिल गर्न सन २०३० सम्ममा प्रतिवर्ष रु २०२० बिलियन लगानी गर्नुपर्ने देखिन्छ जुन अत्यन्तै कठिन छ । दिगो विकास लक्ष्य हासिल गर्न देखिएको Funding Gap र अतिकम विकसित राष्ट्रको सुचिबाट स्तरोन्नती हुन आवश्यक पर्ने आर्थिक वृद्धिलाई परिपुर्ति गर्नको लागि पनि थप विदेशी लगानी आकर्षण गर्नु जरुरी रहेकोछ । यस सन्दर्भमा नेपालमा लगानीको सम्भावना भएका देशसंग लगानी सम्झौताको प्रस्ताव गर्ने र सम्झौता गर्न मस्यौदा प्राप्त भएका मुलुकहरुसंग द्विपक्षीय लगानी सम्झौताका लागि तत्काल पहल गर्नुपर्ने आवश्यकता भएको छ ।

२ आगामी वजेटमा समावेश गर्नुपर्ने प्रस्तावित नीति तथा कार्यक्रम

लगानीका लागि तुनात्मक लाभ र प्रतिष्पर्धि क्षमता भएका क्षेत्रहरुमा बिदेशी लगानी आकर्षित गर्न नेपालमा लगानी गर्न संभावना देखिएका मुलुकहरुसंग क्रमशः द्विपक्षिय लगानी सम्झौता गरिनेछ । विभिन्न लगानी सम्मेलनहरुमा प्रतिबद्धता

गरिएको र स्वीकृत भै आई नसकेको लगानी भित्राउन संबन्धित देशमा रहेको नेपाली कुटनीतिक नियोगहरुको समेत परिचालन गर्नेगरी Monitoring and Follow up संयन्त्र निर्माण गरिनेछ ।

नीति : ८

बिशेष आर्थिक क्षेत्रको प्रभाबकारी सञ्चालन सम्बन्धमा

१ पृष्ठभूमि

सन् १९६० को दशकदेखि विशेष आर्थिक क्षेत्रको स्थापना र सञ्चालन संसारभरि नै आर्थिक विकासको सुधारको एउटा महत्वपूर्ण औजारको रुपमा प्रचलित भएको हो । विशेष आर्थिक क्षेत्र, गार्मेन्ट प्रसोधन क्षेत्र, निर्यात प्रशोधन क्षेत्र, स्वतन्त्र व्यापार क्षेत्र जस्ता विभिन्न नाममा संसारभरि नै विशेष आर्थिक क्षेत्र स्थापना भएको पाइन्छ । चीनले विशेष आर्थिक क्षेत्रको स्थापना र सञ्चालनको माध्यमबाट लगानी अभिबृदि गरी आर्थिक विकासमा उल्लेखनीय उपलब्धी हासिल गरेकोछ । सुविधा सम्पन्न पूर्वाधार निर्माण गरी कर, भन्सार लगायतका वित्तीय र गैर वित्तीय सुविधाहरू लगानीकर्तालाई उपलब्ध गराई उत्पादन र व्यापारमा अभिवृद्धि गर्ने उद्देश्यले सुरुसुरुमा यस्ता आर्थिक क्षेत्र सरकारले नै निर्माण गरिदिने र निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गरिन्थ्यो भने बिस्तारै यस्ता क्षेत्रहरु सरकार र निजी क्षेत्रको सहकार्य र निजी क्षेत्रले मात्र पनि निर्माण गर्ने अभ्यास सुरु भएकोछ । United Nations Conference on Trade and Development (UNCTAD) को World Investment Report, २०१९ का अनुसार हाल संसारमा ५४०० भन्दा बढी विशेष आर्थिक क्षेत्रहरू सञ्चालित छन । सन १९७५ मा २९ देशमा ९७ वटा सेज स्थापना भएकोमा सन २०१८ सम्म आइपुग्दा ४७ मुलुकमा ५४०० सेज स्थापना भएका छन । नेपालले पनि सन १९८० देखि नै निर्यात प्रशोधन केन्द्रका रूपमा सेजको अवधारणा सुरु गरे पनि सन २०१२ मा विशेष आर्थिक क्षेत्र विकास समितिको गठनपछि यसलाई संस्थागत गरिएको थियो । यद्यपी नेपालमा विशेष आर्थिक क्षेत्रको विकास अत्यन्तै सुस्तरुपमा भई हालसम्म दुईवटा मात्र विशेष आर्थिक क्षेत्र सञ्चालनमा रहेको अवस्था छ । केही विशेष आर्थिक क्षेत्रहरू घोषणा भएका छन भने केहीमा पूर्वाधार निर्माणको कार्य भइरहेको छ । निर्माण सम्पन्न भइसकेका विशेष आर्थिक क्षेत्र पनि पूर्णरूपमा सञ्चालनमा आउन सकेका छैनन जस्ले गर्दा थप क्षेत्रहरूमा पूर्वाधार निर्माण गर्न दुबिदा भएकोछ । विशेष आर्थिक क्षेत्रभित्र उद्योग स्थापना गर्न जग्गाको मुल्य महगो भएको, विशेष आर्थिक क्षेत्र ऐनका केहि व्यबस्थाहरु लगानी मैत्री नभएको, प्रशासनिक र प्रक्रियागत झन्झट आदि कारणले लगानीकर्ता विशेष आर्थिक क्षेत्रभित्र अपेक्षितरुपमा आकर्षित हुन नसकेको लगानीकर्ताको भनाई रहेकोछ । यस्तो अवस्थामा पूर्वाधार निर्माण भइसकेका क्षेत्रमा लगानीकर्तालाई आकर्षण गर्न देखिएका समस्या चुनौतीको पहिचान गरी यस्ता समस्याको समाधान गर्दै तत्काल पुर्णरुपमा सञ्चालनमा ल्याउनुपर्ने आवश्यकता देखिएको छ ।

२ वर्तमान स्थिति

विशेष आर्थिक क्षेत्रलाई नियमन र व्यवस्थापन गर्न विशेष आर्थिक क्षेत्र ऐन, २०७३ कार्यान्वयनमा रहेको छ भने संस्थागतरुपमा विशेष आर्थिक क्षेत्र प्राधिकरणको व्यबस्था गरेको छ । नेपालमा भैरहवा विशेष आर्थिक क्षेत्र र सिमरा विशेष आर्थिक क्षेत्र सञ्चालनमा आएका छन । भैरहवा विशेष आर्थिक क्षेत्रमा जम्मा ६९ वटा औद्योगिक प्लट रहेकामा ६१ वटा प्लटमा उद्योगीले अनुमति लिइसकेको अवस्था छ । जसमा सातवटा उद्योगहरू सञ्चालनमा रहेका, १३ वटा उद्योगले सम्झौता गरिसकेका र ६ वटा उद्योगले अनुमति लिएको अवस्था छ । आठवटा प्लट लिज आउट हुन बाँकी रहेका छन । एल.ई.डि. लाईट, स्टिलका भाडा बनाउने, डिस्पोजेबल कप तथा प्लेट बनाउने, पित्तल चरेसका भाँडा बनाउने, पानी ट्याङकी बनाउने, डोलामाईट प्रशोधन, सिसा प्रसोधन जस्ता सातवटा उद्योगहरू सञ्चालनमा रहेका छन । हाल संचालित सातवटा उद्योगबाट आर्थिक वर्ष २०७९र ८० मा करिब १ अर्ब बराबरको सामान निर्यात भएको छ भने ४५० जनाले रोजगारी पाएको अवस्था छ। सञ्चालनमा रहेका एल.ई.डि. लाईट र सिसा प्रशोधन उद्योगले आफ्नो उत्पादनको करिब ९० प्रतिशत उत्पादन निर्यात गरेका छन भने अन्य पाँचवटा उद्योगले ६० प्रतिशत निर्यात र ४० प्रतिशत आन्तरिक बजारमा बिक्री गरेका छन । यसरी लिज आउट भएका सबै प्लट सञ्चालनमा आएमा वार्षिक रु. ८ अर्ब बराबरको निर्यात हुने र ३२०० जनालाई रोजगारी दिने योजना रहेको छ । त्यसैगरी सबै प्लटमा उद्योग पूर्ण रुपमा सञ्चालन हुँदा १५ मेगावाट बराबरको विद्युत खपत हुने देखिन्छ । सिमरा विशेष आर्थिक क्षेत्रमा पनि ६९ वटा प्लट रहेकोमा सबै प्लटहरूमा उद्योगीले लगानीका लागि अनुमति लिइसकेका छन जसमा १८ वटाले सम्झौता समेत गरिसकेका छन । ६ वटाले अनुमति लिएका र एउटा मार्बल उद्योग सञ्चालनमा रहेको छ । त्यसैगरी पाँचखालमा निर्माणाधीन विशेष आर्थिक क्षेत्रमा प्रशासनिक भवन निर्माण सम्पन्न भइसकेको र जग्गा विकासको काम भइरहेको छ । अन्य एउटा विशेष आर्थिक क्षेत्रमाको पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भएको, ९ वटाको सम्भाव्यता अध्ययन सम्पन्न भएको र एउटाको विस्तृत परियोजना प्रस्ताव सम्पन्न भएको अवस्था छ ।[3]

३ विशेष आर्थिक क्षेत्र सञ्चालनमा देखिएका समस्या तथा चुनौतीहरू

विशेष आर्थिक क्षेत्र प्राधिकरण र लगानीकर्ताका अनुसार विशेष आर्थिक क्षेत्रमा लगानीकर्ता आकर्षित हुन नसक्नु र प्रभावकारी ढंगले सञ्चालन हुन नसक्नुका केहि कारणहरू औल्याइएको छ । जस्तोकि विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा विशेष आर्थिक क्षेत्रभित्रका उत्पादनको कम्तिमा ६० प्रतिशत उत्पादन निर्यात गर्नुपर्ने प्रावधान पुरा गर्न उद्योगीहरुलाई त्यति सहज नहुने अवस्था, तोकिएको परिणाम भन्दा बढी उत्पादन आन्तरिक वजारमा बिक्रि गरेमा त्यति नै मुल्य बराबरको जरिवाना तिर्नुपर्ने प्रावधान अत्यन्तै कडा र लगानीकर्ता र उद्योगी व्यवसायी मैत्री नभएको गुनासो व्यवसायीको रहेको छ । पहिले नै दर्ता भईसकेका उद्योग र पुराना उपकरणहरु बिशेष आर्थिक क्षेत्र भित्र स्थानान्तरण गर्न नसकिने व्यवस्थाले पनि उद्योगीहरु विशेष आर्थिक क्षेत्र भित्र उद्योग संचालन गर्न निरुत्साहित भएको अवश्था देखिएको छ ।

[3] स्रोत विशेष आर्थिक क्षेत्र प्राधिकरण

त्यसैगरी विशेष आर्थिक क्षेत्रभित्र स्थापना हुने उद्योगलाई अझै पनि एकै स्थानबाट दर्ता, नवीकरण, कर, भन्सार जस्ता सुविधाहरू उपलब्ध गराउन नसक्नु पनि समस्याको रुपमा रहेको छ भने विशेष आर्थिक क्षेत्र भित्रको जग्गाको हालको भाडा दर रु.२० रुपैया प्रति वर्गमिटर प्रति महिना पनि महगो भएको गुनासो लगानीकर्ताको रहेको छ । यस्ता समस्याहरुलाई संबोधन गर्न हालसालै नेपाल सरकारले अद्यादेश मार्फत निर्यात गर्नुपर्ने परिणाम घटाउने, स्वदेशमा बिक्रि गरेको परिणामको जरिवानाको प्रतिशत घटाउने र चलिरहेका उद्योगहरु र पुराना प्रबिधिलाई पनि विशेष आर्थिक क्षेत्र भित्र आउन पाउने व्यवस्था गरेको छ। अद्यादेश मार्फत ल्याईएका यी विषयहरुलाई यथासिघ्र प्रतिस्थापन बिधेयकको रुपमा समाबेश गरी संसदबाट स्वीकृत गर्नुपर्ने देखिन्छ ।

४ विशेष आर्थिक क्षेत्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न गर्नुपर्ने आवश्यकता

संसारमै विशेष आर्थिक क्षेत्रको लगानी आर्थिक विकासको महत्वपूर्ण औजारको रुपमा रहेको छ । नेपालको सन्दर्भमा पनि यस्ता क्षेत्र निर्माण गर्ने सन्दर्भमा जग्गा समेतको सम्पूर्ण पूर्वाधार विकासमा नेपाल सरकारको ठूलो रकम खर्च भइसकेको अवस्था छ । पूर्वाधार निर्माण सम्पन्न भइसकेका क्षेत्रहरूको संचालनको अवस्था र उपलब्धि हेरेर अन्य थप क्षेत्रको निर्माण कार्य अगाडि बढाउनुपर्ने अवस्था रहेको छ । नेपाललाई निकट भविष्यमै अति कम विकसित राष्ट्रबाट स्तरोन्नति हुनु र सन २०३० सम्मका दिगो विकास लक्ष्य हासिल गर्नु आर्थिक विकासका दृष्टिकोणले एउटा कठिन यात्रा बनेको छ । सोका लगि देशमा लगानी बढाई थप आर्थिक बृद्धि हासिल गर्नुपर्ने अवस्था रहेको छ । त्यसैगरी, अस्वभाविक रुपमा बढेको व्यापारघाटालाई न्यूनीकरण गर्न आयात व्यवस्थापन र निर्यात प्रवर्धन गर्नुका साथै स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न पनि विशेष आर्थिक क्षेत्रलाई पूर्ण रुपमा प्रभावकारी ढंगबाट सञ्चालन गरी आन्तरिक उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न अत्यन्तै आवश्यक देखिएको छ ।

५ आगामी आर्थिक वर्ष, २०८१ र ८२ को वजेटमा समावेश गर्नुपर्ने नीतिगत व्यवस्था

- विशेष आर्थिक क्षेत्र भित्र स्थापना भएका उद्योगले उत्पादन शुरु भएको मितिले चार वर्षसम्म उत्पादनको कम्तीमा पन्ध्र प्रतिशत सम्म र त्यसपछिका वर्षमा उत्पादनको कम्तीमा तीस प्रतिशत वस्तु वा सेवा निर्यात गर्नुपर्नेछ ।
- प्रचलित कानुन बमोजिम दर्ता भई वा अनुमती लिई विशेष आर्थिक क्षेत्र बाहिर रहेका उद्योगको लगानीकर्ताले प्रयोगमा ल्याइसकेको मेशिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी उद्योग संचालन गर्न सकिनेछ ।
- विषेश आर्थिक क्षेत्र भित्रको जग्गाको हालको भाडादरलाई घटाई सौलियत दरमा जग्गा उपलब्ध गराईने व्यवस्था मिलाईनेछ ।
- विशेष आर्थिक क्षेत्रभित्र स्थापना हुने उद्योगलाई एकै स्थानबाट दर्ता, नवीकरण, कर, भन्सार जस्ता सुविधाहरू उपलब्ध गराईने व्यवस्था मिलाईनेछ ।

- विशेष आर्थिक क्षेत्रको निर्माण र संचालनमा स्वदेशी तथा विदेशी लगानीकर्ताका र बहुराष्ट्रिय कम्पनीहरुको लगानी आकर्षित गर्न थप सौलियत प्रदान गरिनेछ ।

नीति : ९

कार्यस्थलमा आधारित रोजगारीमुलक प्रशिक्षण कार्यक्रमका सम्बन्धमा

१ पृष्ठभूमी

विश्वका धेरै मुलुकमा अप्रेन्टिशिप, ईन्टर्नशिप र रोजगारीमा आधारित तालिम (on the Job Training) प्रचलनमा रहेका छन । संयुक्त राज्य अमेरिका, बेलायत, स्विट्जरल्यान्ड, जर्मनी जस्ता देशमा यस्ता कार्यक्रम अत्यन्तै सफलताका साथ सम्पन्न भएका छन्। विशेषगरी ठूला–ठूला बहुराष्ट्रिय कंपनीहरुमा त्यसमा पनि आइटी बेस, कार्पेन्टरी, इलेक्ट्रिसियन, इन्जिनियरिङ, म्यानेजमेन्ट आदि क्षेत्रमा यस्ता कार्यक्रमहरु लोकप्रिय छन । एउटा निश्चित अवधिको क्लासरूमको सैदान्तिक अध्ययन पश्चात व्यवहारिक रुपमा कार्यअनुभव गराउने र रोजगारीसंग जोड्ने यस्ता कार्यक्रम नेपालमा पनि विभिन्न रुपमा संचालनमा रहेका छन । कतिपय Academic Course को अनिवार्य component का रुपमा internship कार्यक्रम रहेका हुन्छन । Intermediate Level, Advance Level, Higher Level / Degree Level जुनसुकै स्तरमा पनि यस्ता कार्यक्रम संचालन हुनसक्छन ।

पढ्दा पढ्दै व्यवहारिक ज्ञान हासिल हुने, सिक्दा सिक्दै कमाइने र सहुलियतमा पढाइ र सिप एकैचोटी प्राप्त हुने हुँदा यो कार्यक्रम अत्यन्तै उपयोगी मानिएको छ । नेपालमा पनि विशेषगरी SEE पछि यस्ता सीपमूलक कार्यक्रमहरू प्राविधिक तथा व्यवसायिक तालिम परिषद् (Council for Technical Education and Vocational Training) ले प्रदान गर्दै आएकोछ । CTEVT ले प्रीडिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम निःश’ल्करुपमा उपलब्ध गराएका यस्ता तालिमहरुको व्यावसायिक सीप परीक्षण गरी प्रमाणपत्र उपलब्ध गराई रोजगारीका अवसर सिर्जना गरेको छ । हाल नेपालमा प्रशस्तै यस्ता निःशुल्क तालिमका रूपमा कार्यक्रमहरू सञ्चालन भएका छन । १२ महिनाको classroom को अध्ययन पछि छ महिनाको व्यावहारिक तालिमका रुपमा बुटवल टेक्निकल इन्स्टिच्युट लगायत सातै प्रदेशका विभिन्न शैक्षिक संस्थाहरुमा यस्ता कार्यक्रमहरु निःशुल्क रूपमा संचालन हुदै आएका छन ।

हाल नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको लघु, घरेलु तथा साना उद्योग प्रबर्धन केन्द्र मार्फत कार्यस्थलमा आधारित रोजगारमुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ। निजी क्षेत्रको उद्योग व्यवसायलाई आवश्यक पर्ने जनशक्ति तयार गर्न प्रशिक्षार्थी र प्रशिक्षकको लागि आवश्यक पर्ने शुल्क नेपाल सरकारले उपलब्ध गराउने र यस्ता तालिम प्राप्त जनशक्तिलाई सम्बन्धित उद्योगी व्यवसायीले कम्तीमा १८ महिनाको रोजगारीको ग्यारेन्टी गर्नुपर्ने आवधारणा गरी कार्यविधि तयार गरि कार्यक्रम संचालनमा आएको हो । यसै आ.व. देखि कार्यान्वयन शुरु गरिएको यस कार्यक्रमलाई निजी क्षेत्रको क्षेत्रगत आवश्यकताको पहिचाहन गरि सोका आधारमा प्रभावकारी रुपमा संचालन गर्नुपर्ने देखिन्छ ।

२ विद्यमान स्थिति

नेपाल सरकारले सर्वप्रथम आर्थिक वर्ष,२०७७ र ७८ मा कोभिड महामारीले गर्दा नेपालमा र विदेशमा समेत रोजगारी गुमाएर फर्किएका व्यक्तिहरुलाई निजी क्षेत्रको सहभागितामा तुरुन्तै यस्ता शिपमुलक तालिम दिई रोजगारी उपलब्ध गराउने उद्देश्यले रु. एक अर्ब रुपैया छुट्टयाएको थियो तर समयमै कार्यविधि बनाएर कार्यक्रम संचालन गर्न नसक्दा बजेट फ्रिज भएको थियो । आर्थिक वर्ष २०७९ र ८० देखि कार्यस्थलमा आधारित रोजगारमुलक प्रशिक्षण कार्यक्रम लघु, घरेलु तथा साना उद्योग प्रबर्धन केन्द्र मार्फत सञ्चालन गर्ने गरी बजेट बिनियोजन हुदै आएको छ । आर्थिक वर्ष २०७९ र ८० मा रु.४६ करोड बजेट विनियोजन भएकोमा समयमै कार्याविधि तर्जुमा गरी कार्यान्वयन हुन नसक्दा बजेट फ्रिज भएको थियो । चालु आ.व. २०८० र ८१ मा रु.१८ करोड विनियोजन भएकोमा कार्यविधि निर्माण गरी कार्यक्रमको कार्यान्वयन शुरु भएको छ । उद्योगी व्यवसायीहरूलाई आवश्यक पर्ने जनशक्तीलाई कम्तिमा तीन महिना प्रशिक्षण दिने, प्रशिक्षार्थिको लागि तीन महिनासम्म सरकारले तोकेको मासिक न्युनतम पारिश्रमिक उपलब्ध गराइने र यसरी प्रशिक्षित जनशक्तीलाई कम्तीमा अठार महिना रोजगारीको ग्यारेन्टी निजी क्षेत्रले गर्ने गरी निजी क्षेत्र र प्रबर्धन केन्द्र बीच सम्झौता भएको छ । तीन महिनासम्मको प्रशिक्षकको पारिश्रमिक पनि नेपाल सरकारले नै उपलब्ध गराउने व्यवस्था रहेको छ । चालु आ.व.मा २५०० अप्रेन्टिशिपहरुको लागि निजी क्षेत्रसंग सम्झौता भई प्रशिक्षण शुरु हुने क्रममा रहेको जानकारी लघु, घरेलु तथा साना उद्योग प्रबर्धन केन्द्रबाट प्राप्त भएको छ । यद्यपि कार्यक्रमको कार्यान्वयनको नतिजा र प्रभावकारीता आगामी वर्षमा मात्र आउने देखिन्छ ।

३ कार्यक्रम सञ्चालनमा देखिएका समस्या

नेपाल सरकारले पटक–पटक बजेट वक्तव्य मार्फत कार्यक्रम घोषणा र बजेटको व्यवस्थापन गरे तापनि हालसम्म यथार्थमा कार्यान्वयनमा आउन सकेको छैन । विभिन्न शिक्षण संस्थाहरुबाट अप्रेन्टिशिप, ईन्टर्नशिप र रोजगारीमा आधारित तालिम (on the Job Training) जस्ता विभिन्न कार्यक्रमहरु सञ्चालित भए तापनि पूर्ण रुपमा रोजगारीको ग्यारेन्टी हुन नसक्नु, निजी क्षेत्रलाई आवश्यक जनशक्तिको क्षेत्रगत आवश्यकताको पहिचान र विश्लेषण गरी कार्यक्रम सञ्चालन गर्न नसक्नु, प्रशिक्षण प्राप्त जनशक्तिको रोजगारीको ग्यारेन्टी गर्न निजी क्षेत्र हिच्किचाएको अवस्था, निजी क्षेत्रको व्यवसायिक लागत समेत घटि Doing Business Environment सुधार हुने आपेक्षाकासाथ निजी क्षेत्रको हितमा ल्याईएको कार्यक्रम भए तापनि निजी क्षेत्रले त्यति उत्साह नदेखाएको अवस्था आदि समस्याले गर्दा अझै पनि यो कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन हुने कुरामा प्रवर्धन केन्द्र ढुक्क हुन सकेको देखिदैन ।

४ कार्यक्रमको आवश्यकता

वेरोजगार जनशक्तिको संख्या र उद्योग प्रतिष्ठानमा आवश्यक जनशक्तिको विचमा सामञ्जस्यता कायम हुन सकेको छैन् । रोजगारीको अभावमा नेपालको श्रमशक्ति विदेशिन वाध्य छन् भने उद्योग प्रतिष्ठान दक्ष जनशक्तिको अभावमा विदेशवाट सीपयुक्त जनशक्ति आपूर्ति गर्नुपर्ने अवस्थामा पुगेका छन् । देशभित्रका श्रमयोग्य जनशक्तिलाइ स्वदेशमा नै सीप र रोजगारीको अवसर प्रदान गर्ने उद्देश्यवाट प्रस्ताव गरिएको प्रस्तावित नीति राष्ट्रिय अर्थतन्त्र सवल र सक्षम वनाउने माध्यम हो । सीप, दक्षता, कौशल, रोजगारी र उद्यमशिलता विकास गराउन सहयोगी प्रस्तावित नीति देहायका कारणले नेपालको अर्थतन्त्रको सवलीकरणको लागि जरुरी छ ।

क. स्वदेशमा उपलव्ध जनशक्तिको उच्चतम परिचालन गरी उत्पादकत्व अभिवृद्धि गर्न,

ख. स्वदेशमा उपलव्ध रोजगारीका अवसरमा स्वदेशी जनशक्तिको पहुँच र प्रयोग वढाउन,

ग. सीप अभिवृद्धिको माध्यमवाट जनशक्तिको आय आर्जन क्षमता एवम् मूल्य अभिवृद्धि गर्न,

घ. निजी क्षेत्रलाइ छोटो समयमा जनशक्ति आपूर्ति सुनिश्चित गर्न,

ङ. रोजगारी सृजनामा निजी क्षेत्रसंगको कार्यगत अन्तरसम्वन्ध वढाउन,

च. सीपयुक्त जनशक्ति विकासका लागि निजी क्षेत्रले गर्ने खर्चमा न्यूनीकरण भइ व्यावसायिक लागत घटाउन सहयोग पुऱ्याउन,

छ. स्वदेशी उद्योग धन्दा प्रति नागरिकको स्वामित्व अभिवृद्धि गर्न,

ज. जनशक्तिको पहिचान, प्रापित र विकासमा निजी क्षेत्रवाट हुने लगानीमा सरकारको पुरक सहयोग प्रदान गर्न,

झ. सार्वजनिक- निजी साझेदारीको असल अभ्यास कार्यान्वयनमा ल्याउन,

ञ. स्वदेशभित्र नै उत्पादन, उपभोग, वचत अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रको विकासमा सहयोग पुऱ्याउन ।

५ आगामी वजेटमा समावेश गर्नुपर्ने प्रस्तावित नीति

"स्वदेशमा नै सीपयुक्त जनशक्ति विकास गरी व्यापक रुपमा रोजगारीका अवसर सृजना गर्न उत्पादनशील क्षेत्रमा जनशक्ति न्यूनता पहिचान सर्वेक्षण सञ्चालन गरिनेछ । निजी क्षेत्रसंगको सहकार्यमा सञ्चालित कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम कार्यान्वियन कार्यविधि परिमार्जन गरी दक्ष जनशक्ति न्यून रहेको क्षेत्रमा आवश्यक पर्ने सीपयुक्त जनशक्ति विकास तथा आपूर्ति सुनिश्चित गरिनेछ । "

६. प्रस्तावित नीति कार्यान्वियनका लागि सञ्चालन गर्नुपर्ने क्रियाकलाप:

कार्यस्थलमा आधारित रोजगारमूलक कार्यक्रम विगतमा सञ्चालित कार्यक्रमको निरन्तरता हो । तथापी, विगतमा घोषणा गरिएको प्रस्तुत नीति प्रभावकारी रुपमा कार्यान्वियन नहुदाँ नीतिको नतिजा वा प्रभाव अनुभूतीयोग्य हुन सकेको छैन् । घोषित नीति कार्यान्वियनका लागि सञ्चालन गरिनुपर्ने क्रियाकलाप यकिन गर्न नसक्दा नीति कार्यान्वियनमा जटिलता देखिएको सन्दर्भमा आगामी आर्थिक वर्ष २०८१/८२ को वजेटमा प्रस्ताव गरिएको प्रस्तुत नीति कार्यान्वियनका लागि देहायका क्रियाकलाप सञ्चालन गर्नु जरुरी देखिन्छ ।

क. विगतमा घोषणा गरिएको कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम, जारी भएका कार्यविधि तथा सोको कार्यान्वयन अवस्था सिँहावलोकन गर्ने,

ख. दक्ष जनशक्तिको अभाव भएका क्षेत्र वा उद्यमको पहिचान गर्न जनशक्ति न्यूनतता सर्वेक्षण सञ्चालन गर्ने,

ग. कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम कार्यान्वयनको कार्यविधि संशोधन तथा परिमार्जन गर्न कार्यदल गठन गर्ने,

घ. निजी क्षेत्रसहितको सहभागितमा कार्यदलले देहायका विषय सहित कार्यान्वयनयोग्य कार्यविधि तर्जुमा गर्ने,

ब. निजी क्षेत्रका प्रतिष्ठानले कार्यक्रम कार्यान्वयन गर्दा सीप सहित रोजगारी उपलव्ध गराउनु पर्ने संख्या निर्धारणको आधार,

द. प्रतिष्ठानले न्यूनतम रुपमा रोजगारी उपलव्ध गराउनु पर्ने संख्या, अवधि र प्राप्त गर्ने सुविधा,

अ. कार्यक्रम कार्यान्वयनमा नेपाल सरकारले सम्पादन गर्नुपर्ने कार्य र निर्वाह गर्नुपर्ने दायित्व,

म. सीपयुक्त जनशक्तिको सेवाको सुरक्षा तथा प्राप्त हुने सेवा सुविधा,

भ. कार्यक्रम सञ्चालनमा नेपाल सरकारको दायित्व र निजी क्षेत्रका प्रतिष्ठानकव भूमिका, जिम्मेवारी र दायित्व ।

ङ. कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्ने,

च. कार्यविधि वमोजिम सञ्चालित कार्यक्रमको अर्धवार्षिक समीक्षा गरी कार्यक्रम कार्यान्वयनको विधि, छनौट विधिमा सामयिक परिमार्जन तथा सुधार गर्ने ।

नीति : १०

निर्यात उद्योग र आयातको लागि प्रवाह हुने बैंक कर्जा बीच फरक ब्याजदर व्यवस्थाका सम्बन्धमा

१ पृष्ठभूमि

नेपालको वस्तु निर्यात अनुपात निरन्तर ओरालो लाग्दै आएको छ भने वस्तु आयात निरन्तर माथि गइरहेको छ । उदाहरणको लागि सन् १९९९ मा नेपालको कुल गार्हस्थ्य उत्पादनसँग वस्तु निर्यातको अनुपात १३.१ प्रतिशत थियो भने वस्तु आयातको अनुपात २८.६ प्रतिशत थियो । सन् २०२१/२२ मा वस्तु निर्यातको अनुपात ४.१ प्रतिशतमा झर्‍यो भने वस्तु आयात ३८.९ प्रतिशतमा उक्ल्यो । फलस्वरुप, वस्तु व्यापार घाटाको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात १५.५ प्रतिशत रहेकोमा सन २०२१/२२ मा ३४.९ प्रतिशत पुग्यो ।

नेपालको कुल वस्तु निर्यात मात्र होइन सेवा निर्यातको अवस्था पनि राम्रो रहन सकेको छैन । वस्तु निर्यात मुलुकको कृषि र उत्पादनमुलक उद्योगको अवस्थासँग जोडिएको हुन्छ । नेपालमा कृषि र उत्पादनमूलक उद्योग को स्थिति पनि राम्रो रहन सकेको छैन । कृषि र उत्पादनमूलक उद्योगको अवस्था राम्रो रहँदा मुलुकको वस्तु निर्यातको स्थिति पनि राम्रो रहने हुन्छ र यसले समग्र अर्थतन्त्रलाई विस्तार गर्ने संभावना राख्छ ।

सेवा निर्यातको सन्दर्भमा नेपालको पर्यटन सम्भावना भएको क्षेत्र हो । पछिल्लो समय डिजिटल सेवा पनि नेपालको उदाउँदो क्षेत्रको रूपमा विकसित भइरहेको छ । तर यी दुवै क्षेत्र विश्व बजारमा बलियोसँग जोडिन सकेका छैनन् । साना तथा मझौला पर्यटन व्यवसायी र डिजिटल सेवा निर्यात गर्ने व्यवसायीहरूको एकातिर सहज वित्तीय पहुँच छैन भने अर्कोतर्फ बैंकको ब्याजदरमा पनि सहुलियतको व्यवस्था छैन । किसान तथा कृषि उपज निर्यातकर्ताहरूको पनि त्यही अवस्था हो । मुलुकले यति ठूलो परिमाणमा व्यापार घाटा व्यहोर्नु परेको अवस्थामा पनि बैंक ब्याजदरको हकमा निर्यातकर्ता र आर्यातकर्ता बीच कुनै फरक नगरिएको गुनासो निर्यातकर्ताहरूको रहेको छ । यही कारणले पनि अलैंची, अदुवा, चिया तथा जडिबुटी जस्ता कतिपय कृषिजन्य वस्तुहरूको राम्रो संभावना रहँदा रहदै पनि तेस्रो मुलुकहरुमा प्रत्यक्ष रुपमा निकासी हुन सकेको छैन । नेपालले यी वस्तुहरु तेस्रो मुलुकमा निर्यात गर्न सकेको भए निर्यातको मूल्य उच्च हुन्थ्यो र ती वस्तुहरूको निर्यात तथा कृषि व्यवसाय पोसाउने अवस्थामा पुग्थ्यो । यही तथ्यलाई दृष्टिगत गरेर नेपालका निकासीकर्ताहरुले सहुलियतपूर्ण कर्जाको माग गरिरहेका छन् ।

२ नीतिगत सुधारको विषय वस्तु र समस्या

निर्यात उद्योग र आयातको लागि प्रवाह हुने बैंक कर्जा बीच फरक ब्याजदर व्यवस्थाको माग हुदै आएको छ । फरक ब्याजदरको व्यवस्थाले निर्यातकर्ताहरुलाई उत्प्रेरणा मिल्ने, आन्तरिक उत्पादन बढने, स्वदेश भित्र रोजगारीका अवसरहरु सिर्जना हुने र नेपाली निर्यात विश्व बजारमा प्रतिस्पर्धी हुन गई मुलुकको विदेशी मुद्रा आर्जनमा बढोत्तरी हुने तर्क आउने गरेको छ ।

वस्तु तथा सेवा निर्यातमा सहुलियत दिनु तथा निर्यात प्रर्वद्धन गर्न यस प्रकारको रणनीति अवलम्बन गर्नु नराम्रो होइन । निर्यात नगद अनुदान जस्ता कतिपय यस प्रकारका नीति तथा रणनीति राज्यले अवलम्बन पनि गरेको छ । यहि सन्दर्भमा निर्यातकर्ताहरुलाई ब्याजदरमा सहुलियत दिनुपर्ने कुरा उठिरहेको छ । तर ब्याजदरको नीति पछिल्लो समय पेचिलो बन्दै गएको छ ।

२०४६ भदौ १५ देखि नेपाल राष्ट्र बैंकले, बैंक तथा वित्तीय संस्थाहरुले निक्षेपमा दिने र कर्जामा लिने ब्याजदर निर्धारण प्रक्रिया बजारलाई नै छोडने नीति लिइएको छ । नेपाली अर्थतन्त्रलाई खुल्ला गर्दै जाने, निजी क्षेत्रको विकास गर्ने र

नेपाली अर्थतन्त्रलाई पनि विश्व अर्थतन्त्रसँग क्रमश आबद्ध गर्दै लैजाने उदार आर्थिक नीतिसँग तादम्य हुनेगरी वित्तीय क्षेत्रको उदारीकरणको क्रममा ब्याजदर निर्धारण बजारलाई छोडिएको हो ।

वित्तीय क्षेत्रमा प्रतिस्पर्धाको वातावरण बनोस् भन्ने उद्देश्य राखी नेपाल राष्ट्र बैंकले २०४६ साल देखि वित्तीय क्षेत्रको विनियमन (deregulate) गर्ने नीति अख्तियार गर्दै आएको हो । २०४६ सालदेखि अवलम्बन गर्दै आएको उदार वित्तीय नीति उल्टाएको सन्देश जाने भएकोले पनि ब्याजदर निर्धारणमा प्रत्यक्ष हस्तक्षेप नगर्ने नीति राष्ट्र बैंकले लिँदै आएको छ । बजारले काम गरोस्, बजार असफल नहोस् भन्ने चाहना राष्ट्र बैंकको रहेको देखिन्छ । यही पृष्ठभूमिमा पछिल्लो समय वाणिज्य बैंकहरूको छाता संगठन नेपाल बैंकर्स संघ ले निक्षेपको ब्याजदर तोक्दै आएको छ । स्मरण रहोस् २०४६ पछिको लामो समयसम्म बैंक तथा वित्तीय संस्थाहरुले स्वतन्त्र पूर्वक आफै ब्याजदर निर्धारण गर्थे । ब्याजदरमा बैंक तथा वित्तीय संस्थाहरुले प्रतिष्पर्धा गर्थे र त्यो अभ्यासमा नेपाल थियो ।

एकातिर उदार वित्तीय क्षेत्र नीतिबाट नेपाल पछि हटेको सन्देश दिन नचाहने अर्कोतर्फ संघरसंगठनहरुले ब्याजदर तोक्नु पर्ने बाध्यात्मक स्थितिमा नेपाल गुज्रिरहेको अवस्था छ । त्यसैगरी एकातिर प्रत्यक्षरुपमा निक्षेप तथा कर्जाको ब्याजदर तोक्ने मनस्थितिमा राष्ट्र बैंक नरहेको देखिन्छ भने अर्कोतर्फ बैंक तथा वित्तीय संस्थाहरुलाई स्वतन्त्रपूर्वक ब्याजदर निर्धारण गर्न दिने परिस्थिति राष्ट्र बैंकले अनुभूत नगरेको अवस्था छ । यस्तो अवस्थामा निर्यात उद्योग र आयातको लागि प्रवाह हुने बैंक कर्जा बीच फरक ब्याजदरको व्यवस्था कसरी गर्ने भन्ने बारे नेपालमा नीतिगत अलमलको समस्या देखिन्छ ।

त्यस्तैगरी निर्यात उद्योगलाई फरक ब्याजदरको व्यवस्था राष्ट्र बैंकले गर्ने वा नेपाल सरकारले गर्ने भन्नेमा द्विविधाको समस्या देखिन्छ । राष्ट्र बैंकले यस प्रकारको व्यवस्था प्रत्यक्ष रुपमा गर्दा एकातिर उदार वित्तीय क्षेत्र नीति उल्टयाएको आरोप लाग्ने अवस्था रहन्छ भने अर्कोतर्फ यो व्यवस्था गर्दा राष्ट्र बैंक सरकारले गर्नुपर्ने काम क्वाजाई फिस्कल कारोबार (Quasi Fiscal Operation) मा संलग्न भएको आरोप खेप्नु पर्ने समस्या देखिन्छ ।

३ विद्यमान नीतिगत व्यवस्था

नेपाल राष्ट्र बैंकले ब्याजदर निर्धारणमा बजारलाई २०४६ भदौ १५ देखि पूर्ण स्वतन्त्रता दिएको माथि उल्लेख भइसकेको छ । यसको उद्देश्य ब्याजदर निर्धारणमा बैंक तथा वित्तीय संस्थाहरुमा प्रतिस्पर्धा होस् भन्ने थियो । प्रतिस्पर्धाको क्रममा निक्षेपकर्ताहरुले बढी ब्याज पाउन् र बैंक ऋणीहरुले सस्तो ब्याजदरमा कर्जा पाउन् भन्ने थियो । फलस्वरुप ब्याजदर स्प्रेड (कर्जामा लिने ब्याजदर र निक्षेपमा दिने ब्याजदरको अन्तर) कम हुन्छ भन्ने थियो । स्प्रेड, बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय मध्यस्थता लागत (Financial Intermediation Cost) को द्योतक पनि हो । वित्तीय मध्यस्थता लागत घटनु भनेको बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्रोत परिचालन कुशलता मा सुधार आउनु हो । यस्तो भएमा सबै पक्षले लाभ पाउने स्थिति हुन्छ ।

ब्याजदर निर्धारण बजारलाई छोड्ने नीति लिएपछि स्प्रेड घटनुको सट्टा बढ्न थाल्यो । त्यसपछि नेपाल राष्ट्र बैंकले बजार ब्याजदरमा अप्रत्यक्ष रुपमा हस्तक्षेप गर्ने नीति लियो । यहि क्रममा नेपाल राष्ट्र बैंकले २०५० भदौ ६ मा स्प्रेड सीमा ६ प्रतिशत तोक्यो ।

बैंकहरूका ऋणीलाई लाभ पुगोस भन्ने उद्देश्य राखी नेपाल राष्ट्र बैंकले स्प्रेडको सीमा २०५५ साउन १ मा ५ प्रतिशतमा झार्‍यो । स्प्रेडको गणना विधि भारित औसत कर्जादर र भारित औसत निक्षेपदर बीचको अन्तर यथावत राखिएको थियो ।

२०७९ चैत महिना सम्म वाणिज्य बैंकहरुले औसत ब्याजदर अन्तर (Spread) ४.२ प्रतिशत झारिसक्नुपर्ने छ भने २०८० असार महिना सम्ममा ४.० प्रतिशत भित्र कायम गर्नुपर्ने व्यवस्था गरिएको छ । तर वाणिज्य बैंकहरूको औसत ब्याजदर अन्तर २०७९ चैत महिनामा ४.५८ प्रतिशत कायम रहेको थियो ।

नेपाल राष्ट्र बैंकले निक्षेपको ब्याजदर तथा गणना विधि बैंक तथा वित्तीय संस्थाहरुले आफैंले निर्धारण गर्न सक्ने एकीकृत निर्देशनमा उल्लेख गरे तापनि निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा अघिल्लो महिना प्रकाशन गरेको अधिकतम ब्याजदरको औसत तथा न्यूनतम ब्याजदर (कल निक्षेप वाहेक) को औसतमा बढीमा १० प्रतिशतले मात्र परिवर्तन गर्न सक्ने व्यवस्था गरेको छ । यो ब्याजदर निर्धारणमा हस्तक्षेप नै हो ।

त्यसैगरी राष्ट्र बैंकले संस्थागत मुद्दती निक्षेप (बोलकबोल समेत) मा प्रदान गरिने अधिकतम ब्याजदर सर्वसाधारणलाई मुद्दती निक्षेपमा प्रदान गरिने अधिकतम ब्याजदर भन्दा कम्तीमा दुई प्रतिशत विन्दुले कम हुनुपर्ने व्यवस्था एकीकृत निर्देशन १५ (पेज ११५) मा गरेको छ । संस्थागत र सर्वसाधारणको मुद्दती निक्षेपदरमा राष्ट्र बैंकले हस्तक्षेप गरेर विभेद गर्न सक्छ भने निर्यात उद्योग र आयातको लागि प्रवाह हुने बैंक कर्जा बीच किन फरक ब्याजदरको व्यवस्था गर्न सक्दैन भन्ने प्रश्न निर्यातकर्ताहरुले उठाउने गरेका छन् ।

विप्रेषणलाई औपचारिक माध्यमबाट भित्राउन प्रोत्साहित गर्न विप्रेषणबाट आएको रकम बैंकमा निक्षेप (जम्मा) गरेमा १ प्रतिशत बिन्दु थप गरी ब्याजदर प्रदान गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको सन्दर्भमा निर्यात उद्योगलाई आयात कर्जा भन्दा कम ब्याजदर किन निर्धारण गर्न सकिँदैन भन्ने प्रश्न उठने गरेको छ ।

राष्ट्र बैंकले कर्जा तथा सापटको ब्याजदर निर्धारण गर्दा आधार दर (Base Rate) सँग आवद्ध गर्नुपर्ने व्यवस्था एकीकृत निर्देशनमा उल्लेख गरेको छ । कुनै पनि कर्जा आधारदर भन्दा कम ब्याजदरमा प्रवाह गर्न नपाइने व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाले लघुवित्त वित्तीय संस्थालाई विपन्न वर्ग कर्जा अन्तर्गत थोक कर्जा प्रवाह गर्दा आधार दरमा २ प्रतिशत विन्दुसम्म मात्र प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्नुपर्ने व्यवस्था एकीकृत निर्देशनमा उल्लेख गरेको छ ।

त्यसैगरी निर्यातजन्य तथा शत प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग, हस्तकला तथा सीपमूलक व्यवसाय एवम् उद्यम व्यवसाय लगायत तोकिएका क्षेत्रमा प्रवाह हुने रु २ करोडसम्मको कर्जामा आधार दरमा अधिकतम २ प्रतिशत विन्दुसम्म प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्न पाउने व्यवस्था कार्यान्वयनमा ल्याइएको व्यहोरा आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा - बुँदा २०, पेज ३ र ४) मा उल्लेख छ । राष्ट्र बैंकको यस नीतिगत व्यवस्थाबाट रु २ करोडसम्म कर्जा उपयोग गर्ने निर्यातजन्य साना तथा मझौला उद्यम व्यवसायीहरुले आयातकर्ता भन्दा केही फरक ब्याजदर अर्थात सहुलियतपूर्ण कर्जा सुविधा उपयोग गरिरहेको देखिन्छ ।

२०४६ देखि ब्याजदर निर्धारण बजारलाई छोडिएको भए पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा राष्ट्र बैंकले हस्तक्षेप गर्दै आएको देखिन्छ । राष्ट्र बैंकले पुनरकर्जा कार्यविधि २०७७ (पाचौं संशोधन सहित) मा सहुलियतपूर्ण निर्यात पुनरकर्जाको व्यवस्था पनि गरेको छ । राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई प्रचलित बैंकदर (७.५ प्रतिशत) भन्दा ३ प्रतिशत कम ब्याजदरमा पुनरकर्जा रकम उपलब्ध गराउने नीतिगत व्यवस्था गरेको छ ।

तर यस प्रकारको ब्याजदरमा गरिने हस्तक्षेपलाई अन्तर्राष्ट्रिय असल अभ्यासको रुपमा लिइन्न । अन्तर्राष्ट्रिय मुद्रा कोषले यसप्रकारको हस्तक्षेप राष्ट्र बैंकले गर्नुहुँदैन भन्ने सल्लाह दिँदै आएको छ । अर्कोतर्फ केन्द्रीय बैंकले क्वाजाई फिस्कल कारोबार गर्नु हुँदैन भन्ने मान्यता रहँदै आएको छ । तसर्थ यस प्रकारको राष्ट्र बैंकको हस्तक्षेप दिगो रहन सक्दैन ।

कुनै क्षेत्र विशेष राहत दिने हो भने सरकारले वित्त नीति मार्फत दिनुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहँदै आएको छ । यही पृष्ठभूमिमा नेपाल सरकारले तोकिएको १० वटा शीर्षकमा प्रवाह हुने बैंक कर्जामा (साधारणतया ५ प्रतिशत तथा महिलाको लागि ६ प्रतिशत) ब्याज अनुदान दिने व्यवस्था गरेको छ र विगत केही वर्षयता लागू गरिएको सहुलियतपूर्ण कर्जा कार्यक्रममा तोकिएका १० वटा शिर्षक अन्तर्गत प्रवाह हुने बैंक कर्जा भित्र निर्यात उद्योगलाई समेटिएको देखिँदैन ।

४ नीतिगत विकल्प

निर्यात उद्योगलाई सहुलियतपूर्ण ब्याजदरमा बैंक कर्जा उपलब्ध गराउने सम्बन्धमा चार विकल्पहरूको बारेमा चर्चा गर्न सकिन्छ ।

- सहुलियतपूर्ण ब्याजमा पुनरकर्जा सुविधाको निरन्तरता,
- निर्यात उद्योगको लागि सहुलियतपूर्ण फरक ब्याजदर राष्ट्र बैंकले सिधै तोक्ने,
- नेपाल सरकारले निर्यात उद्योगलाई ब्याज अनुदान दिने व्यवस्था गर्ने र
- निर्यात-आयात बैंक स्थापना गरी निर्यात उधोगलाई फरक ब्याजदर सुविधाको व्यवस्था गर्ने ।

नेपाल राष्ट्र बैंकले पुनरकर्जा सुविधाको लागि वर्गीकरण गरिएका चार क्षेत्रहरूमध्ये निर्यात पुनरकर्जा पनि समावेश गरिएको माथि उल्लेख भइसकेको छ । स्थानीय श्रम, सीप तथा कच्चा पदार्थ उपयोग गर्दै विदेश निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने निर्यातमूलक उद्योगहरूको लागि प्रवाह भएको पुनरकर्जालाई निर्यात पुनरकर्जा मानिने व्यहोरा पुनरकर्जा कार्यविधि, २०७७ मा उल्लेख छ । राष्ट्र बैंकले बैंकदर (हाल ७.५ प्रतिशत) भन्दा ३ प्रतिशत विन्दु कम ब्याजदरमा बैंक तथा वित्तीय संस्थाहरुलाई पुनरकर्जा उपलब्ध गराउने र बैंक तथा वित्तीय संस्थाहरुले यो सुविधा अन्तर्गत कर्जा उपलब्ध गराउँदा राष्ट्र बैंकले लिने ब्याजदर (Refinancing rate ७.५-३.०=४.५ प्रतिशत) मा बढीमा २ प्रतिशत बिन्दु थप गरेर सम्बन्धित बैंक तथा वित्तीय संस्थाले ऋणीहरुसंग (४.५+२=६.५ प्रतिशत) ब्याज लिन सक्ने सो कार्यविधिमा उल्लेख छ। यो पुनरकर्जा सुविधा उपयोग गर्ने निर्यात उद्योग व्यवसायीहरुले प्रचलित बैंकदर (७.५ प्रतिशत) भन्दा बढी ब्याज तिर्न नपर्ने सुविधालाई निरन्तरता दिनु पर्छ । पुनरकर्जादर अझै घटाउने र निर्यात उद्योगलाई थप राहत दिने व्यवस्था पनि गर्न सकिन्छ ।

राष्ट्र बैंकले निर्यात उद्योगलाई सिधै फरक तथा सहुलियतपूर्ण ब्याजदर तोक्ने दोस्रो विकल्प बारे चर्चा गर्न सकिन्छ । संस्थागत मुद्दती निक्षेपमा प्रदान गरिने अधिकतम ब्याजदर सर्वसाधारणलाई मुद्दती निक्षेपमा प्रदान गरिने अधिकतम ब्याजदर भन्दा कम्तीमा २ प्रतिशत विन्दुले कम हुनुपर्ने व्यवस्था भए झै आयात कर्जामा लिइने ब्याजदर भन्दा एक निश्चित प्रतिशत विन्दुले कम हुने गरी निर्यात कर्जाको ब्याजदरको व्यवस्था एउटा विकल्प हुन सक्छ। तर यो विकल्प कार्यान्वयन गर्न त्यति सजिलो छैन । अन्य क्षेत्रले पनि यो सुविधाको माग गर्न सक्छन् । यस प्रकारको राष्ट्र बैंकको ब्याजदर निर्धारणमा प्रत्यक्ष हस्तक्षेपले ब्याजदर थप विकृत तथा विसंगतिपूर्ण हुन जान सक्छ । दातृ निकायहरूले सरकारलाई ब्याजदर निर्धारणमा प्रत्यक्ष हस्तक्षेप नगर्न र ब्याजदर निर्धारण बजारलाई नै छोडिदिन दबाब दिन सक्छन ।

तेस्रो विकल्प नेपाल सरकारले हाल व्यवस्था गरेको सहुलियतपूर्ण कर्जाका १० शीर्षकहरुमा निर्यात उद्योग शीर्षक थप गरेर निर्यात उद्योगलाई ब्याज अनुदान दिने व्यवस्था हुन सक्छ। यो विकल्प सबै भन्दा राम्रो विकल्प हुन सक्छ। ब्याज सहुलियत दिने काम सरकारको हो, केन्द्रीय बैंकको होइन भन्ने विश्वव्यापी मान्यता रहँदै आएको छ । क्वाजाइ वित्त सुविधा (Quasi Fiscal Facility) केन्द्रीय बैंकले दिनु हुँदैन र यस्तो कार्यबाट टाढै रहनु पर्छ भन्ने मान्यता पनि छ ।

चौथो विकल्प निर्यात-आयात बैंक (Export-Import Bank of Nepal) स्थापना गरी निर्यात उद्योगलाई आवश्यक पर्ने कच्चापदार्थ आयात समेतको लागि फरक तथा सहुलियतपूर्ण ब्याजदर सुविधा दिने व्यवस्था मध्यम तथा दीर्घकालीन विकल्प हुनसक्छ । भारतले Export-Import Bank of India स्थापना गरी साना तथा मझौला निर्यातजन्य उद्योगलाई सहुलियतपूर्ण बैंकिंग सेवा उपलब्ध गराउने व्यवस्था गरेको छ। त्यसैगरी चीन लगायत कतिपय मुलुकहरुमा निर्यात-आयात बैंक स्थापना गरी निर्यात उद्योगलाई राहत दिने काम भइरहेको छ ।

५ विकल्पहरूको लागत

माथि उल्लेखित चार विकल्पहरुमध्ये तेस्रो विकल्प र चौथो विकल्पहरूको वित्तीय लागत सरकारले बजेट मार्फत व्यहोर्नु पर्ने हुन्छ । निर्यात उद्योगलाई ब्याज अनुदानको व्यवस्था गर्न नेपाल सरकारले बजेट विनियोजन गर्नुपर्ने हुन्छ । आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान प्रदान गर्न रु. १३ अर्ब ५९ करोड रकम विनियोजन गरिएको उल्लेख छ (पेज ६७, बुंदा ३१८) ।

२०७९ चैत्र मसान्तसम्म सहुलियत कर्जा रु. २०५ अर्ब रहेको थियो । ब्याज अनुदान दिइएको बैंक कर्जाको रकम यहि हो । आर्थिक वर्ष २०७८/७९ मा नेपालको कुल वस्तु निर्यात रु. २०० अर्ब रहेको थियो भने आर्थिक वर्ष २०७९/८० को पहिलो नौ महिना (२०७९ चैत्र मसान्त सम्म) मा रु. ११८ अर्ब रहेको राष्ट्र बैंकको Direction of Foreign Trade तथ्याङ्क तालिकामा उल्लेख छ । पुरै वस्तु निर्यातलाई हाल कार्यान्वयनमा रहेको सहुलियतपूर्ण कर्जा कार्यक्रममा राख्ने हो भने हाल विनियोजन गरिएको ब्याज अनुदान हाराहारी ब्याज व्यय लागत लाग्ने देखिन्छ ।

निर्यात-आयात बैंक नेपाल सरकारले निजी क्षेत्रको पूँजी सहभागितामा खोल्न सक्छ । यस्तो बैंक रु २० अर्ब पूँजीको खोल्ने हो र सरकारले २५ देखि ५० प्रतिशत पूँजी सहभागिता गर्ने हो भने तदअनुरुप बजेट विनियोजन गर्नुपर्ने हुन्छ ।

राष्ट्र बैंकले पुनरकर्जा मार्फत निर्यात उद्योगलाई फरक ब्याजदरको सुविधा दिंदा मुद्रा निष्कासन बढ्ने र यस प्रकारको मुद्रा निष्कासनको प्रभावस्वरुप मुलुकले संभावित मुद्रास्फिति र शोधनान्तरमा चाप सम्बन्धी लागत व्यहोर्नु पर्ने हुन्छ ।

बैंकहरुलाई पनि प्रत्यक्ष रुपमा हस्तक्षेप गरी फरक ब्याजदर निर्धारण गर्न लगाउने हो भने बजार ब्याजदर संरचनामा विसंगति आउन सक्छ र अर्थतन्त्रले अदक्षता (Inefficiency) को लागत व्यहोर्नु पर्ने हुन्छ ।

६ अर्थतन्त्रमा प्रभाव

निर्यात उद्योगलाई फरक ब्याजदरको व्यवस्था गर्दा निर्यातजन्य वस्तुको उत्पादन तथा निर्यात बढन सक्छ । विदेशी मुद्रा आर्जनको स्रोतमा बिस्तार आउन सक्छ । रोजगारीका थप अवसरहरु सिर्जना हुनसक्छन् । नेपाल सरकारले निर्यातमा ८ प्रतिशतसम्मको नगद अनुदानको व्यवस्था गर्दा सिमेन्ट लगायत केही वस्तुहरूको निर्यात भारतमा भएको समाचार आएको थियो । तर पछिल्ला महिनाहरुमा अघिल्लो वर्षको तुलनामा समग्र निर्यात घटदै आएको छ ।

सहुलियतको आधारमा मात्र निर्यात दीर्घकालसम्म प्रोत्साहित हुन सक्दैन । सहुलियतका अतिरिक्त मुलुकमा लगानीको वातावरणमा सुधार ल्याउने कार्यमा ढिला गर्नुहुदैन ।

७ जोखिम न्यूनीकरण तथा जोखिम न्यूनीकरणका उपाय

प्रत्यक्ष हस्तक्षेप मार्फत निर्यात उद्योगको लागि फरक तथा सहुलियत ब्याजदरको व्यवस्था गर्दा बैंक तथा वित्तीय संस्थाहरु निर्यात उद्योगको लागि कर्जा प्रवाह गर्न निरुत्साहित हुन सक्छन् । फलस्वरूप, निर्यात उद्योगको वित्तीय पहुँच बिस्तारै घटने जोखिम बढ्न सक्छ ।

अर्कातर्फ निर्यात उद्योगलाई सहुलियतपूर्ण फरक ब्याज दरको व्यवस्था गर्दा सस्तोमा पाएको कर्जा उत्पादनमा नगई घरजग्गा लगानीमा जाने र वित्तीय क्षेत्रको स्थायित्व जोखिममा पर्ने संभावना रहन्छ ।

तोकेर नै निर्यात उद्योग क्षेत्रलाई फरक ब्याजदरको व्यवस्था गर्दा बजार ब्याजदरले काम नगर्ने र स्रोतको प्रयोजन (Resource Allocation) प्रभावकारी नहुँदा समग्र आर्थिक वृद्धिमा नकारात्मक असर पार्ने जोखिम रहन्छ । सधै वित्तीय दमन (Financial Repression) को अवस्था रहनु हुदैन भन्ने Mckinnon–Shaw को मान्यता (Hypothesis) रहेको छ । वित्तीय दमनको कारण कतिपय मुलुकहरूमा वित्तीय क्षेत्र गतिशील हुन नसकेको वित्तीय साहित्यमा उल्लेख छ ।

माथि उल्लेखित जोखिम न्यूनीकरणको एउटा उपाय, फरक ब्याजको सुविधा नेपाल राष्ट्र बैंकको प्रत्यक्ष हस्तक्षेप मार्फत होइन नेपाल सरकारले सहुलियतपूर्ण कर्जा कार्यक्रमको माध्यमबाट गरिने व्यवस्था हुन सक्छ ।

दोस्रो उपाय, राष्ट्र बैंकले प्रदान गर्दै आएको पुनरकर्जा सुविधा केही समयसम्मको लागि जारी राख्ने हुन सक्छ । सधै पुनरकर्जा सुविधा दिने पनि होइन, केही कालको लागि मात्र दिने व्यवस्था हुँदा उल्लेखित जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

जोखिम न्यूनीकरण पनि हुने फरक ब्याजदरको व्यवस्था पनि गर्न सकिने सबैभन्दा राम्रो विकल्प निजी क्षेत्र तथा दातृ निकायको वित्तीय सहयोगमा एउटा डेडिकेटेड वित्तीय संस्था-एक्सपोर्ट-इम्पोर्ट बैंकको स्थापना हुन सक्छ । कृषि, पर्यटन तथा डिजिटल सेवा निर्यातलाई प्रवर्द्धन गर्न दीर्घकालीन सोचका साथ अन्य मुलुकको असल अभ्यासको रुपमा रहेको डेडिकेटेड एक्सपोर्ट-इम्पोर्ट बैंकको स्थापना लागि नेपाल सरकार तयार हुनु पर्छ र नीतिगत साहस गर्नुपर्छ ।

USAID Trade and Competitiveness
+977 01 4532339, 4532330, 4532331
info@tc-udhyamnepal.com
736/68, Narayan Gopal Road, Lazimpat-2,
Kathmandu, Nepal